# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०१

विवाद !
अ.ने.म. संघका मागहरु
र कुमारी प्रथा

## जनजातिहरु के चाहन्छन् ?
-बालकृष्ण माबुहाङ्ग

## के नेपालले WTO को सदस्य बन्नु उचित छ?

*विशेष अन्तर्क्रिया:*

## देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने उपाय के ?

नरहरि आचार्य
खगेन्द्र संग्रौला
दीपक ज्ञवाली




# कस्तो छ माओवादी क्षेत्रभित्रको जीवन ?

भीमान र सन्धिखर्क आक्रमणको तात्पर्य



पालो... अब नया पीढीको
विश्वप्रसिद्ध थाईल्याण्डको नं. १ चाउचाउ उत्पादक कम्पनी थाई प्रेसिडेण्ट फुड्स् पी.एल.सी.को प्राविधिक सुपरीवेक्षणमा उत्पादित मायोज तैयारी चाउचाउ गुणस्तरीयताप्रति सदैव प्रतिवद्ध छ ।
mayos
Instant Noodles
Mayos... Instant Satisfaction

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष– २०, पूर्णाङ्क– १०१
असोज– २०५९


**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुइँटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
श्याम खड्का
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी

**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क – ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np

मूल्य : रू. २५/-



## कस्तो छ माओवादी क्षेत्रभित्रको जीवन ?

६

सुर्खेत, दैलेख, कालिकोट, जुम्लाको *स्थलगत भ्रमणपछि विनोद ढुंगेल*

## भीमान र सन्धिखर्क आक्रमणको तात्पर्य



## वाम आन्दोलनमा अमेरिकी युद्धको असर

१६



## विवाद ! अ.ने.म. संघका मागहरू र कुमारी प्रथा

४०

## देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने उपाय के ?

विगत १२ वर्षमा कहाँ भयो गल्ती ? भन्ने महत्वपूर्ण विषयमा गतांकमा कृष्ण खनाल, कृष्ण हाछेथु, डा. पिताम्वर शर्मा र डा. महेश मास्केका गहन विचारहरू प्रस्तुत भएका थिए । ती विचारहरूमाथि बौद्धिक व्यक्तित्वहरू दीपक ज्ञवाली, खगेन्द्र संग्रौला र नरहरि आचार्य कसरी प्रतिक्रिया जनाउनुहुन्छ ? - विशेष अन्तर्क्रिया ।

२६

## 'मूल्याकन'को मूल्यबारे

गतांकदेखि हामीले 'मूल्यांकन'को मूल्यलाई रू. २०/- बाट बढाएर रू. २५/- गरेका छौं । चौतर्फी मूल्य वृद्धिको कारण गत वर्ष नै हामी यो निर्णय लिनुपर्ने स्थितिमा पुगेका थियौं । तर सकेसम्म पाठकहरूलाई बोझ नथप्ने प्रयत्न गरेर हामी यतिञ्जेल आयौं । यतिखेरसम्म आइपुग्दा हाम्रो यो प्रयत्नलाई निरन्तरता दिन हामी नसक्ने भयौं । यसर्थ हाम्रो यो बाध्यतालाई हाम्रा सहृदयी पाठकहरूले बुझिदिनु हुनेछ भन्ने विनम्र आशा गरेका छौं ।

*- मूल्यांकन परिवार*

**हाम्रो मूल्यांकन :**
● अहिलेको चरम संकट समाधान गर्ने हो भने ३
**आवरण कथा :**
● कस्तो छ माओवादी क्षेत्रभित्रको जीवन ?
*- विनोद ढुंगेल* ६
● भीमान र सन्धिखर्क आक्रमणको तात्पर्य
*- श्याम श्रेष्ठ* १०
**अर्थतन्त्र :**
● नेपालको खस्किँदो वैदेशिक व्यापार
*- दीपेन्द्रबहादुर क्षेत्री* १३
● श्रीलंकाको फलदाइि वार्ता : नेपालका लागि नजीर
**घटना र प्रवृत्ति :**
● अन्ततः आयोगद्वारा कांग्रेसको फूटलाई गहिन्याउने निर्णय १५
● किन पशुपति क्षेत्र भत्काइँदैछ ?
*- वसन्त महर्जन* ४५
**कम्युनिष्ट विश्व :**
● कस्तो छ वाम-आन्दोलनमा अमेरिकी युद्धको असर ?
*- राजेन्द्र महर्जन* १६
**बहस :**
● विश्व व्यापर संगठन : के नेपालले यसको सदस्य बन्नु उचित छ ?
*- अनिल भट्टराई* २०
**उत्पीडित चौतारी :**
● वर्तमान सन्दर्भमा नेपालका जनजातिहरु के चाहन्छन् ?
*- बालकृष्ण माबुहाङ* २२
**अन्तर्क्रिया :**
● देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने उपाय के ? २६
**आत्मकथा :**
● काभ्रेमा प्रचण्डहरुको संगठन प्रायः छँदै थिएन !
*- निर्मल लामा* ३८
**विज्ञान :**
● अब कृत्रिम हाड पनि बन्ने !
*- तुल्सीदास महर्जन* ३५
**नीति/संस्कृति :**
● विवाद ! अ.ने.म. संघका मागहरु र कुमारी प्रथा
*- हरिगोविन्द लुइँटेल* ४०
● कुमारीहरुको मानसिक विकासमा समस्या
*- लोचना शर्मा* ४१
**कविता :**
● किन चूप छ, यो देश ?
*- अमर गिरी* ४२
**किताब :**
● खुल्ला सिमाना होइन, व्यवस्थित सिमाना सुरक्षित हुने
*- हिरण्यलाल श्रेष्ठ* ४३
**पाठकको कुरो** ४६

आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४१००५९ । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ७७१४४८

◀ हाम्रो मूल्यांकन

देशको सामु तेर्सिएको गम्भीर परिस्थितिको सामना गर्न सबै प्रमुख राजनीतिक दलहरू पुनः एकताबद्ध भएका छन् । उनीहरूले माओवादी विद्रोहलाई अग्रगामी राजनीतिक निकास दिनका निम्ति महत्वपूर्ण राष्ट्रिय मुद्दामा जनमत संग्रह गर्न सकिने भन्ने प्रावधानलाई संविधान संशोधनद्वारा संविधानको अभिन्न अंग बनाउने सामूहिक अठोट पनि गरेका छन् । माओवादीसित वार्ता नगरी मौजुदा परिस्थितिमा स्वच्छ, निष्पक्ष चुनाव संभव छैन भन्ने निचोड पनि उनीहरूले निकालेका छन् । र, वार्ताको निम्ति सरकारलाई दवाब दिने कार्य पनि उनीहरूले गरिरहेका छन् । भाद्र महिनाको अन्त्य र असोज महिनाको प्रारम्भमा नेपालमा भइरहेको यो राजनीतिक विकास प्रशंसनीय र आम-जनताको निम्ति अत्यन्त उत्साहवर्द्धक कुरो भएको छ । स्मरणीय छ, यी विघटन गर्नासाथ त्यसको विरोध गर्दै सशक्त रूपमा यो माग उठाउन किन उचित ठानेन ? त्यतिबेला एमाले-कांग्रेस-माओवादीलगायत सारा पार्टीहरू एकजूट भएर संसद विघटनको विरूद्धमा र संसद पुनर्स्थापनाको लागि सशक्त संघर्ष चलाउन सकेको भए संसद पुनर्स्थापना गर्न बाध्य हुने स्थिति थियो कि थिएन ?

प्र.मं.द्वारा दुर्नियतवश गरिएको संसद विघटनको आँखा चिम्लेर स्वागत गर्ने र चुनावमा कुद्ने एमालेको सत्तान्ध प्रवृत्तिले गर्दा एउटा ठूलो मौका गुमेको छ र ठूलो गल्ती अवश्य भएको छ, परन्तु अहिले आएर एमालेले अरू पार्टीसित मिलेर स्वागतयोग्य काम गरेको छ । सबै महत्वपूर्ण राष्ट्रिय मुद्दामा संविधानको अभिन्न अंग हुने गरी जनमत संग्रह गर्न सकिने प्रावधान संविधानमा राख्नका निम्ति संविधान संशोधन जनताले हस्ताक्षर गरेर खास विषयमा जनमत संग्रह हुनुपर्छ भनेर माग गरेमा जनमत संग्रह हुनै पर्ने गर्नु बेश हुनसक्छ । अथवा संसदका सांसदहरूमध्ये ६६ प्रतिशतले माग गरेमा जनमत संग्रह गराउनुपर्ने व्यवस्था पनि गर्न सकिन्छ ।


जहाँसम्म यतिबेला संसद पुनर्स्थापनाको कुरा छ, त्यो चुनाव हुनै नसक्ने परिस्थितिमा सम्पूर्ण विपक्ष र सरकार यो सम्बन्धमा एक मतमा पुगेर पहल गरेमा मात्र संभव देखिन्छ । सम्पूर्ण विपक्षी दलहरूको आग्रहमा मन्त्री परिषदले यो आशयको प्रस्ताव पास गर्न सकेमा दरवारबाट यसो हुनु संभव हुनसक्छ । हामीलाई लाग्छ, राजनीतिक दलहरूले नागरिक सरकारलाई यसनिम्ति सहमत गराउन र नागरिक सरकारमार्फत् नै यो स्थिति सृजना गर्नुपर्छ, दवाब सिर्जना गर्ने कुरामा नै ध्यान दिनुपर्छ, धारा १२७ प्रयोग गर्नुपर्‍यो भनेर



*प्र.म. शेरबहादुर देउवा*



*ने.का. नेता गिरिजाप्रसाद कोइराला*



*एमाले नेता माधवकुमार नेपाल*



*राप्रपा नेता सूर्यबहादुर थापा*

# अहिलेको चरम संकट समाधान गर्ने हो भने

कदमहरू चालिनुपर्छ भन्ने विचार मूल्यांकनले आफ्नो श्रावणको अंकमा नै प्रस्तुत गरिसकेको हो । त्यतिबेलै तदारूकताका साथ यी कदमहरू चालिएको भए, सबै पार्टी एक ढिका भएर अहिलेजस्तै प्रतिनिधिसभा पुनर्स्थापनाको माग त्यतिबेलै गरिएको भए राष्ट्रिय राजनीति बेग्लै दिशातिर डोरिन्थ्यो । संभवत् अदालतलाई संविधान नै संशोधन हुने गरी गैर-सम्वैधानिक फैसला दिने हिम्मत नै हुन सक्दैनथ्यो । यस परिप्रेक्ष्यमा अहिले चालिएका कदमहरू चाल्न ज्यादै ढिलो अवश्य भएको छ, परन्तु ढिलो भए पनि राम्रो भएको छ ।

यो ढिलाइले गर्दा खालि एउटा प्रश्न चाहिँ मान्छेको दिलदिलमा उठिरहने भयो- यतिबेला आएर प्रतिनिधिसभाको पुनर्स्थापना गर्ने माग गर्नु उचित ठान्ने एमालेले गएको जेठमा संसद गर्न एमाले तयार हुनु र यसका लागि सबैलाई सहमत बनाउन पहलकदमीसमेत गर्नु ज्यादै राम्रो कुरा हो । यसमा सफलता मिलेमा नेपाली जनता वास्तविक अर्थमा धेरै हदसम्म सार्वभौम हुनेछन् । हतियार नउठाइकन शान्तिपूर्ण ढंगले पनि संविधानमा वाञ्छित परिवर्तन गर्न सकिने ढोका यसले सधैंको लागि खोल्न संभव छ । यो संवैधानिक सुधारबाट माओवादीले पनि आफूले अहिले खोजेको अग्रगामी राजनीतिक निकास भेट्टाउन सम्भव छ, किनकि यसो भएमा उसले भनेको विषयमा पनि त जनमत संग्रह आयोजना हुनु संभव हुन्छ ।

परन्तु खास विषयमा जनमत संग्रह हुनुपर्छ भन्ने कुरा चाहिं कसरी तय हुन्छ त ? यसको पनि मूर्त ढंगले व्यवस्था गरिनुपर्छ । यसको निम्ति स्वीट्जरल्याण्डभैं एक लाख वालिग दलहरू आफैं दरवार गुहार्न जाने कदापि होइन । त्योभन्दा उपयुक्त त निर्धारित मितिमा चुनाव गर्नु र त्यसअघि एक चरण सरकार-माओवादी वार्ता सम्पन्न गर्न मरिमेट्नु नै हुनेछ ।

माओवादीसित वार्ता हुन नसकेर नै चुनाव असंभव भएको हो । वार्ताको लागि यतिखेरको तात्कालिक आवश्यकता- सरकारको तर्फबाट माओवादीमाथि तोकिएको टाउकाको मूल्य र आतंककारीको बिल्ला फिर्ता लिंदै सार्वजनिक रूपमा सुरक्षाको प्रत्याभूतिसहित वार्ताको आह्वान गर्नु हो । यो आह्वान हुनेबित्तिकै माओवादीबाट युद्धविराम र सरकारबाट त्यसको सकारात्मक प्रत्युत्तर भएमा गृहयुद्धको वर्तमान सिलसिला बन्द हुनसक्छ । नत्र, टाउकाको ५० लाख मूल्य तोकिएका र आतंककारीको पगरी पाएका माओवादीहरू उनीहरूले चाहेर पनि वार्तामा कसरी

आउन सक्छन् ? तसर्थ, सम्पूर्ण पार्टीहरूले सरकारलाई अविलम्ब यस्तो सार्वजनिक आह्वान गर भनेर दवाब दिनु जरूरी भएको छ । यो सरकार त्यति पनि गर्न सक्दैन भने वार्ता कदापि हुनेवाला छैन र वार्ताकै निम्ति पनि अर्को सर्वदलीय अन्तरिम सरकार बनाउनु सिवाय दोस्रो विकल्प बाँकी रहँदैन । त्यो सरकारले निर्णय गरेर चुनावलाई ६ महिना पछि सारेर भए पनि पहिले माओवादीसित वार्ता गर्नु जरूरी छ, अनि मात्र प्रतिनिधिसभाको चुनाव ।

सरकारइतर सबै राजनैतिक दल र नागरिक समाजको बीच अग्रगमनका लागि दह्रो एकता नै यतिखेरको सर्वप्रमुख आवश्यकता हो । त्यो एकता छ, धेरै गाह्रो कुराहरू पनि प्राप्त गर्नु संभव छ, त्यो छैन, प्राप्त कुराहरू पनि असंभव हुन सक्छन् । दरवारबाट धारा-१२७ को दुरूपयोग हुन तब मात्र संभव छ, जब सरकारइतर पार्टीहरू विभाजित हुन्छन् । पार्टीहरू एक ढिका भएको स्थितिमा १२७ को दुरूपयोग गर्न धेरै गाह्रो हुनेछ ।

माओवादीसितको वार्ता पनि यतिबेला सर्वदलीय गोलमेच सम्मेलनका रूपमा हुनु उपयुक्त हुन्छ । चुनावी सरकारले, अन्यथा दीर्घकालीन र गम्भीर महत्वको नीति-निर्णय गर्न सक्दैन र गर्न मिल्दैन । सर्वदलीय राष्ट्रिय सहमतिबाट जनमत संग्रहको प्रावधान अहिले घोषणा-पत्र र पछि संसदबाट संविधानमा राख्ने सार्वजनिक प्रतिवद्धता पार्टीहरूले जाहेर गरेको खण्डमा र व्यापक आर्थिक-सामाजिक परिवर्तनको खाकासमेत बनेको खण्डमा अहिलेको संकटको अग्रगामी निकास निकाल्न संभव छ ।

यसका निम्ति माओवादीको तर्फबाट पनि भिन्न पार्टीका मान्छेको व्यक्तिहत्या, अपहरण र ध्वंशको वर्तमान सिलसिलामा कडाइपूर्वक बन्द गरिनु आवश्यक छ । माओवादीहरू अत्यन्त जिम्मेवार, जनमुखी र उनीहरूका नीतिहरू पूर्वानुमानयोग्य नभई युद्ध र वार्ता दुवै ठाउँमा उनीहरूले वाञ्छित सफलता कदापि हात पार्न सक्दैनन् । माओवादीले व्यापक जनसमर्थन र जनबलका आधारमा क्रान्तिकारी राजनीति गर्नसक्दा मात्रै संविधान सभा वा जनमत संग्रहको राजनीति सफल हुनसक्छ । केवल बन्दूकले पैदा गरेको भयका आधारमा सैन्यवादी बाटोबाट युद्ध, संविधान सभा वा जनमत संग्रहमा अग्रता प्राप्त गर्न असंभव हुनेछ । राजनीति जनमत संग्रह वा संविधान सभाको बोक्ने, काम चाहिँ आफ्नो पक्षमा भएको जनमत वा जनमसर्थन भाँडिने खालको मात्र गर्ने प्रवृत्ति भयो भने यो कालिदासले आफैं बसेको हाङ्गा काट्न थाले बरोबर हुनेछ । माओवादी अरू सबैभन्दा जिम्मेवार, जनमुखी र प्रगतिमुखी शक्ति हो भन्ने अनुभूति आम जनतामा हुनसक्दा नै अहिले देशमा पैदा भइरहेको नेतृत्वशून्यताको स्थितिबाट उसले फाइदा लिन सक्छ । परन्तु उसको ध्वंसात्मक व्यवहारबाट त्यस्तो अनुभूति आम जनतामा हुन सकिराखेको छैन । ❑

# श्रीलंकाको फलदायी वार्ता
## नेपालका लागि नजीर

**राज्यसत्ताद्वारा** जनतामाथि चरम दमन, निर्मम उत्पीडन र अमानवीय शोषण गरियो भने सशस्त्र विद्रोह हुँदोरहेछ र ती विद्रोहहरु साम्य पार्न अन्ततः अग्रगामी संवाद र सहमति नै जरुरी हुन्छ भन्ने तीतो र नांगो सत्य बुझ्न शासकहरुलाई कति वर्ष चाहिन्छ ? दश, बीस वा पचास वर्ष ? जातीय, भाषिक र सांस्कृतिक उत्पीडनजन्य हिंसात्मक आन्दोलनहरुको अन्तिम निकास भनेको वार्ताद्वारा गरिने न्यायपूर्ण सम्झौता हो भन्ने कटु यथार्थ थाहा पाउन कति हजार मानिसहरु लाश हुनुपर्छ ? पचास हजार, पचहत्तर हजार वा कति लाख ?

श्रीलंकाली शासक र तमिल विद्रोहीहरुले यो नांगो सत्य थाहा पाउन २० वर्षको समय र लगभग ६४ हजार मानिसहरुको ज्यानको मूल्य चुकाउनु पर्‍यो । नेपालका युद्धरत पक्षहरुले यो कटु यथार्थ बुझ्न त्यति नै समय र मानव-जीवन खर्च गर्नु भनेको मूर्खताको हद नाघ्नु हुन्छ भन्ने कुरा श्रीलंकाका युद्धरत पक्षहरुको पछिल्लो संवाद र समझदारीबाट सजिलै बुझ्न सकिन्छ ।



*राष्ट्रपति चन्द्रिका कुमारतुंगा र प्रधानमन्त्री रणील विक्रमसिंघे*



*लिट्टे प्रमुख प्रभाकरण र प्रमुख वार्ताकार एन्टोन बालासिंघम (बायाँ)*

शासकहरुद्वारा सन् १९५६ तिर बहुसंख्यक सिंहला भाषालाई राष्ट्रभाषाका रुपमा थोपरिएपछि जातीय, भाषिक र सांस्कृतिक उत्पीडनको शिकार भएका अल्पसंख्यक तमिलभाषीहरुले गरेको समानता र स्वाधीनताको मागप्रति सम्वेदनशीलता देखाइएको भए न लिट्टे (LITTE) जस्तो सशस्त्र लडाकु संगठन जन्मिन्थ्यो, न त तमिल इलम (तमिलभाषीहरुको स्वतन्त्र राज्य)को मागमा बीसौं वर्षसम्म हिंस्रक संघर्ष हुन्थ्यो । शासकहरुको जातीय अहंकारजन्य उत्पीडन र हिंसाको प्रतिक्रियास्वरुप जन्मिएको लिट्टेको दुई दशकभन्दा बेसी लामो हिंसात्मक संघर्षपछि नर्वेको मध्यस्थतामा श्रीलंका सरकार र लिट्टेबीच थाइल्याण्डमा भएको पहिलो चरणको वार्ताको क्रममा दुवैथरी युद्धरत पक्षहरु अलिअलि झुकेका छन् । रणिल विक्रम सिंघेको सरकारले लिट्टेमाथि लगाइराखिएको प्रतिबन्ध हटाउने र लिट्टेचाहिँ श्रीलंकाको उत्तरपूर्वी क्षेत्रमा तमिल इलम स्थापना गर्ने माग त्याग गरी स्थानीय तमिल र मुसलमानहरुका लागि एउटा स्वायत्त गृहक्षेत्र स्थापना गर्ने हदसम्म तल झरेको छ । लिट्टेले स्वायत्त गृहक्षेत्रको मागप्रति सरकार पहिलेजस्तै निर्ममतापूर्वक प्रस्तुत भएमा पुनः सशस्त्र संघर्ष थाल्ने चुनौती पनि दिएको छ ।

विगत ८ महिनादेखि चलिरहेको युद्धविरामको घोषणालाई व्यवस्थित र विस्तृत गर्नका लागि भएको 'थाइल्याण्ड शान्ति वार्ता'को मुख्य उपलब्धि भनेकै युद्धरत पक्षहरु नरम हुनु, समझदारीपूर्ण कुरा गर्नु र सम्झौताद्वारा युद्धको निकास खोज्ने प्रयत्न गर्नु हो । अहिले भएका सहमति र सम्झौताहरुप्रति दुवै पक्ष इमान्दार भइरहने र आगामी पुस-माघतिर हुने वार्ताद्वारा युद्धको न्यायपूर्ण समाधान निकाल्न गम्भीर रुपमा प्रयत्नशील हुने हुन् भने श्रीलंकाको फलदायी शान्तिवार्ता गृहयुद्धमा फँसिरहेको नेपाललगायत दक्षिण एशिया र संसारकै लागि उन्नत नजीर बन्नसक्छ ।

श्रीलंकाको शान्ति प्रयासले नेपालको माओवादी जनयुद्धको शान्तिपूर्ण अग्रगामी निकास खोज्ने प्रक्रिया र पद्धति निर्माण गर्न त सघाउँछ नै । यसका साथै जातीय, भाषिक र सांस्कृतिक उत्पीडनको कारणले दोस्रो दर्जाका नागरिकझैं बाँचिरहेका जाति, जनजाति र अनेपाली भाषीहरुको संघर्षको सही सम्बोधन र न्यायपूर्ण समाधानका लागि पनि यो प्रयास उपयोगी हुनेछ । श्रीलंकाबाट पाठ सिकेर अहिले नै जातीय, भाषिक र सांस्कृतिक उत्पीडन रोक्ने र त्यस्ता उत्पीडनजन्य समस्याहरुको न्यायपूर्ण हल निकाल्नु जरुरी छ । अन्यथा नेपालमा माओवादी जनयुद्धभन्दा खतरनाक जातीय युद्ध हुन बेर छैन भन्ने कुरा सबैले अहिले नै बुझ्नु श्रेयष्कर हुन्छ । श्रीलंकाले नेपाललाई दिएको यो पाठ धेरै नै ज्ञानगुणले भरिपूर्ण छ, सबलाई चेतना भया !

❑ रा.म.




*सुर्खेत, दैलेख, कालिकोट, जुम्लाको स्थलगत भ्रमणपछि*

# कस्तो छ माओवादी क्षेत्रभित्रको जीवन ?

विनोद ढुंगेल

**माओवादी** हाली-मुहाली चलेको भनिएको ४ वटा जिल्लामा साउनको पछिल्लो २ हप्तामा आफैं गएर हेर्ने अवसर मिल्यो ।

ती जिल्लामा हाल द्वैध शासन चलेको छ । प्रायः सदरमुकामहरूमा सरकारी शासन छ भने त्यसबाहेकका भू-भागमा माओवादी विद्रोहीहरूको 'राज' छ । सदरमुकाममा खुम्चिएको सरकारी शासन सीमित र जुनसुकै बेला पनि हुनसक्ने सम्भावित आक्रमणको खतराबाट त्रस्त छ । गाउँमा राज चलाएर बसेका माओवादी विद्रोहीहरू पनि जतिसुकै बेला पनि हुनसक्ने सरकारी हमलाको संभावित खतरा पालेर हिंडेका छन् । र, दोहोरो त्रासमा परेका छन् जनता, जो नयाँ मान्छेहरू देख्नेबित्तिकै सशंकित हुँदा रहेछन्, किनभने गाउँमा कतिबेला के अनिष्ट हुने हो, उनीहरूलाई त्रास छ ।

चिसापानीको कडा सुरक्षा जाँचपछि सुर्खेत हुँदै दैलेख, कालिकोट र ज्रुम्लासम्मको स्थिति हो यो । यी जिल्लाहरूमा सुरक्षाकर्मीहरू गस्तीको क्रममा मात्र गाउँ पस्ने गर्दा रहेछन् भने विद्रोही कार्यकर्ताहरू सरकारी सुरक्षाकर्मीहरू गस्ती जाँदामात्र गाउँबाट लाखापाखा लाग्दा रहेछन् । सीमित सूचना वा गलत सूचनाको आधारमा सरकारी सुरक्षा फौजले गाउँमा कारवाही गर्दोरहेछ भने त्यो कारवाहीको आधारमा माओवादी विद्रोहीहरूले पनि पुनः अर्को कारवाही गर्दारहेछन् वा सरकारी कारवाहीलाई राजनीतिक विषय बनाएर गाउँलेहरूमाँझ प्रस्तुत हुँदारहेछन् । गाउँमा सरकारको पहुँच जति कम छ, सदरमुकाममा पनि माओवादीहरूको पहुँच त्यति नै कम छ । तर, गाउँको सूचना प्राप्त गर्न सरकारलाई जति कठिन छ, माओवादीलाई सदरमुकामको सूचना प्राप्त गर्न त्यति कठिन छैन भन्ने सरकारी अधिकारीहरू नै ठान्छन् ।

## दुवैतिरबाट ज्यादती

कसैलाई कारवाही गर्नका लागि प्रमाण संकलन गर्नु वा निर्दोषिताको कोणबाट पनि हेर्नुलाई सरकारी सुरक्षाकर्मीहरू आफ्नो कर्तव्य ठान्दैनन् भने माओवादीका कार्यकर्ताहरूले के ठान्थे ? यद्यपि उनीहरू पनि 'जनता'को नाममा सशस्त्र संघर्ष गरिरहेका छन् र जनताप्रति सर्वाधिक जिम्मेवार भनेर स्वयंलाई दावी गरिरहेका छन् । तर, सरकारी सुरक्षाकर्मीहरूमा धैर्य र संयमको जति अभाव छ, विद्रोही कार्यकर्ताहरूमा गम्भीरता र सहिष्णुताको त्यत्तिकै अभाव प्रष्ट देखिन्छ । आवश्यक बौद्धिक र व्यवहारिक ज्ञानको अभाव खासगरी तल्लो तहका दुवै पक्षमा छ ।

यिनै अभावहरूकै कारण गत फागुन २७ गते सुर्खेतको साहारे गाविस- ९, पोखरेबजारमा शाही नेपाली सेनाको समूहले स्थानीय नन्दलाल पुन, मोतीसिंह बुढा, पहलबहादुर बुढा र काशीराम बुढा क्षेत्रीलाई गाउँकै छेउमा गोली हानी हत्या गरेका थिए । स्थानीय सर्वसाधारण ती युवाहरूलाई पसलबाट तानेर निकाली हत्या गरिएको जानकारी दिंदै सन्नाटा र त्रासको कारण भोलिपल्टसम्म गाउँलेहरूले लाश उठाउने हिम्मतसम्म गर्न नसकेको बताउँछन् । लाशको अन्तिम संस्कार गर्नुअघि पुऱ्याउनुपर्ने कानूनी विधिसम्म पनि पुऱ्याउने काम हुनसकेन । दुईवटा ट्रकमा त्यहाँ पुगेर तिनलाई मार्नुअघि सैनिकहरू करिव एक किलोमिटर टाढादेखि बन्दूक पड्काउँदै गएको स्थानीय एक शिक्षकले बताए । गाउँमा माओवादीले गेट बनाएको कारण सोही दिन मेहेलकुना-१ का करीब पचास जना स्थानीय बासिन्दा तथा व्यापारीहरूले पंक्तिवद्ध भएर सेनाको पिटाई खानु परेको उनीहरूले बताए ।

त्यसको करीब साढे तीन महिनापछि भूमिगत माओवादी पार्टीका कार्यकर्ताहरूले सोही गाउँमा पुऱ्याएर दुईजना सशस्त्र प्रहरी कर्मचारीको हत्या गरे । मैनटाडा गाविस ठूलो जात्री र सानो जात्रीका क्रमशः परशुराम विक र डिलबहादुर विक मारिनुको एउटै 'अपराध' देखे माओवादीले, त्यो हो- सशस्त्र प्रहरीमा जागीर खानु । उनीहरू सशस्त्र प्रहरीमा भर्ना भएपछि भर्खर तालिम पूरा गरेर गाउँमा मात्र पुगेका थिए, मारिनु परिहाल्यो । दुईटा लाशलाई पक्की सडकको दुई छेउमा आपसमा हेरेर सुतेको अवस्थामा गाउँकै बीचमा लडाएर माओवादी कार्यकर्ताले छोडेर हिंडेको स्थानीय बासिन्दाले जानकारी दिएका छन् ।

यस्ता मृत्यु श्रृंखलाहरूको एक एक चर्चा गरेर साध्य छैन । यी केही प्रतिनिधि घटनाहरू मात्र हुन् । दैलेखमा माओवादी जनअदालतमा तारेख बुझेर फर्किएकी काँशीकाँध गाविसकी लक्ष्मी दर्लामीलाई सरकारी सुरक्षाकर्मीले मारिसकेपछि 'अञ्जली नामकी आतंककारी'का

## राज्यविहीनता वा द्वैध शासन ?

रूपमा संचार माध्यमबाट प्रचार गरिएको थियो भने गिरफ्तारीको १५ दिनपछि बडलम्जी- ७, कोइराला गाउँमा पुऱ्याएर गत जेठ १९ गते बलात्कारपछि मारेर लक्ष्मी शर्मा रिजाललाई नाङ्गै छोडिएको थियो । उनीसँगै लक्ष्मी साही र विष्णु जैशी न्यौपानेलाई पनि मारेर फालिएको थियो । स्थानीय डाँडीमाडीका बासिन्दाहरूका अनुसार शर्मा एमालेकी संगठित कार्यकर्ता र शाही आठ कक्षामा अध्ययनरत एमाले समर्थक थिइन् । न्यौपाने भने माओवादीको राजीतिक कार्यकर्ता रहेको थाहा भएको छ तर उनी पनि हतियारधारी भने नरहेको गाउँलेहरूले बताए । त्यस्ता क्षेत्रका स्थानीय बासिन्दाहरूका अनुसार, गाउँकै छेउमा मार्ने तर कानूनी रीत नपुऱ्याई छोडेर हिंड्ने र त्यसपछि गाउँलेले नै डराई डराई खाल्डो खनेर गाड्ने जस्ता कामले गाउँलाई भयग्रस्त बनाइदिएका छन् ।

विद्रोही पक्ष पनि निर्मम भएर देखापरेको छ । कालिकोटका शिक्षकहरू सुकाटियाका राजबहादुर शाही, सिखानाका नवराज शर्मा, दाहाँका ऐनबहादुर शाही, मेहेलमुडीका दीपबहादुर बम, जुविथाका धीरेन्द्रबहादुर शाही, शेरीजुम्लाका अग्रबहादुर गिरी, सिउनाका कलेन्द्रबहादुर शाहीलाई मारेका कथाहरू कम कारूणिक छैनन् । यीमध्ये थिर्पू गाविसका १८ वर्षीय अस्थायी शिक्षक धीरेन्द्रबहादुरलाई 'सेनाको सुराकी' भएको आरोपमा अपहरण गरी ६ दिन राखेपछि भागेको अवस्थामा समातेर गत वैशाख ६ गते हत्या गरिएको थियो । उनका पिता तथा नेका कालिकोटका सचिव अम्बबहादुर शाहीका अनुसार, पसलमा लुकेर बसेको अवस्थामा समातेर लगी एक एकवटा हात र खुट्टा काटेपछि डोरीले घिसार्दै लगिएको थियो । 'उसैलाई खाल्डो खन्न लगाएछन् तर सकेनछ', अम्बबहादुर आँखाभरि आँशु पारेर भन्छन्- "त्यसपछि दुवै आँखा निकालेछन्, बाँकी एउटा खुट्टा काटेछन्, कम्मरमा पनि काटेछन् र अन्त्यमा घाँटी काटेर मारेछन् ।" छोराको लाश सदरमुकामसम्म ल्याएर दाहसंस्कार गर्नसम्म सहयोग नगरेकोमा उनी सरकारप्रति पनि आक्रोश व्यक्त गर्छन् ।

दैलेखका प्रमुख जिल्ला अधिकारी बाबुराम लामिछानेकै शब्दमा 'युद्ध भूमिको जस्तो त्रासमय वातावरण' शायद अधिकांश नेपालको चिनारी भइसकेको छ । 'छोरो मारिए पनि माओवादीको डरले उजुरी नदिने स्थिति छ ।' – राज्यविहिनताको स्थितिको चित्रण प्रजिअ लामिछानेको यो भनाइबाट थप पुष्टि हुन्छ- 'मान्छेले मान्छे भएर बाँचन नसक्ने विसंगत अवस्था छ ।' माओवादी धम्कीकै कारण कोही बोल्न नचाहने र प्रजिअ तथा जिल्ला प्रहरी प्रमुखलाई भेट्न जान कार्यालय प्रमुखहरूले नै संकोच मान्नुपर्ने अवस्था सुर्खेतमा समेत विद्यमान रहेको त्यहाँका प्रजिअ रामकृष्ण भूर्तेल बताउनुहुन्छ । यो अवस्थामा गाउँ गाउँका हत्याका सबै घटना प्रशासनको अभिलेखमा समेत नआइपुग्ने स्थिति छ भने कतिपय लाशहरू बेवारिस भएर सड्नेसमेत गरेका छन् । समग्रमा गाउँमा मृत्युको श्रृंखला निकै तीव्र भएको छ ।

यो अवस्थामा गाउँवासीहरूमा अनपेक्षित दबाव परेको छ । गाउँमा बस्नुभन्दा दुई छाक टार्न र ज्यान जोगाउन पलायन हुनेहरूको संख्या बेस्सरी बढेको छ । कतिपय अवस्थामा सरकारी सुरक्षाकर्मी र माओवादी विद्रोहीहरू दुवै पक्षले घरमा आगो नै लगाउने गरेका छन् भने माओवादीको डरले सुर्खेत, नेपालगंज, काठमाण्डौ, भारतका विभिन्न शहर वा वरपरका जिल्ला सदरमुकामहरूमा पलायन हुनेहरूको संख्या व्यापक छ । सरकारी अधिकारीहरूका अनुसार, कतिपय व्यक्तिहरू सपरिवार पलायन भएका छन् भने कतिपय जिल्ला सदरमुकाममा बसेका छन् । तर सदरमुकाममा बस्नेहरूलाई

**कालीकोटमा माओवादी प्रचार : सदरमुकाम मान्मको सीमावर्ती गाउँ दाहाँको एक स्कूलको प्रांगणमा भैरहेको माओवादी सभा** (फोटो : विनोद ढुंगेल)





*दैलेखबाट कालिकोट जिल्ला निस्कने व्याउलीको विकट उकालो चढ्दै लेखक*

सरकारले कुनै राहत नदिंदा छट्पटीमा परेको पीडितहरूको गुनासो छ ।

सशस्त्र संघर्षसम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानूनको आधारभूत नियमअनुसार घाइते, अशक्त र बिरामी भई युद्धमा भाग लिन असक्षम व्यक्तिहरू तथा संघर्षमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन तथा तिनका नैतिक तथा शारीरिक संरचनाको आदर हुनुपर्ने, जुनसुकै परिस्थितिमा पनि तिनको सुरक्षा हुनुपर्ने र तिनीहरूलाई विना भेदभाव व्यवहार गर्नुपर्ने कुरा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूमै सीमित भएको छ ।

संघर्षमा भाग लिने पक्षहरूले आफूले कब्जा गरेका घाइते र बिरामीहरूलाई एकत्रित गरेर राखी हेरविचार गर्नुपर्नेमा हत्या गरिएको छ भने सुरक्षा प्रदान गरिएका मध्येमा औषधि उपचारसम्बन्धी कर्मचारीहरू, प्रतिष्ठान परिबहनका साधन र उपकरणहरू र चिन्हको आदर गर्नुपर्ने कुराको पालना भएको छैन । बरू, रेडक्रसका व्यक्तिको अपहरण विद्रोहीहरूले गरेका छन् भने गाउँमा औषधिसमेतमा सरकारले नै प्रतिबन्ध लगाएको छ । मानव हकका तमाम पक्षहरूका साथै जीवन तथा व्यक्तिका विरूद्ध हिंसा, खासगरी सबै प्रकारका हत्या, अंगभंग, क्रूर व्यवहार र यातना, बन्धक बनाउने, व्यक्तिको सम्मानमाथि चोट पुऱ्याउने जस्ता जेनेभा महासन्धिको साझा धारा-३ ले गैरसैनिक नागरिकहरूको संरक्षण र लडाकूहरूप्रतिको व्यवहारका सम्बन्धमा गरेको व्यवस्था कार्यान्वयन भएको अवस्था छैन ।

हातमुख जोड्ने समस्याले ग्रस्त पश्चिमी पहाडका नेपालीहरू भारततर्फ काम गर्न जानु त्यहाँको नियमित नियति नै हो । तर, अहिले भने त्यो प्रवृत्ति निक्कै बढेको छ । गएपछि

फर्कने नचाहने प्रवृत्तिको विकास भएको छ । 'माओवादी दवाब यस वर्ष बढेकोले पनि भारत जाने क्रम बढ्यो' भन्नुहुने कालिकोटका प्रमुख जिल्ला अधिकारी माथवरसिंह थापाको भनाइमा जिविसका निवर्तमान उपसभापति तथा एमाले कालिकोटका सचिव तुलाराज विष्ट थप्नुहुन्छ- "कतिपय मान्छे आगामी आम निर्वाचनमा पर्नसक्ने दोहोरो मार कटाउन पनि भारत गएका छन् ।"

यसरी नागरिकहरूको बसोबासको अधिकार नराम्ररी कुण्ठित भएको छ भने हिंडडूल गर्न पाउने स्वतन्त्रता समाप्तै भएको छ । गाउँमा देखिने हरेक नयाँ अनुहार माओवादी कार्यकर्ता र गाउँलेहरूको आशंकाको घेराभित्र पर्छन् भने सदरमुकाममा सुरक्षाकर्मीको निगरानीमा । गाउँमा माओवादीले 'सरकारी सिआईडी' देख्ने र सदरमुकाममा सुरक्षाकर्मीले 'माओवादीको जासूस' देख्ने दृष्टिकोणको विकास भएको छ । सरकारी गुप्तचर निकाय सुर्खेतका प्रजिअ भूर्तेलको शब्दमा 'छ्यालब्याल' छ भने माओवादीका जासूसहरू कालिकोटका सुरक्षा अधिकारीहरूका अनुसार, सदरमुकाममा पनि सक्रिय छन् । तर, दुवैको चरम आशंकापूर्ण व्यवहारको शिकार निर्दोष नागरिकहरू पनि हुने गरेका छन् ।

ती जिल्लामा द्वैत सत्ताको स्थितिले गर्दा नागरिकको हिंड्डुल गर्ने स्वतन्त्रता समाप्त भएको छ । सुर्खेत, दैलेख, कालिकोट र जुम्लाका सदरमुकामहरूमा साँझ परेपछि कर्फ्यू लाग्ने गरेको छ भने गाउँमा माओवादी कार्यकर्ताहरूको लिखित अनुमतिविना स्थानीय नागरिकहरूसमेत एक ठाउँबाट अर्को ठाउँमा जान पाउँदा रहेनछन् । सदरमुकामका होटेलमा कोही नयाँ मान्छे बस्न आए सुरक्षाकर्मीले निगरानी र सोधपुछ गर्ने मात्र हैन, कालिकोटमा त प्रवेश र बसाइको अनुमति-पत्र प्रहरीले नै दिने गरेको रहेछ ।

सरकार र माओवादी दुवैलाई भेट हुनेगरी हिंड्नु स्थानीय नागरिकहरूको निम्ति सबैभन्दा जोखिमपूर्ण र झन्झटिलो काम हुनेगरेको छ । गाउँबाट सदरमुकाम जाने र फर्कने गर्दा दुवै पक्षले आशंकाको दृष्टिकोणले हेर्ने र दुःखसमेत दिनसक्ने भयले स्थानीय व्यक्तिहरू सकेसम्म त्यस्तो स्थितिलाई टार्न चाहन्छन् । त्यही कारण हो- कालिकोटको सदरमुकाम मान्म, खाँडाचक्रबाट दुई घण्टामात्र टाढा घर भएका व्यक्तिहरू पनि दुई दिनभन्दा बढी हिँडेर दैलेखको डाँडीमाडीसम्म समान किन्न पुग्छन् । त्यसो गर्दा बाटामा राज्य पक्षको उपस्थिति नहुने कारणले माओवादीबाट समेत सोधपूछ कम हुने सहजता त छँदैछ, सामानहरू केही सुपथ मूल्यमा पाइने सुविधासमेत गाँसिएको रहेछ ।

व्यापारकै सन्दर्भमा हेर्ने हो भने सुर्खेतमा त्यति प्रभाव नदेखिए पनि दैलेखमा केही र कालिकोट तथा जुम्लामा निक्कै अप्ठ्यारो स्थिति रहेछ । ती दुई जिल्लामा गाउँका उत्पादन सदरमुकामसम्म (पटक्कै) पुग्दैनन् । सदरमुकामलाई माओवादीले अघोषित नाकाबन्दी लगाएको छ भने सदरमुकामबाट गाउँतर्फ सामान लैजान पनि सहज छैन । जुम्लामा सदरमुकामका व्यापारीहरूमाथि 'परिमाणात्मक बन्देज' लगाइएको जानकारी प्रजिअ दामोदर पन्तले दिनुभएको छ । ४ नम्बरभन्दा ठूला आकारका जुत्ता बिक्रीमा प्रतिबन्ध नै लगाइएको रहेछ भने चाउचाउ, विस्कुटजस्ता 'फाष्ट फुड' निक्कै कममात्र दिने गरिएको छ । बिक्री गरिएका सामानहरूको अभिलेखसमेत राख्नुपर्ने आदेश स्थानीय प्रशासनले व्यापारीहरूलाई दिने गरेको छ । रदसङ्गा नजिकै चिया पसलमा भेटिएका माओवादी कार्यकर्ता 'पर्वत' भने सदरमुकाम नाकाबन्दी गर्ने कार्य त्यति कडाइका साथ नभएको दावी गर्छन् ।

प्रशासनले बन्देज लगाएका सामानहरूको निश्चित मापदण्ड भने निर्धारण गरिएको छैन । नेपालगंज तथा सुर्खेतबाट हवाईजहाजमार्फत् जुम्लाको खलंगा पुर्‍याइएका कतिपय सामानहरू प्रहरीहरूले विमानस्थलमै अड्काएर राखिदिने गरेको गुनासो नेपाल उद्योग वाणिज्य संघ, जुम्लाका सदस्य गोविन्द शाहीको छ । जुत्ता, स्लीपिङ्ग ब्याग, भाँडाकुँडा, एकरंगे कपडा त्यसरी विमानस्थलमा अड्काइएको र अधिकांश व्यापारीहरूलाई कम्तीमा एक पटक प्रहरीले हाजीर गराइसकेको शाही बताउनु हुन्छ भने प्रजिअ पन्त अनुमति नलिई वा अनुमतिभन्दा बढी लगिएका सामान त्यसरी रोकिएको दावी गर्नुहुन्छ ।

माओवादीले पनि गाउँमा पशुधनमाथि कर लगाउने गरेका छन् । व्यापारी शाहीका अनुसार, प्रति भेडा ५ रूपियाँ, प्रति भैंसी १० रूपियाँ र प्रति घोडा ५० रूपियाँ कर लगाइएको छ । गाउँका किसानहरूसँग बाली पाक्ने समयमा मौसमी चन्दास्वरूप बाली नै उठाउने गरिएको छ भने शिक्षक र व्यापारीसँग पनि कर लिने गरिएको छ । माओवादीका जुम्ला जिल्ला सदस्य 'शोषित'का अनुसार शिक्षक तथा कर्मचारीहरूको तलबको ५ प्रतिशत र व्यापारीको नाफाको ३ प्रतिशत रकम कर उठाउने गरिएको छ ।

कालिकोटमा भने व्यापारको स्थिति खत्तम मात्र हैन, बाँच्नै कठिन छ । सदरमुकाममा माओवादी नाकाबन्दीका कारण गाउँको उत्पादन आपूर्ति हुँदैन भने खच्चडसमेत चल्न नसकेपछि बाहिरबाट केही आपूर्ति हुनसकेको छैन । लामो समयदेखि हेलिकोप्टरबाट खाद्यान्न आपूर्ति हुन नसकेपछि त्यहाँ झन् ठूलो संकट उत्पन्न भएको छ । बजारमा चाउचाउ, विस्कुटजस्ता सामान पनि रित्तिइसकेका छन् भने मासु बिक्रीमा अनियमितता भएका कारण प्रहरीको अनुमतिमा काट्ने र बेच्ने व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायक उपरीक्षक जगतमान श्रेष्ठ बताउनुहुन्छ ।

औषधि आपूर्तिमा ठूलो संकट छ । कालिकोटका गाउँमा टिन्चर आयोडिन, सिरिन्ज, कटन ब्यान्डेज, एन्टिबायोटिक, स्लाइन, इन्जेक्शन आदिजस्ता केही औषधिबाहेक अरू पठाउने प्रयास गरिए पनि जुम्लामा 'आतंककारीहरूले दुरूपयोग' गर्ने नाममा पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ । शिक्षक र गाविस सचिवलगायतका अन्य सरकारी कर्मचारी जस्तै स्वास्थ्यकर्मीहरू पनि गाउँमा बसेका छैनन् । यसै पनि पियनले स्वास्थ्य चौकी चलाउने कर्णाली अञ्चललगायतका पहाडी भू-भागमा अहिले 'माओवादी आतंक' सहायक भइदिएको छ । यद्यपि जस्तोसुकै सशस्त्र द्वन्दका समयमा पनि औषधि उपचारको व्यवस्था गर्नुपर्ने कानूनी दायित्व र मानवीय कानूनको परिपालनाबाट राज्य चुकेको छ । सदरमुकाममा औषधिहरू 'एक्स्पायरी डेट' कुरेर बसेका छन् । तर गाउँमा जुकाको औषधि नपाएर गाउँलेहरू पीडित भएका छन् ।

सुर्खेतको छिन्चु हुँदै जुम्ला पुग्ने कर्णाली राजमार्ग निर्माण अवरूद्ध भएको छ । विकासका अधिकांश संरचनाहरू ध्वस्त भइसकेका छन् । गाविस भवनलगायतका सरकारी कार्यालयहरू

**आशंका र संत्रासको बीचमा : जुम्लाको तातोपानी गा.वि.स. राँका गाउँ** (फोटो : विनोद ढुंगेल)





सुरक्षाको दायित्व कसरी सम्हाल्ने ? दैलेखका प्रजिअ बाबुराम लामिछाने

(फोटो : विनोद ढुंगेल)

माओवादीले ध्वस्त पारिसकेका रहेछन् । कर्णाली नदीमाथिका चारवटा र तिला नदीको एउटा झोलुङ्गे पुल पनि माओवादी कार्यकर्ताहरूले ध्वस्त पारेका छन् । अछामको मंगलसेन र साँफेबगरमा गत फागुनमा आक्रमण गर्नुअघि दुई वटा र त्यसपछि दुईवटा झोलुङ्गे पुल उडाएपछि कर्णालीपारीका १२ वटा गाविससँगको सदरमुकामको सम्पर्क झन् टुट्टेको छ । तिला नदीको राराघाटको पुल ध्वस्त पारेपछि तिलापारिका ६ वटा गाविस थप दुर्गम भएका छन् । ती पुलहरूबाट सुरक्षाकर्मीहरू गस्तीको क्रममा गएर जनतालाई दुःख दिएको, हत्या तथा बलात्कारसमेत गरेको अरोप माओवादी कार्यकर्ताहरूले लगाए पनि सो कार्यबाट जिल्ला नराम्ररी प्रभावित भएको छ । यहांसम्म कि लासीघाटमा एउटा बच्चालाई लडा (तुइन)बाट तार्दै गरेका व्यक्ति ताउँलो (काठको टुक्रा)को डोरी फुत्किएर तिला नदीमा खस्दा बच्चासहित दुवै जनाको ज्यानसमेत गइसकेको छ । माओवादीहरूले भने शहीदगेट निकै बनाएका छन् । मारिएका जुम्ला जिल्ला जनसरकार प्रमुख पुरानबहादुर घरालाको नाममा रारालिही- १, सेरी, सीतानगरमा ठूलै प्रतिक्षालय निर्माणाधीन छ ।

## हामी मर्नुको विकल्प छैन !

संचारका कुनै माध्यम बाँकी छैनन् । भर्ताको टेलिफोन टावर ध्वस्त पारेपछि दैलेख, कालिकोट र जुम्लाको दूरसंचारको स्थिति बिग्रिएको छ । दैलेखमा बल्लतल्ल केही लाइन फोन चलाइने गरेको छ भने जुम्लामा स्थानीय रूपमा मात्रै केही लाइन फोन चलेका छन् । अन्तरदेशीय सेवा बन्द छ । कालिकोटमा आ.वा. बाहेक अन्य विकल्प छैन । सुरक्षाकर्मीहरूको संचार सेट अत्यावश्यक सरकारी सूचना आदान-प्रदानको श्रोत भए पनि नागरिकको लागि कुनै उपाय छैन । हुलाक पूर्णतः अवरूद्ध भएको छ भने कालिकोट र जुम्लाबाट पठाइने हाते चिठ्ठीसमेत सुरक्षा जाँचपछि मात्रै पठाउन पाइन्छ । मुग्राह गाविसको कालिकोट गाउँमा हुलाकको पत्र मञ्जुषालाई माओवादी गाउँ जनसरकारको 'उजुरी तथा सुझाव पेटीका'मा परिणत गरिएको पाइयो ।

पत्रकारहरूले यो अवस्थामा बाहिरबाट निस्किने पत्र-पत्रिकामा समाचार सम्प्रेषण गर्न कठिन छ । ती क्षेत्रमा जाने कतिपय अखबारहरू जानै छोडेका छन् । कालिकोटका अहेब नवराज शाहीलाई 'मालिका' र 'हाँक' पढेको कारण शिप्खानाबाट गिरफ्तार गरेर धेरै दिन थुनिएपछि 'हाँक', 'मालिका' र 'श्रमिक'का नियमित ग्राहकहरूले पत्रिका पढ्नै छोडिदिएको स्थानीय पत्रकारहरू बताउँछन् । हवाईजहाजमा राखी नेपालगंजबाट जुम्ला पठाइने केही पत्र-पत्रिका पनि सही हालतमा पुग्ने गर्दैनन् । कर्णालीमा दर्ता भएको पहिलो पत्रिका कालिकोटबाट निस्कने 'कदम' साहित्यिक साप्ताहिकका सम्पादक नवराज शर्मा 'बसन्त'लाई माओवादीले अपहरणपछि टुक्रा टुक्रा पारेर काटी हत्यासमेत गरिसकेका छन् भने 'कान्तिपुर' दैनिकका कालिकोट सम्वाददाता काशीचन्द्र बराल २०५८ भदौदेखि माओवादी कार्यकर्ताका रूपमा भूमिगत भएका छन् । रेडियो र टेलिभिजन त्यहाँको संचारका माध्यम भएका छन् । खासगरी प्रगतिशील र वामपन्थी पुस्तकमात्र नभएर क्यालेण्डरसमेत सदरमुकाममा पनि अघोषित प्रतिबन्धमा परेका छन् ।

शिक्षा क्षेत्र सर्वाधिक प्रभावित छ । शिक्षकहरू दुवै पक्षबाट मारिएका छन् । गाउँमा बसेका शिक्षकलाई प्रशासनले र सदुरमकाम बस्नेलाई विद्रोहीहरूले आशंकाको दृष्टिले हेर्ने गरेका छन् । विद्यार्थीहरू जवर्जस्ती, स्वेच्छा वा बाध्यताले माओवादीमा लागेर हिंडेका छन् । 'बुर्जुवा शिक्षा' छोडेर 'मार्क्सवादको खुला विश्वविद्यालयमा भर्ना' हुने नाममा धेरैले हतियार उठाएका छन् । कतिपय शिक्षक तथा विद्यार्थी विस्थापित नै भएका छन् । कतिले पढिरहेका छन्, संख्या र गुणस्तर दुवै द्रुत गतिमा घटिरहेको छ ।

विस्थापित तथा आन्तरिक शरणार्थीहरू सदरमुकाममा बसेका छन् । पेशा वा व्यवसाय गर्ने तथा बसोबास गर्ने अधिकारबाट बञ्चित भएका उनीहरूको आम्दानीको खासै स्रोत छैन भने राज्यले पनि राहत दिन सकेको छैन । जनघनत्व बढेर सदरमुकामहरूमा अन्य समस्याका अलावा यौनजन्य विकृतिहरूसमेत बढेकोमा स्थानीय सामाजिक कार्यकर्ताहरू चिन्ता व्यक्त गर्न थालेका छन् । उनीहरू भन्छन्- खासगरी साँझमा कर्फ्यू लागेपछि विकृतिपूर्ण व्यवहारहरू शुरू हुन्छन् । सदरमुकाममा प्रशासनसमक्ष आत्मसमर्पण गरेर बसेकाहरूसमेत माओवादीद्वारा मारिएकोले त्यहाँ पनि उनीहरूले सुरक्षित महसूस गर्न सकेका छैनन् ।

माओवादी कार्यकर्ताहरू आएर बस्ने, खाने तथा उनीहरूका कार्यक्रममा सहभागी गराउने गर्नाले स्थानीय जनतालाई समस्या भएको छ । त्यस्ता नागरिकहरू सरकारी कारवाहीमा पर्ने खतराले निरन्तर त्रस्त रहेका छन् । माओवदीहरूले भित्ते लेखन गरेका घरका व्यक्तिहरूलाई सरकारबाट बेस्सरी डर छ । तर, माओवादीको डरका कारण ती प्रयासलाई उनीहरू अस्वीकार गर्नसक्ने अवस्थामा पनि छैनन् ।

गाउँमा माओवादीबाहेक अन्य खाले राजीतिक कार्यकर्ताको गतिविधि शून्य छ । सबै नेता विद्रोहीको त्रास देखाएर सदुमकाममा बसको छन् । स्थानीय कार्यकर्ता माओवादीसँग राजनैतिक अन्तरविरोध संचालन गरेर बस्नसक्ने अवस्थामा छैनन् । सदरमुकाम लगायतका क्षेत्रमा विस्थापित हुने कतिपयलाई वास्तवमै खतरा छ भने कतिपयले खतरा महसशू मात्रै गरका छन् । सुरक्षाकर्मी र विद्रोहीबाहेक अरूको उपस्थिति नदेखिन गाउँहरूमा स्थानीय बासिन्दा अरू जो देखिए पनि आशंका र भयमिश्रित प्रश्नसूचक नजरले हेर्ने गर्छन् । यो अवस्थामा चुनाव हुने र जनप्रतिनिधि छनौट हुने विश्वास कसैमा पाइएन ।

एमाले कालिकोटका सचिव तथा जिविसका निवर्तमान सभापति तुलाराज बिष्ट भन्नुहुन्छ- गाउँमा कोही जान नसकेको यो स्थितिमा चुनाव गराउन जरूरी नै छैन ।

सुरक्षा निकायका प्रमुखहरू नै निरन्तर सन्त्रस्त छन् । दैलेखमा हरेक रातजस्तो हुने सदरमुकाम छेउछाउको घटनाले त्यहाँका प्रजिअ बाबुराम लामिछानेकै शब्दमा, 'कतिखेर मारिने हो ठेगान छैन ।' कालिकोटमा त्योभन्दा डरलाग्दो स्थिति सुरक्षा अधिकारीहरूले महशूस गरेका छन् । 'वरिपरि माओवादी घेरा छ र हामी त्यसभित्र मूर्खतापूर्वक मर्न बाध्य भएर बसेका छौं, हामीले मर्नुको विकल्प छैन, सदरमुकामबाहिर त जानसक्ने स्थिति नै छैन ।' कालिकोटका प्रजिअ माथबरसिंह थापा सुरक्षा व्यवस्थाप्रति जनतालाई विश्वस्त गराउन आवश्यक रहेको यथार्थ वस्तुस्थिति गृहमन्त्रालयमा असारको शुरूमै लेखिपठाइसकेको जानकारी दिँदै भन्नुहुन्छ- गाउँ-गाउँमा सुरक्षा निकाय जान सक्यो भने जनता भोट चाहिँ हाल्छन् किनभने उनीहरूको आस्था मरेको छैन । ❑

विजया दशमी २०५९
तथा शुभ दीपावलीको
अवसरमा संपूर्ण ग्राहक
तथा देशवासीहरूमा
हार्दिक मंगलमय
शुभकामना !
नेपाल खानेपानी संस्थान
परिवार

# भीमान र सन्धिखर्क आक्रमणको तात्पर्य

■ श्याम श्रेष्ठ

झण्डै चार महिना लामो चूपचापपना तोड्दै भदौको चौथो सातामा सिन्धुलीको भीमान इलाका प्रहरी कार्यालय र अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा माओवादीले भीषण छापामार आक्रमण गरेर ध्वस्त पारेपछि नेपालको राजनीतिक दहमा पानी निक्कै तरंगित पुगेको छ । दुई ठाउँमा गरेर ११० भन्दा ज्यादा सुरक्षाकर्मीको ज्यान गएको छ । सन्धिखर्कमा त जिल्ला अस्पतालबाहेक बाँकी सम्पूर्ण सरकारी कार्यालयहरू छापामार आक्रमणबाट ध्वस्त भएका छन् । घटनाको लगत्तैपछि त्यहाँ पुगेको राष्ट्रिय मानवाधिकार आयोगका प्रतिनिधिका अनुसार त्यहाँ आक्रमण भएको झण्डै एक हप्ता बित्दा पनि जिल्लामा राज्ययन्त्रको नामोनिशान थिएन । उता माओवादीहरूका अनुसार भीमानमा १४ जना र सन्धिखर्कमा २५ जना छापामारहरूको ज्यान गएको छ । सन्धिखर्कमा हताहत हुनेहरूको संख्या निकै ज्यादा छ ।

संकटकाल अन्त्य भएको लगत्तैपछि भदौको दोस्रो सातामा काठमाण्डौं उपत्यकाको बम आतंकबाट प्रारम्भ भएको छापामार गतिविधि तेस्रो सातामा पुग्दा जिल्ला सदरमुकाम नै ध्वस्त बनाउने हदसम्मको उत्कर्षमा पुगेको छ । यस्तो प्रतीत हुन्छ, अझ योभन्दा ठूलो र भयानक छापामार आक्रमण निकट भविष्यमै कतैतिर घट्नेवाला छ ।

माओवादीहरूले संकटकाल भर्खरै सकिएर त्यो फेरि थप्ने कि नथप्ने भनेर देशमा बहस चलिरहेको संगीन समयमा छापामार गतिविधि उत्कर्षमा पुऱ्याए । यस्तो आक्रमणले संकटकाल थप्न चाहने र थपेर धमिलो पानीमा माछा मार्न चाहने प्रतिगामी तत्वलाई आफ्नो मनसुवा पूरा गर्न सघाउने कार्य गरेको छ । अछाम आक्रमण र यो आक्रमणले धेरैका मनमा गम्भीर प्रश्न पैदा गरेको छ- किन माओवादी अरू बेला महिनौं चूप लागेर संकटकाल थप्ने अहं घडी पारेरमात्र भीषण छापामार आक्रमण घटित गर्ने गर्छ ? के माओवादी प्रतिगामी शक्तिसरह वास्तवमा देशमा संकटकाल लागेकोलाग्यै गरोस् भन्ने त चाहँदैन ?


यो घटनाले फेरि पनि के छर्लङ्ग पारेको छ भने माओवादी नेतृत्व आफ्नो कुनै क्रियाकलापबाट आफ्नो समूहलाई फाइदा पुग्छ भने समाजलाई त्यसले ठूलो बेफाइदा पुऱ्याए पनि त्यसको मतलब राख्दैन । खास खास समयमा समूह स्वार्थ र सामाजिक स्वार्थ जुध्यो भने माओवादी नेतृत्वले सामाजिक स्वार्थलाई होइन, समूह स्वार्थलाई नै प्रधानता दिन्छ । आफ्नो खास समूहको सैन्य कार्वाहीले बहुसंख्यक जनताको हित र जनमतमा के असर पुऱ्याउँछ ? यो सवालमा माओवादी अगुवाहरूलाई अझै पनि पर्वाह रहने गरेको छैन । यही नै त सैन्यवादी प्रवृत्ति हो, जसको बारम्बार आलोचना हुँदै आएको छ ।


## उद्देश्य र तात्पर्य

परन्तु माओवादीको यस पटकको छापामार आक्रमणको मुख्य उद्देश्य भने दुईवटा देखिन्छ : एक, माओवादी अब सिद्धिए, ज्यादै कमजोर भए, उनीहरू अब संगठित आक्रमण गर्नसक्ने हालतमै छैनन् भनेर राज्यले लगातार फैलाइरहेको भ्रमलाई चिर्नु र त्यसलाई हावादारी सावित गर्नु । ९ महिनामा ३ हजार माओवादी लडाकू मारेको सरकारले दावी गरेता पनि त्यसले माओवादीको गूदी सैन्य-दस्ताको आक्रामक क्षमतामा खासै ठूलो फरक पारेको छैन, उनीहरू अझै निक्कै सबल र समक्ष छन् भनेर व्यवहारतः सावित गर्नु । दुई, वार्ताको लागि सशक्त दवाव सृजना गर्नु, खासगरी संसदीय पार्टीहरूमा यो भावना संचार गर्नु कि माओवादीसित तत्काल वार्ता गरिएन र उनीहरूको मागमा ध्यान दिइएन भने आगामी संसदीय चुनाव ध्वस्त पार्नसक्ने हदको सैन्य क्षमता माओवादीसित अझै पनि ज्यूँकात्यूँ बाँकी छ ।

> **संभवतः उनीहरू यी कारवाहीमार्फत् के सन्देश संप्रेषण गर्न चाहन्छन् भने उनीहरूको सवलता एकातिर मात्र होइन, सबैतिर छ, पश्चिममा मात्र होइन, पूर्वतिर पनि छ**

माओवादीको वर्तमान छापामार आक्रमण निराशा र प्रतिक्रियाको उपज पनि देखिन्छ । माओवादी नेतृत्वले विगत ४ महिनामा आफू वार्ता र कुनै पनि विन्दुमा युद्धविरामको निम्ति तैयार भएको कुरा बारम्बार सार्वजनिक रूपमा अभिव्यक्त गरेको जगजाहेर छ । श्रावण महिनामा मात्र यो व्यहोराको कम्तीमा चारवटा वक्तव्य वा पत्र माओवादी नेतृत्वले सार्वजनिक गऱ्यो । तर देउवा सरकारले यी सब प्रस्तावको बेवास्ता गर्दैरह्यो, एउटाको पनि सकारात्मक जवाफ दिने काम गरेन । वार्ता प्रस्तावलाई सरकारले माओवादीको कमजोरी र विवशताको उपज सिवाय केही ठानेन । उल्टो, माओवादीको तर्फबाट कुनै आक्रमण नहुँदा पनि उसले आफ्नोतर्फबाट सैन्य दमन जारिराख्यो र हरेक दिन औसत १० जना 'माओवादी' मारेको ढ्वाङ फुक्दैरह्यो । सरकारको दावी कहाँसम्म रह्यो भने माओवादीको छापामार दस्ताको ढाड भाँच्ने काम भइसकेको छ, उनीहरू अब रक्षात्मक स्थितिमा पुगेका छन्, अब पुनः माओवादीबाट संगठित आक्रमण संभव छैन । सरकारको यही वार्ता प्रस्तावप्रति अत्यन्त नकारात्मक र भ्रमपूर्ण रवैयाबाट निराश भएर त्यसैको प्रतिक्रियामा माओवादीहरूले भीमान र सन्धिखर्कको छापामार कार्वाही सम्पन्न गरेका हुन् ।





यी घटनापछि जारी भएको माओवादी नेता अध्यक्ष प्रचण्डको भाद्र २६ को वक्तव्यले त्यो तथ्यलाई औंल्याउने कार्य गरेको छ । त्यो वक्तव्यको प्रारम्भमै भनिएको छ, "देशको वर्तमान गृहयुद्धको स्थितिलाई वार्ताको माध्यमबाट

शान्तिपूर्ण र सकारात्मक राजनैतिक निकासद्वारा अन्त्य गर्न पटक पटक गरेको अपीललाई पूर्णतः अस्वीकार" गरिएको हुनाले "जनमुक्ति सेनाका क्रान्तिकारी योद्धाहरूले एकपटक पुनः आफ्नो श्रेष्ठता सावित गर्दै पूर्वको सिन्धुली र पश्चिमको अर्घाखाँचीमा सफल र साहसिक आक्रमण गरेका छन् ।"

माओवादीले पूर्वमा सिन्धुली र पश्चिममा अर्घाखाँचीमा कारवाही गर्नुको पनि तात्पर्य छ । संभवतः उनीहरू यी कारवाहीमार्फत् के सन्देश संप्रेषण गर्न चाहन्छन् भने उनीहरूको सवलता एकातिर मात्र होइन, सबैतिर छ, पश्चिममा मात्र होइन, पूर्वतिर पनि छ । समय भदौ रोज्नुको पनि मतलब छ । शायद उनीहरू चुनावको मुखैमा ठूला चुनावी पार्टीहरूलाई के सन्देश जारी गर्न चाहन्छन् भने चुनाव र सत्ता चाहिन्छ भने वार्ता र हाम्रो मागमा ध्यान देऊ, अन्यथा चुनाव कदापि हुनेवाला छैन, त्यसलाई हामी ध्वस्त बनाइदिन्छौं । संभवतः माओवादीहरू चुनावको समयलाई आफ्नो मागको मोलतोलको लागि सबैभन्दा उपयुक्त समय सोचिरहेछन् ।

कार्यवाहीपछि जारी गरिएको वक्तव्यमा अध्यक्ष प्रचण्डले फेरि एकचोटि के स्पष्ट पारेको भेटिन्छ भने "सकारात्मक र शान्तिपूर्ण राजनैतिक निकासका निमित्त सत्ताधारिहरू तयार हुने हो भने कुनै पनि विन्दुमा युद्धविरामको घोषणा गर्न तथा वार्ताको प्रक्रियामा सामेल हुन हामी तयार छौं" वक्तव्यको यो शब्दावलीले के प्रष्ट पारेको छ भने यथार्थमा दुवै छापामार कार्यवाहीको मुख्य तात्पर्य वार्ता र गृहयुद्धको सम्मानपूर्ण र सुरक्षित बैठानको निम्ति दबाव सिर्जना हो ।

## वार्ता, चुनाव र माओवादी

माओवादीहरू स्वयंले पटक पटकको वार्ता र युद्धविरामको लागि आह्वान गरिरहेको र अधिकतम लचकता देखाइरहको वर्तमान समयमा सरकारसित थोरै पनि बुद्धिमता छ भने उसले त्यसको प्रतिक्रियास्वरूप अविलम्ब गर्नुपर्ने कुरा हो- अग्रगामी निकासको निम्ति विचार विमर्श गर्न तयार रहेको जनाउँदै निःशर्त वार्ताको सार्वजनिक आह्वान । सरकारले यसो गरेको खण्डमा माओवादीको तर्फबाट तुरून्त युद्धविरामको घोषणा हुनु संभव छ, जसको सकारात्मक प्रत्युत्तर राज्यले दिने हो भने गृहयुद्धको र रक्तपातको वर्तमान अन्तहीन सिलसिला अस्थायी तवरले रोकिन सक्दछ ।

अब संसदीय चुनावको समय दुई महिना पनि बाँकी छैन । भीमान र सन्धिखर्कको घटना र भाद्र ३१ को *नेपाल बन्द*पछि के कुरा जगजाहेर भएको छ भने माओवादीसित वार्ता भएर सकारात्मक राजनीतिक निकासका लागि सहमति नहुने हो भने स्वच्छ, निर्ष्पक्ष चुनाव त टाढैको कुरा रह्यो, बहुसंख्यक जिल्लामा चुनावै हुनसक्ने स्थिति छैन । माओवादीहरू कमजोर भए भनेर सरकारले जतिसुकै डंका पिटे पनि उनीहरूसित अहिले विद्यमान तागत चुनावलाई ध्वशं गर्न यथेष्ट देखिन्छ । माओवादीको पछिल्लो राजनीतिक लाइन चुनावमा सहभागी बन्ने होइन, यसलाई ध्वंश र बहिष्कार गर्ने रहेको छ । उनीहरू अहिलेको मध्यावधि निर्वाचनलाई 'वैदेशिक प्रतिक्रियावादको आड र ईशारामा सामन्ती प्रतिगामी तत्वहरूले नेपाल र नेपाली जनताका विरूद्ध नियोजित षडयन्त्रअन्तर्गत चरम निरंकुशता थोपर्ने कसरत' ठान्दछन् । कथित मध्यावधि निर्वाचन "सामन्ती प्रतिगामी तत्वहरूले एकपछि अर्को गरी जनताका मौलिक एवं राजनैतिक उपलब्धिहरूमाथि हमला" गर्ने षडयन्त्रको पछिल्लो कडी सिवाय अरू केही नभएको उनीहरूको विश्लेषण छ । *(हेर्नुहोस् : २ श्रावण २०५९ को अध्यक्ष प्रचण्डको वक्तव्य)* । "वार्ता र सकारात्मक राजनीतिक निकासका निम्ति" पहल नगरी माओवादीको वार्ता प्रस्ताव र लचकतालाई कमजोरी ठानेर सरकारी सैनिक अभियान जारी राखिन्छ भने माओवादीहरूले "निर्वाचनको नौटंकीलाई ध्वंश गर्न तथा देश र जनताको प्रमुख मुद्दालाई संबोधन नगरी त्यो कथित निर्वाचनको वकालत गर्ने प्रमुख पाखण्डीहरूमाथि आफ्नो आक्रमण केन्द्रित गर्न बाध्य" हुने कुरा २४ श्रावणको वक्तव्यमा स्पष्टताका साथ जनाएका छन् ।

यस परिप्रेक्ष्यमा माओवादीसितको वार्ता, अग्रगामी राजनीतिक निकासको लागि सहमति र आगामी संसदीय निर्वाचनको भविष्य अभिन्न रूपले गाँसिएको छ । वार्ता र अग्रगामी निकासको निम्ति सहमति कायम हुन्न भने यो निश्चित छ, माओवादीहरूले निर्वाचनलाई ध्वंश पारी छाड्नेछन् । उनीहरूले न त चुनावी अभियान चल्न दिनेछन्, न चुनाव हुन । दुवैलाई विथोल्ने उनीहरूको घोषित नीति नै छ । यसै आशयले चुनावकै दिन पारेर कार्तिक २५, २६, २७ गते नेपाल बन्द गर्ने कार्यक्रम उनीहरूले भदौको पहिलो हप्तामा घोषणा गरिसकेका छन् । वार्ता तथा संवादद्वारा नै समस्याको अग्रगामी राजनीतिक निकास खोज्ने परिस्थिति भए युद्धविराम गर्न र नेपाल बन्दको कार्यक्रम फिर्ता लिन तैयार भएको कुरा पनि उनीहरूले प्रष्ट पारेका छन् । अतः निर्विघ्न र निष्पक्ष निर्वाचन गर्ने हो भने माओवादीसितको शान्तिवार्ता र अग्रगामी निकासका लागि सहमति अपरिहार्य छ । केवल चुनाव होइन, देशले भोगिरहेको समग्र आर्थिक-सामाजिक र राजनीतिक महासंकटको समाधानको लागि नै माओवादीसितको वार्ता अनिवार्य छ ।

माओवादीले श्रावण महिनामा मात्रै ४ पटक र भाद्र महिनामा मात्रै ३ पटक आफू कुनै पनि

### संकटकाल लागेयताको ९ महिनामा हत्या र रक्तपात

| | |
|---|---|
| • राज्यको तर्फबाट जम्मा | ३,१६३ |
| • माओवादीका तर्फबाट | ७१९ |
| जम्मा | ३,८८२ |
| • राज्य : माओवादी हत्या अनुपात | ४:१ |
| **राज्यबाट मारिएका मध्ये** | |
| माओवादी भनिएका | २,९९९ |
| विद्यार्थी | ११ |
| शिक्षक | ५ |
| कर्मचारी | १० |
| पत्रकार | १ |
| सर्वसाधारण | १३७ |
| **माओवादीबाट मारिएका मध्ये** | |
| सैनिक | १४० |
| प्रहरी | २९८ |
| राजनीतिक कार्यकर्ता | ७८ |
| शिक्षक | २६ |
| विद्यार्थी | ८ |
| कर्मचारी | १२ |
| पत्रकार | १ |
| सर्वसाधारण | १५६ |

*स्रोत : INSEC*



पोहोर बिचैमा बिच्किएको वार्ता कहिले शुरू गर्ने ? गत वर्षको (माओवादीको वार्ता टोली)

विन्दुमा वार्ता र युद्धविरामको लागि तयार रहेको सार्वजनिक मन्तव्य जाहेर गरेका छन् । परन्तु सरकारले एकपटक पनि यसको सकारात्मक प्रत्युत्तर दिएको छैन । बारम्बार उसले हतियार बुझाएर वार्तामा आउनुपर्ने र माओवादीसित विश्वासको संकट रहेको जस्तो बच्कना र मूर्खतापूर्ण निहुँ थापेर निःशर्त वार्ताको लागि अस्वीकार गरिआएको छ । तसर्थ, अब सम्पूर्ण राजनीतिक दल र नागरिक समाजले माग गर्नुपर्ने बेला आएको छ– सुरक्षाको प्रत्याभूतिसहित सरकारले नै अब निःशर्त वार्ताको लागि सार्वजनिक आह्वान गर्नुपर्दछ । त्यसको प्रत्युत्तरमा माओवादीले युद्धविरामको प्रस्ताव गर्नुपर्दछ, जसलाई सरकारले सकारात्मक प्रत्युत्तरद्वारा स्वागत गरोस् । शान्ति र वार्ताको लागि जरूरी वातावरण बनाउन यी नै अहिलेका प्राथमिक कामहरू हुन् ।

अहिले देशमा काम चलाउ सरकारमात्र अस्तित्वमा छ, जसले गम्भीर, व्यापक र दीर्घकालीन असर पार्ने खालको कुनै निर्णय गर्न सक्दैन । अतः अबको वार्ता सरकार–माओवादीबीच मात्र नभएर सर्वदलीय हुनुपर्छ । सरकारले नै माओवादीसहितको सर्वदलीय गोलमेच सम्मेलनको नै आह्वान गर्नु पर्दछ । यसो भएमा नै यसले राष्ट्रिय सहमतिसहितको संकटको अग्रगामी दीर्घकालीन राजनीतिक निकास निकाल्न सक्छ ।

वार्ताको तिथि र स्थान तय हुनासाथ सरकार र माओवादी दुवैले आममाफीसहित आफूसित रहेको एक अर्काको बन्दी रिहाइ गर्ने क्रम शुरू गर्नुपर्छ । सरकारले माओवादीमाथिको 'आतंककारी'को आरोप, टाउकोको मोल किटानलगायत आतंककारी र विध्वंशात्मक अपराधसम्बन्धी ऐन खारेज गर्नुपर्छ । माओवादीले गिरफ्तारी, अपहारण, बल प्रयोगका सारा क्रियाकलापहरू बन्द भएको बारे सार्वजनिक प्रतिवद्धता जाहेर गर्नुपर्छ ।

सर्वदलीय वार्ताले अग्रगामी राजनीतिक निकासका लागि दुईवटा निर्णायक निर्णय गर्नसक्छः एक, अब उप्रान्त संविधान र राष्ट्रको कुनै पनि अहं महत्वको सवालमा जनमत संग्रह गर्न सकिने र जनमत संग्रहको निर्णय संविधानको अभिन्न अंग हुने गरी संशोधनद्वारा समाहित गरिनु पर्ने, दुई, व्यापक आर्थिक–सामाजिक परिवर्तनको सहमतिको खाका तयार पार्ने । सर्वदलीय सहमतिले जे निर्णय गर्छ, त्यो सबै पार्टीको चुनावी घोषणा–पत्रमा समावेश भएको हुनुपर्ने गरिनुपर्छ । यसो गरियो भने माओवादीको अहिलेको बटम लाइन जनमत संग्रहको मागउपर सकारात्मक सुनवाइ गरिएको हुनजान्छ र माओवादीले चुनाव बिथोल्नु पर्ने स्थिति नै बाँकी रहँदैन । बिथोले भने आफ्नै मागलाई बिथोल्नु हुनजान्छ । तर यसो गर्नुको लागि पहल गर्न अब समय नितान्त अपर्याप्त भइसकेको छ । सरकारले तुरून्तै माओवादी–सहितको दलीय वार्ताको निम्ति पहल गर्न नसकेमा ५/६ महिना चुनाव पर सार्ने र त्यसबीच सर्वदलीय वार्ता गरेर संकट समाधान गर्ने, अनि मात्र चुनाव गर्ने एउटा उपाय हुनसक्छ । तर यसको निम्ति सरकार लगायत सबैको सर्वदलीय सहमति हुनु अपरिहार्य हुन्छ ।

सर्वदलीय बैठकले अर्को विकल्प पनि अख्तियार गर्नसक्छ : त्यो हो, चुनाव गर्नुको सट्टामा, चुनाव हुन नसक्ने परिस्थितिमा विघटित संसदको पुनर्स्थापना र संसदभित्रका सातैवटा दलहरूले अहिलेकै संसदको विशेष अधिवेशनद्वारा संविधान संशोधन गरेर उपरोक्त कुराहरू गर्ने राष्ट्रिय सहमति । पार्टीहरूबीच अहिले यसको निम्ति विचार–विमर्श पनि चलिरहेको पाइएको छ ।

माओवादीको वर्तमान भय के देखिन्छ भने कतै चुनावप्रति उनीहरू सकारात्मक भए भने उनीहरूको आधार इलाका र प्रभाव क्षेत्रमा अहिलेसम्म प्रवेश गर्न नसकेको सेना त पस्ने होइन ? यही कारणले पनि उनीहरू चुनाव भाँड्न उत्प्रेरित भइरहेका छन् । सर्वदलीय वार्ताले उनीहरूको यो भयलाई पनि सम्बोधन गर्नु जरूरी देखिन्छ ।

संभावना के छ भने माओवादीहरू आफैंले चुनावमा सहभागी हुने स्थिति छैन, तर उनीहरूका भय र मागहरूउपर सम्वेदनशील भएमा उनीहरू चुनाव नबिथोल्ने बिन्दुसम्म लचिलो हुन सक्छन् । चुनावको मुखैमा, भीमान र सन्धिखर्चमाथिको आक्रमणको एउटा तात्पर्य यो पनि हो । ❑


**विजया दशमी २०५९ को शुभ-कामना**
**महान चाडको उपलक्ष्यमा ५ % छुट ।**

अधिराज्यभरिका हाम्रा सबै कार्यालयहरूमा चीनबाट आयात गरिएका विभिन्न सामानहरू उपभोक्ताहरूलाई ५% (पाँच प्रतिशत) छुट दिई धमाधम बिक्री भैरहेको छ ।

| क्र. सं. | सामानको नाम | क्र. सं. | सामानको नाम |
|---|---|---|---|
| १. | मलमल कपडा (खोल हाल्ने) | १०. | वासिङ्ग मेशिन |
| २. | बच्चाको ट्र्याक सुट | ११. | रेफ्रिजेरेटर, डिफ्रिज |
| ३. | कम्वलहरु | १२. | पंखाहरु |
| ४. | बेड सिट, बेड कभर | १३. | खेलकूदका सामानहरु |
| ५. | भुवादारी रुमाल | १४. | वाटर पम्प, इलेक्ट्रिक मोटर, हाते औजार तथा यान्त्रिक सामानहरु |
| ६. | डिनर सेट, कप प्लेट (पोर्सिलिन) | | |
| ७. | ज्यासमिन चिया | १५. | कोठा तताउने हिटर |
| ८. | नन्स्टिक कुकवेयर भाँडा | १६. | साधारण तथा माउन्टेन वाइक साइकल |
| ९. | कलर टि.भि. | | |

*साथै बेलायत तथा फ्रान्सबाट पैठारी भएको (ड्यूटी पेड) मदिराहरू उपलब्ध छ ।*

**नेशनल ट्रेडिङ्ग लिमिटेड**
टेकु, *फोन नं. २४४०३२, २४४९६२*
*रामशाहपथ : २२८८२९*
*क्षेत्रीय तथा शाखा कार्यालयहरुका साथै बिक्री कक्षहरु*



**२०५९ को विजया दशमी एवं शुभ-दीपावलीको सुखद् उपलक्ष्यमा हार्दिक शुभकामना !**

विकसित जमिन, भवन, विजुली, पानी, सडक, ढल आदिजस्ता भौतिक पूर्वाधारहरूले सु–सज्जित औद्योगिक क्षेत्रहरूमा उद्योग स्थापना गरी समृद्ध बनौं !

**हाम्रा औद्योगिक क्षेत्रहरू :**

- बालाजु औद्योगिक क्षेत्र
- पाटन औद्योगिक क्षेत्र
- हेटौंडा औद्योगिक क्षेत्र
- धरान औद्योगिक क्षेत्र
- नेपालगंज औद्योगिक क्षेत्र
- पोखरा औद्योगक क्षेत्र
- बुटवल आद्योगिक क्षेत्र
- भक्तपुर औद्योगिक क्षेत्र
- वीरेन्द्रनगर औद्योगिक क्षेत्र
- राजविराज औद्योगिक क्षेत्र

**औद्योगिक क्षेत्र व्यवथापन लि.**
बालाजु, काठमाण्डौ
*फोन नं. ३५१२२४, २५०८४९*

# नेपालको खस्किँदो वैदेशिक व्यापार

दीपेन्द्रबहादुर क्षेत्री

नेपालको वैदेशिक व्यापारमा निजी क्षेत्रको प्रमुख भूमिका छ । नेपालको कुल गार्हस्थ उत्पादनमा झण्डै ४० प्रतिशत अंश ओगट्ने वैदेशिक व्यापारमा निकासीभन्दा पैठारी दोब्बरभन्दा बढी हुने गरेको छ । यसै कारण देशको व्यापार सन्तुलन निरन्तर रूपले घाटामा रहने गरेको छ । व्यापार घाटा सच्याउन निकासी बढाउने वा अनावश्यक पैठरीलाई नियन्त्रण गर्ने गरिन्छ । तर, यी दुवै उपाय सजिला भने छैनन् । निकासी बढाउन वस्तुको मूल्य, गुणस्तर र यथेष्ट परिमाण उपलब्ध गराउने आदि पक्षमा पूर्ण प्रतिस्पर्धी हुन सक्नुपर्छ । नेपालको भू-बनोट र निकासीयोग्य वस्तुको उत्पादका लागि चाहिने कच्चापदार्थ बाहिरबाट झिकाउनपर्ने भएकाले उत्पादन र ढुवानी लागत तुलनात्मक रूपले बढी हुन्छ । पैठारीमा नियन्त्रण गर्न पनि सजिलो किन छैन भने आपूर्तिको न्यूनताले वस्तुको बजारमूल्य बढाइदिने, उपभोग कटौति गर्न कठिन पर्ने र अधिकांश उद्योगका लागि आवश्यक कच्चापदार्थ न्यून भएमा उत्पादन, रोजगारी र निकासीमा पनि प्रतिकूलता आउँछ ।

आर्थिक प्रगतिका हिसाबले आर्थिक वर्ष २०५८/५९ उपलब्धिमूलक भएन । आर्थिक वृद्धिदर गत वर्षको ४.८ प्रतिशतको तुलनामा २०५८/५९ मा केवल ०.८ प्रतिशत रह्यो । कृषितर्फ उत्पादन वृद्धिदर ४.३ प्रतिशतबाट घटेर १.७ प्रतिशत र गैरकृषि क्षेत्रमा ५.१ प्रतिशतबाट ओर्लेर ०.२ प्रतिशतमा पुगेको छ । वैदेशिक व्यापार पनि उपलब्धिमूलक रहेन । अघिल्लो आर्थिक वर्ष कुल व्यापारमा ८.२ प्रतिशतले वृद्धि भई रू. १७१.३ अर्ब पुगेकोमा २०५८/५९ मा १०.० प्रतिशतले घटेर रू. १५४.३ अर्बमात्र रहन पुग्यो । व्यापार ओरालो लाग्न निकासी र पैठरी दुवैको नकारात्मक वृद्धिदरले योगदान दिएको छ ।

निकासी व्यापार अघिल्लो आर्थिक वर्षको तुलनामा २०५८/५९ मा १४.७ प्रतिशत ( रू ८.२ अर्ब) ले घट्यो । भारततर्फ भएको निकासी समीक्षा अवधिमा १०.९ प्रतिशत (रू.२.८ अर्ब)ले बढेको छ । ह्वात्त बढेको निकासीमा बनस्पति घ्यू, तामाको तार, जूटका सामानहरू पर्दछन् भने भारतीय लगानी रहेका उद्योगहरूका उत्पादनहरू दन्तमन्जन, साबुनजस्ता वस्तुहरूका अतिरिक्त पश्मीना वस्तुहरूको निकासी अप्रत्याशित रूपले घटेको छ ।

भारतबाहेकका अन्य मुलुकहरूतर्फ भएको निकासीमा ऊनी गलैंचा, तयारी पोशाक र पश्मीनाका सामानहरूको निकासी उल्लेख्य रूपले घट्न गएकाले अघिल्लो वर्षको ३.६ प्रतिशतको निकासी वृद्धि २०५८/५९ मा ३७ प्रतिशत (रू. १०.९ अर्ब)ले घट्न पुग्यो । यूरोप र अमेरिकामा विद्यमान आर्थिक गतिरोधका कारण क्रमशः गलैंचा र तयारी पोशाकको माग घटेको थियो । पश्मीनाका हकमा गुणस्तरमा प्रश्नचिन्ह लाग्नुका साथै बजारमा देखिएको शिथिलता जिम्मेवार मानिन्छ ।

भारतसँग सम्पन्न व्यापार सन्धिका शर्तहरू कार्यान्वयन हुन बाधा पुग्न गएबाट निकासीमा आशा गरेअनुसार भारततर्फ वृद्धि हुन सकेन । विनापरिमाणात्मक बन्देज र थप शुल्क नेपाली वस्तुहरू भारत निकासी गर्न, बनस्पति घ्यू पोलिष्टर धागो, तामाको तार, जी.आई. पाईपजस्ता वस्तुहरूको निकासी गर्न पाइने व्यवस्था विपरीत परिमाणमात्र तोकिएको होइन कि भारतीय खरिदकर्ता पनि एकाधिकार प्रयोग गर्ने गरी एउटा कम्पनीलाई अख्तियार गरियो । तेस्रो मुलुकतर्फको निकासीमा विद्यमान न्यूनताको कारण भने पश्चिमी मुलुकहरूमा छाएको आर्थिक शिथिलता हो ।

नेपालमा हुनेगरेको पैठारीको वृद्धि दरमा पनि गिरावट आएको छ । अघिल्लो आर्थिक वर्षमा कुल पैठारीमा ६.६ प्रतिशतले वृद्धिको

## निकासीको स्थिति

रू. करोडमा

| वस्तुहरू | २०५७/५८ | २०५८/५९ | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| दन्तमन्जन | २०३.३ | १६०.७ | -४७.५ |
| पश्मीना | २७२.९ | ६३.६ | -७६.७ |
| बनस्पति घ्यू | ३५६.० | ७०४.४ | +९७.९ |
| अन्य | १७७०.८ | १९५७.८ | +१०.६ |
| भारतको कुल | २६०३.० | २८८६.५ | १०.९ |
| गलैंचा | ८५९.२ | ६२१.० | -२७.७ |
| तयारी पोशाक | १३१२.५ | ७८२.५ | -४०.४ |
| पश्मीना | ४१२.१ | १२४.५ | -६९.८ |
| अन्य | ३७८.६ | ३३९.५ | (१०.३) |
| तेस्रो मुलुकहरुको कुल | २९६२.४ | १८६७.५ | (३६.९) |

स्रोत : नेपाल राष्ट्र बैंक

## नेपालको पैठारी ब्यापार

रू. करोडमा

| वस्तुहरु | २०५७/५८ | २०५८/५९ | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| पेट्रोलियम पदार्थ | ७४.१ | १३९.९ | ८८.८ |
| कोल्ड रोल-सीट | ८१.७ | ११४.९ | ४०.६ |
| बिलेट | २६०.४ | ३१७.७ | २२.० |
| रसायन | १८५.९ | १००.०० | (४६.२) |
| धागो | १६३.३ | ७३.९ | (५४.७) |
| अन्य | ३७५५.७ | ३७९७.० | ०.९ |
| कुल (भारत) | ४५२१.१ | ४५३६.४ | ०.३ |
| कच्चा ऊन | १८०.० | ९८.८ | (४५.१) |
| तामाको तार | ४११.१ | २०९.५ | (४९.०) |
| रासायनिक मल | ४०.७ | २५९.० | ५२९.० |
| पेट्रोलियम पदार्थ | ९८२.४ | १२९०.७ | ३१.४ |
| सुन | ५७५.९ | ६१.९ | (८९.३) |
| अन्य | ४८५७.५ | ४२१९.८ | (३१.१) |
| कुल (तेस्रो मुलुक) | ७०४७.६ | ६१३६.७ | (१२.९) |

स्रोत : नेपाल राष्ट्र बैंक (कोष्टभित्रको अंकले घटेको जनाउँछ)

## नेपालको वैदेशिक ब्यापार

रू. अर्बमा

| शीर्षक | २०५७/५८ | २०५८/५९ | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| निकासी | ५५.७ | ४७.५ | -१४.७ |
| पैठारी | ११५.७ | १०६.७ | -७.८ |
| व्यापार सन्तुलन | (६०.०) | (५९.२) | (१.३) |
| कुल व्यापार | १७१.४ | १५४.२ | -१०.० |
| कुल गार्हस्थ उत्पादन | ३९३.५ | ४१०.५ | ४.३ |


स्रोत : नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालय

तुलनामा २०५८/५९ मा ७.७ प्रतिशत (रू. ९.० अर्ब)ले घट्न गई रू. १०६.७ अर्बमा कायम रहेको छ । भारतबाट भएको पैठारीमा २०५८/५९ मा ०.३ प्रतिशतको सिमान्त वृद्धि भयो भने तेस्रो मुलुकबाट भएको पैठारी १२.९ प्रतिशत (रू. ९.१ अर्ब) ले घट्न पुग्यो ।

भारतबाट भएको पैठारीमा धागो, यातायातका साधन, रासायनिक मल, रसायन आदिमा गिरावट आएता पनि पेट्रोलियम पदार्थ र कोल्ड रोल सीट, बिलेटजस्ता औद्योगिक कच्चा पदार्थहरूको पैठारी बढेकोले भारततर्फको पैठारी व्यापारमा सीमान्त वृद्धि रह्यो । तेस्रो मुलुकतर्फबाट भएको पैठारीमा पेट्रोलियम पदार्थ, कच्चा भट्मास तेल, कच्चा पाम तेल आदिमा ठूलो वृद्धि भएता पनि कच्चा ऊन, लत्ता-कपडा, धागोजस्ता औद्योगिक कच्चापदार्थको पैठारी ह्वात्तै घटेको छ ।

पैठारीमा वृद्धि भएका वस्तुहरूमा पेट्रोलियम पदार्थ (भारततर्फ चोरी निकासीको अवस्था छाडी), रासायनिक मललाई सकारात्मक रूपमा लिनुपर्दछ । यी वस्तुहरूको आपूर्ति सरलताले आर्थिक विकासमा मद्दत पुग्दछ । सुती धागो, कच्चा ऊनको पैठारीमा कमीले गलैंचा निकासीमा प्रतिकुलता ल्याएको मान्न सकिन्छ । सुनको पैठारीमा ह्रास आएको आर्थिक गतिविधिमा ढिलाइको संकेत हो । यस्तो पैठारी आर्थिक दृष्टिले भन्दा व्यापारिक दृष्टिले मात्र मान्यता पाउने गरेको हो ।

कुल गार्हस्थ उत्पादनमा देशको वैदेशिक व्यापारको ३७.६ प्रतिशत रहेको सन्दर्भमा निकासी वा पैठारीमा शिथिलता आउँदा रोजगारी, उत्पादन र विदेशी मुद्रा आर्जन गर्ने कृयाकलापमा प्रतिकुलता आउन दिनु हुँदैन । व्यापार नीतिमा सुधार ल्याई आर्थिक विकासमा सकारात्मक योगदान दिने वातावरण बनाइनु पर्दछ । व्यापारलाई आर्थिक वृद्धिको सुचालकका रूपमा लिई निकासी अभिवृद्धिमा दिगोपन हासिल गर्नु आर्थिक विकासको द्योतक हुनेछ । यसका लागि सरकारी, गैर-सरकारी दुवै तहबाट राष्ट्रिय हितको पहिचान गरी इमान्दारितापूर्वक कार्यान्वयन गरिनुपर्दछ । ❑





नेपाली कांग्रेसका **नेता गिरिजाप्रसाद**/नेपाली कांग्रेस (प्रजातान्त्रिक) **का नेता शेरबहादुर**

# अन्ततः आयोगद्वारा कांग्रेसको फूटलाई गहिर्‍याउने निर्णय

निर्वाचन आयोगले एउटा स्वतन्त्र संवैधानिक निकायभन्दा बढी सरकारको मातहतमा रहेको कुनै नोकरशाही निकायले गर्नेजस्तै गरी गत असोज १ गते "आफ्नो सरकारलाई जोगाउने" निर्णय गरेपछि यसलाई लिएर सो आयोगको वर्तमान नेतृत्वप्रति बौद्धिक क्षेत्रमा ठूलो प्रश्नचिन्ह खडा भएको छ । तीन महिना समय लिएर पनि अध्ययन अधूरो रहेको दावी गर्दै 'अस्थायी टुंगो'का रूपमा यसले गिरिजा पक्षलाई हाल आधिकारिक कांग्रेस हुनुको हैसियत र चुनाव चिन्ह रूख एवं चारतारे भण्डाको हकवाला सावित गरिदिनुका अतिरिक्त देउवा पक्षलाई पनि नयाँ कांग्रेस पार्टी दर्ता गर्ने सातादिनको समय दिएर ठूलो 'दया' गरेको छ । तोकिएको समयमै दर्ता नभएका पार्टीहरूलाई पुनः म्याद दिएर दर्ता गराउने हो भने अन्तिम म्याद नसकिँदै सो म्याद थप्नु तार्किक कुरा हुन्थ्यो । तर म्याद सकिएर महिनौं भैसकेपछि यसरी कुनै एक पक्षप्रति विशेष 'सहुलियत' दिनुको अर्थ के ? देउवा पक्षले भेलाका नाममा बानेश्वरमा बोलाएका कार्यकर्ताहरूको भीडलाई एकाएक 'महाधिवेशन' नाम दिएर त्यसले गिरिजाप्रसादलाई पार्टी सभापतिबाट हटाएको एकतर्फी घोषणा गरेको घटना ने.का. पार्टीको विधानबमोजिम छ, छैन भन्ने कुरामात्र छुट्याउने मूल मुद्दा आयोगका सामु थियो । तर यतातिर नलागेर आयोग देउवाको कथित महाधिवेशनमा उपस्थित महाधिवेशन प्रतिनिधिहरूको संख्या र अनुपस्थित गिरिजा पक्षधरहरूको संख्या 'बहुसंख्या र अल्पसंख्याको नभई करीव करीव बराबरीकै संख्यामा विभाजन देखिएका' जस्ता तर्क गर्नपट्टि लागेर "पछि निर्णय गर्दा ठहरेबमोजिम हुनेगरी" भनेर हाललाई अन्तरिम निर्णय दिन पुगेको छ ।

मानौं, अन्तरिम नै सही, गिरिजाप्रसाद पक्ष नै आधिकारिक नेपाली कांग्रेस पार्टी ठहरियो । त्यसो भएपछि अन्तरिम नै सही, अर्को पक्ष नेपाली कांग्रेस पार्टी ठहरिएन । यसो भएपछि देउवा समूहले कि त स्वतन्त्र हैसियतमा चुनावमा भाग लिनुपर्ने हुन्छ कि त पहिले नै दर्ता भएका अन्य कुनै विचार मिल्ने पार्टीको नाम र चिन्हमा समाहित भएर त्यसको ब्यानरमा चुनाव लड्नुपर्ने हुन्छ । यो बाहेक अरू विकल्प

## नक्कली सही धस्काइएको भेला

देउवा समूहले महाधिवेशन घोषणा गरेको बानेश्वर भेलामा महाधिवेशन प्रतिनिधिहरुको नाममा आयोजकहरुले नै सही धस्काएको प्रमाण साप्ताहिक 'विमर्श' ले छापेको छ । २०५७ माघमा पोखरामा भएको र २०५८ मा बानेश्वरमा भएको भनिएको महाधिवेशनका केही नामहरुको पछाडि रहेका हस्ताक्षरहरु फरक भएको प्रष्टै देखिएको छ । उदयपुरका रामकुमार राई, संजीव थापा, मनाङका टेक ब. गुरुङ, राज घले, कर्मा छिरिङ आदि नाममा पोखरामा गरिएको हस्ताक्षरलाई बानेश्वरमा गरिएको हस्ताक्षरसँग भीडाउने हो भने पाइन्छ- यी हस्ताक्षरहरुमा आकाश जमीनको फरक छ । ❑

सम्भव नै हुँदैन । तर यो स्वाभाविक प्रकृयालाई मिचेर निर्वाचन आयोगले देउवा समूहका लागि हप्ता दिनको सर्वथा नयाँ म्याद दिनुको कारण के ? के देउवा पक्षको दवाव वा लालचमा निर्वाचन आयोग फसेको हो ? हैन, भने यो अस्वाभाविक सहुलित दिन कसरी मिल्छ ?

निर्वाचन आयोगले देउवा समूहलाई अर्को पार्टी दर्ता गर्नमात्र सहुलियत दिएको छैन । यसले देउवा पक्षलाई 'नेपाली कांग्रेसको छुट्टै समूह जनिने गरी' नयाँ पार्टी दर्ताको छुट पनि दिएको छ । यसले नेपाली कांग्रेस नामकै दुईवटा पार्टी मुलुकमा खडा गर्ने नियतद्वारा आयोग प्रभावित भएको प्रष्ट गर्छ ।

निर्वाचन आयोगले यस्तो छेउनटुप्पाको "अस्थायी निर्णय" दिन पनि तीन महिना समय विताउनुको अर्थ देउवा समूहलाई अस्पष्टताको फाइदा उठाई कांग्रेसी जनहरू धेरैलाई आफूतिर तान्ने मौका दिनु थियो भनेर किन नमान्ने ? आयोगका प्रमुख आयुक्त अच्युतनारायण राजभण्डारी स्वयंले निर्णय दिंदा निर्णयको प्रभाव कस्तो हुन्छ भन्ने हेरेरमात्र निर्णय दिइने भनी यसअघि सार्वजनिक गरेका राजनैतिक प्रकारका अभिव्यक्तिहरू समेतले आयोगको कामप्रति ठूलो शंका पैदा गरेको छ ।

एउटा दलको वैधानिकताका बारेमा तीन महिना समयमा पनि टुंगो दिन नसकेर 'काइते पाराको' अन्तरिम निर्णय दिने वर्तमान निर्वाचन आयोगले चुनौतिपूर्ण आगामी निर्वाचन कसरी सम्पन्न गर्ला ? - व्यापक सन्देह पैदा भएको छ । आधिकारिक कांग्रेसको प्रतिनिधित्व गरेर प्रधानन्त्री भएका शेरबहादुर देउवा अब आधिकारिक कांग्रेसमा नरहेपछि उनको पद-भार स्वयं अनैतिक भएको पक्ष पनि यतिखेर विचारणीय भएको छ । ❑

## काम चलाऊ निर्णय देखेर को कसरी छक्क परे ?

❑ "आयोगले अकर्मण्यताको नग्न नमूना प्रदर्शन गरेको छ । आयोगले अधूरो, अस्पष्ट र दुर्नियतपूर्ण निर्णय गरेको छ ।"

*- गिरिजाप्रसाद कोइराला*

❑ "आयोगले अप्रत्यासित निर्णय गरेको छ ।"

*- स्वयं शेरबहादुर देउवा ।*

❑ "निर्णयको व्यहोरा अधूरो, भ्रमपूर्ण र नेपाली कांग्रेसलाई विभाजन गर्ने नियतका साथ आएको देखिएको छ । तत्कालको निर्वाचनका लागि नेपाली कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद समाप्त भए पनि आयोगले आफ्नो म्याण्डेट विपरीत काम गरेको छ ।"

*- रामचन्द्र पौडेल*

❑ "....निर्वाचन आयोगको लज्जास्पद निर्णयले त प्रजातन्त्रमा आस्था राख्नेहरुलाई विचलित मात्र होइन, मूर्ख र बहुला नै बनाउने काम गरेको छ भने पनि हुन्छ । 'लगभग' भन्ने शब्दको प्रयोग गरेर शेरबहादुर देउवालाई जसरी राजनीतिको मैदानमा सक्रिय राख्नको लागि निर्वाचन आयोगले अन्तरिम निर्णय सुनाएको छ, त्यसले शक्तिको आगाडि सम्बैधानिक निकायहरुमा बस्नेहरु पनि कसरी गोटी बन्दारहेछन् भनेर एउटा ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ । संख्यामा लगभग भन्ने ठाउँ रहँदैन भन्ने कुरा पनि निर्वाचन आयोगमा बस्नेहरुलाई थाहा छैन होला त ? थाहा हुँदाहुँदै पनि निर्वाचन आयोगले यस्तो लज्जास्पद निर्णय कसरी गर्नसक्यो ? अचम्मलाग्दो र डरलाग्दो पक्ष यो छ ।

*- अंजु क्षेत्री (कान्तिपुर)*

❑ "समग्रमा हेर्ने हो भने कांग्रेसको आधिकारिकताको विवादमा निर्वाचन आयोगले दिएको सतही र अस्पष्ट निर्णयले निर्वाचन आयुक्तहरुको निर्णय क्षमतामा ठूलो प्रश्नचिन्ह खडा गरेको छ । यस प्रकरणबाट राष्ट्रलाई एउटा गतिलो शिक्षा के हो भने योग्यता नपुगेका, आफ्नो जिम्मेवारी के हो भनेर चिन्न नसक्ने, अरुको दवाब आउँदा आफ्नो स्वाभिमानको रक्षा गर्न नसक्ने र निर्णय क्षमतामा दरिद्रहरुलाई संविधान र प्रजातन्त्रको रखवाली गर्नुपर्ने गहन दायित्व बाकेका सम्वैधानिक निकायहरुमा नियुक्ति गर्नुपूर्व दुईचोटि सोच्नैपर्ने रहेछ ।"

*- अंगराज तिमिल्सिना ।*

❑ "निर्वाचन आयोगको निर्णय" 'अकर्मण्यताको नग्न प्रदर्शन' मात्र नहुन सक्छ । यसको पछाडि 'दुर्नियत' पनि लुकेको छ ।"

*- हरिहर विरही*






# कस्तो छ वाम-आन्दोलनमा अमेरिकी युद्धको असर ?

■ राजेन्द्र महर्जन

११ सेप्टेम्बर, २००१ मा अमेरिकाको आर्थिक र सैनिक शक्तिको केन्द्रका प्रतीकहरूमाथि भएको भीषण आक्रमण अचेल 'आतंकवादविरोधी विश्वव्यापी युद्ध'को रूपमा सर्वत्र प्रतिध्वनित भइरहेको छ । र, त्यसको नेतृत्व गरिरहेको अमेरिकाले आक्रमणकारी ठानिएका आफ्ना मानसपुत्र ओसामा विन-लादेनलाई मार्न वा गिरफ्तार गर्न तथा अल-कायदा नेटवर्कलाई ध्वस्त पार्न अफगानिस्तानको विनाशसँगै तेस्रो सहस्राब्दी र एक्काइसौं शताब्दीको पहिलो युद्ध जितिसकेको छ ।

'सन् २००२ लाई युद्ध वर्ष'को रूपमा घोषणा गर्दै युद्ध-उन्मत्त भइरहेको अमेरिकाले अहिले विश्वव्यापी रूपमा दीर्घकालीन सैनिक-राजनैतिक अभियान चलाइरहेको छ । आतंकवादविरोधी युद्धको आकर्षक नारा र सर्वस्वीकृत निहुँअन्तर्गत उसले संसारभर प्रतिआतंकवादी लडाईं संचालन गरिरहेको छ । यो लडाईलाई उसले विश्वव्यापीकरण गर्ने क्रममा १०२ वटा देशहरूमा आफ्ना सैनिक अड्डाहरू कायम गर्ने, लगभग डेढ सय देशहरूमा फौजी कारवाही र सैनिक अभ्यासहरू गर्ने, ठाउँ-ठाउँमा हमीद कारजाईको जस्तो कठपुतली शासन थोपर्ने, स्वतन्त्र सरकारहरूलाई अस्थिर पार्ने वा भंग गर्ने, सैनिक विद्रोह गराउने र प्रगतिशील, प्रजातान्त्रिक र वामपन्थी आन्दोलनहरूलाई नष्ट गर्ने 'लामो अभियान' नै चलाइरहेको छ ।

**फिलिपिन्स : अमेरिकाले फिलिपिन्सको कम्युनिष्ट पार्टी सी. पी. पी र त्यसको न्यू पिपुल्स आर्मी एन. पी. पी. लाई अन्तर्राष्ट्रिय आतंकवादीको कित्तामा हालेको छ । किन हालेको होला ?**



फिलिपिन्सका महिला छापामारहरु

अमेरिकी आतंकवादी युद्धको विश्वव्यापीकरणले वामपन्थी र कम्युनिष्ट आन्दोलनलाई कस्तो प्रभाव पारिरहेको छ त ? - यो सवाल धेरैलाई विचारणीय हुनसक्छ । केही ठोस उदाहरणसहित यसै सवालमा विचार-विमर्श गर्ने प्रयत्न यहाँ गरिनेछ ।

### *विचारसाथिको दमनमा विस्तार*

११ सेप्टेम्बरको आक्रमणपछि अमेरिकाले आतंकवादी युद्धलाई विश्वव्यापीकरण गर्ने क्रममा आतंकवादका नयाँ नयाँ परिभाषा गढ्ने र आफ्नो साम्राज्यको विरोधमा रहेका सबै शक्तिहरूलाई यही घानमा पार्ने काम गर्न थालेको छ । अफगानिस्तानमाथिको जीतपछि मात्तिएको अमेरिकाले यो युद्धलाई फिलिपिन्ससम्म विस्तार गर्ने क्रममा आफैंले जन्माएको 'अबु-शयाफ' मुसलमान विद्रोहीहरूसँगै फिलिपिन्सको कम्युनिष्ट पार्टी (CPP) र त्यसको न्यू पिपुल्स आर्मी (NPP) लाई पनि अन्तर्राष्ट्रिय आतंकवादीको कित्तामा हालेको छ ।

आफ्नो भूतपूर्व उपनिवेश फिलिपिन्समा १४ लाख जनताको हत्या गरिसकेको अमेरिकी प्रभुत्व, उसका सैनिक अखडाहरूको अस्तित्व र उसका कठपुतली सरकारहरूको तानाशाही शासनविरूद्ध विगत चार दशकदेखि सशस्त्र जनयुद्ध संचालन गर्दै आइरहेको फिलिपिनो कम्युनिष्ट पार्टी त्यहाँ अमेरिकी स्वार्थको विस्तारको मार्गमा सबैभन्दा ठूलो बाधा भइरहेको छ । त्यसैले यस पार्टी र यसको जनसेनालाई पनि सीआईए र फिलिपिनो सैनिक जनरलहरूले वामपन्थीहरूसँग संयुक्त मोर्चा गर्ने मिण्डानाओ क्षेत्रका मुसलमान विद्रोहीहरूको 'काउन्टर ब्यालेन्स'मा निर्माण गरेको 'अबु-शयाफ' मुसलमान आतंककारीहरूको हाराहारीमा राखेर सिध्याउने षडयन्त्र रचन थालिएको छ । अहिले एकातिर यसका २० हजारभन्दा वेसी जनसेना र हजारौं-हजार जन मिलिशियाहरूविरूद्ध लुजोन टापुमा अमेरिकी सैनिकहरूद्वारा आक्रमण गर्ने संभावना टड्कारो हुन थालेको छ । अर्कोतिर, यसलाई आतंकवादी भन्दै बदनाम गर्ने, नेदरल्याण्डमा विगत १४ वर्षदेखि राजनैतिक शरणार्थीको जीवन विताइरहेका यसका संस्थापक नेता होसे मारिया सिसोंलाई त्यहाँबाट भगाउने प्रयास पनि थालिएको छ, जसविरूद्ध अहिले युरोप र एशियामा आवाज उठिरहेको छ ।

सबैजसो राष्ट्रिय मुक्ति संघर्ष र जनताका सशस्त्र संघर्षहरूलाई समेत आतंकवादी कित्तामा समावेश गर्ने क्रममा उसले विश्वका ३४ वटा संगठनहरूलाई अन्तर्राष्ट्रिय आतंकवादी नामाकरण गरेको छ । त्यसमा रिभोल्यूशनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया (FARC), प्यालेस्टाइनको पिपुल्स फ्रन्ट फर दि लिबरेशन अफ प्यालेस्टाइन

(PFLP), टर्कीको रिभोल्यूशनरी पिपुल्स लिबरेशन पार्टी-फ्रन्ट (DHKP-C) र नेकपा (माओवादी)लाई समेत समावेश गरिएको छ । र, तिनीहरूविरूद्ध युद्ध चर्काउने क्रममा उसले एकसाथ नेपालदेखि कोलम्बियासम्म सैनिक र आर्थिक सहयोग थुपार्ने, फिलिपिन्समा आफ्ना सैनिकहरू उतार्ने र टर्की एवं इजरायललाई युद्धका लागि अर्थ, सैन्य प्रशिक्षण र हात-हतियारको सहयोग गर्ने काम गरिरहेको छ ।

अर्कोतिर, अमेरिकी युद्धकै विश्वव्यापीकरणको फलस्वरूप कम्युनिष्ट पार्टीमाथिको दमन पनि बढ्दै बढ्दै गइरहेको छ । ११ अगष्टमा पहिलेको कम्युनिष्ट मुलुक युगोस्लाभियाको विभाजनबाट निर्मित स्लोभाक राज्यको संसदले कम्युनिष्ट विचारको प्रचार-प्रसारमाथि रोक लगाउने निर्णय गरी फासीवादी व्यवहार देखाएको छ । र, रूस, लात्भिया र पोल्याण्डलगायतका पहिलेका कम्युनिष्ट राष्ट्रहरूमा कम्युनिष्ट विचार, यो विचार बोक्ने पार्टी एवं व्यक्तिहरूमाथिको दमनमा निक्कै वृद्धि भएको छ ।

र, यस्तो दमनको भयावह विस्तार आतंकवादको सबैभन्दा ठूलो मुहान खोज्ने क्रममा अमेरिकी साम्राज्यवादको जरोसम्म पुगेका विश्वविख्यात विद्वान नोम चोम्स्कीका विचारहरूमाथि समेत अमेरिकामै अघोषित रूपमा प्रतिबन्ध लगाउने हदसम्म फैलिन थालेको छ । र, यस्तै दमनकारी कार्य न्याय, स्वतन्त्रता र समानताका लागि लडिरहेका सबैजसो साम्राज्यवादविरोधी-



◄ फिलिपिनो कम्युनिष्ट पार्टीका संस्थापक नेता : होसे मारिया सिसों



▼ प्रतिरोध संघर्ष चर्काउँदै पिलिपिन्सको न्यू पिपुल्स आर्मीका छापामारहरू

पूँजीवादविरोधी व्यक्ति र शक्तिहरूका चिन्तन र कर्ममाथि समेत हुन थालेको छ ।

## वामपन्थबाट दक्षिणपन्थतिरको यात्रा

अमेरिकाले आफ्नो साम्राज्यवादी चरित्रलाई नग्न रूपमा उदाङ्याउने क्रममा आफ्नो 'आतंकवादविरोधी युद्ध'लाई जति जति विश्वव्यापीकरण गरिरहेको छ, त्यति त्यति विश्वका वामपन्थी र कम्युनिष्टहरूमा त्यसका सकारात्मक र नकारात्मक प्रभावहरू देखिइन थालेका छन् । ल्याटिन अमेरिकाको समग्र वामपन्थी आन्दोलनमाथि परेको प्रभावको मूल्यांकन गर्दै विद्वान जेम्स पेट्रास लेख्छन्- "साधारणतः यसको प्रभावस्वरूप संसदीय चुनावमा लिप्त वामपन्थी पार्टीहरू झन् झन् दक्षिणपन्थतिर ढल्किएका छन् र गैरसंसदीय संघर्ष गरिरहेका सामाजिक-राजनैतिक आन्दोलनहरू अझ बेसी आमूल परिवर्तनकारी (र्‍याडिक्लाइज्ड) भएका छन् ।"

अमेरिकी आक्रमण र हस्तक्षेपबाट वामपन्थी आन्दोलनमा परेको नकारात्मक प्रभावका बारेमा विचार गर्दा उदाहरणका रूपमा निकारागुआको साण्डिनिष्टा नेशनल लिबरेशन फ्रन्ट (FSLN) र वर्कर्स पार्टी अफ ब्राजिल (PTB)लाई लिन सकिन्छ ।

सन् १९७९ मा लोकप्रिय खालको सशस्त्र संघर्ष गरी सत्तासीन भएको वामपन्थी साण्डिनिष्टा नेशनल लिबरेशन फ्रन्ट कम घनीभूत युद्धअन्तर्गत अमेरिकाले गरेका आक्रमण, नाकाबन्दी र चर्को दवाबपछि सन् १९९० को राष्ट्रपतीय चुनावमा हारेको थियो । त्यसपछिका प्रत्येक चुनावमा दोस्रो स्थानमात्रै लिंदै आएका फ्रन्टका नेता तथा पूर्व राष्ट्रपति डेनियल ओर्टेगाले विगत एक दशकदेखि आफूलाई मध्यवामतिर धकेल्न थालेका संकेतहरू देखिएका छन् । सन् २००१ को राष्ट्रपतीय चुनावमा उनले नवउदारवादी अर्थतन्त्रका हिमायतीलाई उपराष्ट्रपति पदका लागि आफ्ना उम्मेदवारका रूपमा छानेका थिए । र, उनले अमेरिकाको तथाकथित आतंकवादविरोधी युद्धमा रंगिएर अफगानिस्तानमाथि भएको नरसंहारकारी बमवर्षा र विश्वव्यापी सैनिक आक्रमणको समर्थन गर्ने हदसम्मको दक्षिणपन्थी कार्य पनि गरेका थिए । यसका साथै वामपन्थीहरूको चर्को विरोधको विषय भइरहेको अमेरिकाद्वारा प्रायोजित 'फ्री ट्रेड एरिया अफ द अमेरिकाज' (FTAA), चर्को विदेशी ऋण भुक्तानी र नवउदारवादी नीतिहरूको समेत समर्थन गरेर उनले वामपन्थी-जनमतलाई बिच्क्याएका थिए ।

यति हुँदाहुँदै पनि अमेरिकाले पहिलेका वामपन्थी छापामार नेताबाट नवउदारवादी नेता बनेका डेनियल ओर्टेगालाई विश्वास गर्नुको सट्टा अर्कैलाई जितायो । आफ्नो राजदूतमार्फत् उसले पुरातनपन्थी उदारवादी उम्मेद्वारलाई जिताउन चुनावमा व्यापक हस्तक्षेप गर्ने, ओर्टेगालाई मतदान नगर्न-नगराउन आर्थिक नाकाबन्दीदेखि सैनिक हस्तक्षेप गर्ने हदसम्मको डर-धम्की दिएर अन्ततः



ब्राजिल : लुलालाई विद्यमान विषम व्यवस्थाको रूपान्तरणका लागि जनसंघर्ष र संसदीय संघर्ष अगाडि बढाउने कार्यमा भन्दा चुनावी तिकडमबाजीमा बेसी रूचि भएको आलोचना आइरहेको छ

उसले ओर्टेगालाई फेरि पनि हराएको छ । र, उनीचाहिं देशी-विदेशी पूँजीपति वर्गको सहयोग-समर्थन प्राप्त गर्ने चक्करमा आफ्नै देशभक्त, प्रगतिशील र वामपन्थी खेमाबाट अलग्गिएको कारणले चुनावमा फेरि एकपटक नराम्ररी पछारिएका छन् ।

उता, अत्यन्त राम्रो प्रजातान्त्रिक संरचना र संस्कृति भएको वामपन्थी पार्टी वर्कर्स पार्टी अफ ब्राजिलको नेतृत्व पनि विस्तारै समाजवादीबाट सामाजिक जनवादी (सोशल डेमोक्रेट)मा रूपान्तरित हुन थालेको छ । ११ सेप्टेम्बरको आक्रमणपछि बढ्दो अमेरिकी दवाबलाई ध्यानमा राखेर यसले पनि आफ्नो नीति र कार्यक्रमलाई दक्षिणतिर उन्मुख गर्न थालेको छ । सोशल डेमोक्रेट, वामपन्थी र कम्युनिष्टहरूको संयुक्त मोर्चाजस्तै खालको स्वरूप भएको यस पार्टीको दक्षिणतिरको यात्रा अहिले मध्यवामसम्म पुगेको छ । र, यसले लिबरल पार्टी र ब्राजिलियन डेमोक्रेटिक मुभमेन्ट पार्टीजस्ता मध्यवाम पार्टीहरूसँग गठबन्धन कायम गर्ने र नव उदारवादी नीति र कार्यक्रम स्वीकार्ने काम गरिसकेको छ ।

वर्कर्स पार्टीका लोकप्रिय नेता तथा राष्ट्रपति पदका विजय-उन्मुख उम्मेद्वार लुइज इनाशियो लुला दा सिल्भा चुनावमार्फत् सत्ताको कुर्सीमा पुग्ने भऱ्याङ चढ्न बेसी आतुर भएको गुनासो पनि गुन्जन थालेको छ । उनलाई विद्यमान विषम सामाजिक-आर्थिक व्यवस्थाको रूपान्तरणका लागि जनसंघर्ष र संसदीय संघर्ष अगाडि बढाउने कार्यमा भन्दा चुनावी तिकडमबाजीमा बेसी रूचि भएको आलोचना आइरहेको छ । उनी र उनको वर्कर्स पार्टी अमेरिकाको समर्थन र सहयोग पाउने लालसामा आर्थिक नीतिमा हेरफेर ल्याउने, ऋण भुक्तानीको

ग्यारेन्टी लिने, सरकारी संस्थानहरूको निजीकरणको पक्ष लिने र अमेरिकी लगानीलाई प्रोत्साहित गर्ने हदसम्म दक्षिणाभिमुख भइसकेको आलोचना व्यापक भइरहेको छ । र, उनले आफ्नो उपराष्ट्रपतिको पदको उम्मेदवारका रूपमा त्यस्ता अरबपति टेक्सटाइल सम्राटलाई छानेको पक्षलाई यसको ज्वलन्त प्रतीकका रूपमा लिइन्छ, जो जुझारू श्रमिक आन्दोलन र ल्याण्डलेस वर्कर्स मुभमेन्टका कट्टरविरोधी तथा FTAA का पक्षपाती हुन् । यसले खुलेआम रूपमा अमेरिकी आक्रामक विदेश नीतिको समर्थन गरेको छैन । तापनि त्यस नीतिले भने यस पार्टीको आन्तरिक राजनीतिक एवं वाह्य नीति र कार्यक्रमलाई दक्षिणपन्थतिर धकेल्न सहयोग गरेको विश्लेषण विद्वान जेम्स पेट्रासको देखिन्छ ।

केही ल्याटिन अमेरिकी वामपन्थी र कम्युनिष्ट पार्टीहरूको मध्यवाम र दक्षिणपन्थतिरको यात्रा सबैजसो महादेशका कम्युनिष्ट पार्टीको संसदीय राजनीतिको दुर्गतिको प्रतिविम्ब हुनसक्छ, चाहे त्यो नेपालको होस् या इटालीको । त्यसको अर्थ संसदीय वा चुनावी राजनीति गर्ने पार्टी र व्यक्तिहरूको यात्रा दक्षिणपन्थतिर मात्रै हुन्छ भन्न खोजेको किमार्थ होइन, न त अमेरिकी आक्रमण र दवावपछि सबै शक्तिहरू झुकेर उसकै पिछलग्गू हुन्छन् भन्न खोजिएको पनि कदापि होइन । दक्षिणपन्थतिरका यात्रुहरूको संख्या अत्याधिक रहेको स्थितिमा पनि अमेरिकी सैनिक, राजनैतिक आक्रमणको प्रभावस्वरूप थुप्रै सामाजिक-राजनैतिक आन्दोलनहरू र संसदीय राजनीतिका आयामहरू अरू बेसी जनमुखी र आमूल परिवर्तनवादी भएका उदाहरणहरू पनि थुप्रै छन् ।

## बढ्दो छ, आमूल परिवर्तनकारी आचरण

यो एक्काइसौं शताब्दीमा पनि महाबली राष्ट्र अमेरिकाद्वारा प्रायोजित सैनिक विद्रोहको शिकार भएको मुलुक- भेनेजुयलाको राष्ट्रिय राजनीति अरू देशको तुलनामा वामपन्थतिर तीव्र गतिमा अगाडि बढिरहेको देखिन्छ । केही समयअगाडि मात्रै अमेरिकाले ठूलठूला पूँजीपतिहरू, धार्मिक नेताहरू र ट्रेड यूनियनका बोसहरूलाई परिचालन गरी विशाल स्तरको प्रदर्शन आयोजना गर्न लगाएको थियो, ताकि उत्तेजित भीडलाई सरकारद्वारा दमन गरिएमा सैनिक विद्रोह गरी वामपन्थी दिशातिर उन्मुख राष्ट्रपति ह्यूगो शाभेजलाई सत्ताच्यूत गर्न सकियोस् र आफ्नो कठपुतली सरकार स्थापना गर्न सकियोस् ।

ठीक अमेरिकी योजना र चाहनाअनुरूप सैनिक विद्रोह भयो, राष्ट्रपति पनि फेरियो, तर जननिर्वाचित राष्ट्रपति ह्यूगो शाभेज र उनका समर्थकहरूले, विशेषतः शहरका गरीव-उत्पीडितहरू तथा विद्रोही ट्रेड यूनियन कार्यकर्ताहरूले संगठित रूपमा विशाल जनपरिचालन गरी त्यसको सशक्त प्रतिकार गरे । भीड परिचालनका विरूद्ध विशाल जनपरिचालन, सेनाका विरूद्ध सेना ! यस्तो स्थितिमा आन्दोलनकारीहरूद्वारा विशाल जनपरिचालन र तल्लो तहका सैनिकहरूको समर्थनबाट क्यूबाका राष्ट्रपति फिडेल क्यास्त्रो समर्थक शाभेजलाई पुनः राष्ट्रपतिको कुर्सीमा पदस्थापन गरियो । त्यसपछि उनको चिन्तन र कर्ममा निक्कै धेरै जनमुखीपना र आमूल परिवर्तनको पक्षधरता देखियो । उनी अहिले जुझारू खालका विद्रोही ट्रेड यूनियन कार्यकर्ताहरू, शहरका गरीव र बेरोजगारका लडाकू संगठनहरू र तल्लो तहका सैनिकहरूसँग एकाकार भई गरीवहरूको पक्षमा आधारभूत सामाजिक-आर्थिक नीति र कार्यक्रम लागू गर्न व्यस्त भइरहेका छन् ।

ल्याटिन अमेरिकाको जनआन्दोलनको अध्ययन गरिरहेका जेम्स पेट्रासजस्ता विद्वानहरूका अनुसार, अमेरिकी प्रायोजनमा भएको सैनिक विद्रोह र भीडको परिचालनपछि वस्तीवस्तीमा र सिंगो राष्ट्रमा वर्गीय ध्रुवीकरणमा तीव्रता आएको छ । उच्च धनीवर्ग र धनीवर्गतिर उन्मुख मध्यम वर्ग एकातिर, निम्न मध्यम वर्ग र शहरदेखि गाउँका गरीवहरू अर्कोतिर । यही भीडन्तको कारणले दुबै ध्रुवमा रहेका वर्गहरूको मागमा पनि आमूल परिवर्तन हुन थालेको छ । धनीमानी व्यापारी र पूँजीपति वर्गले सबै समस्याहरूको सैनिक समाधान खोज्नुपर्ने, अमेरिकाको कठपुतली सरकार स्थापना गरेर शाभेजको स्वतन्त्र परराष्ट्र नीतिलाई उल्टाउनु पर्ने माग गर्न थालेका छन् । त्यस्तै गरी, गरीव र बेरोजगार वर्गले पनि विदेशमुखी भइरहेका लगानी, परराष्ट्रनीति र विपक्षीहरूलाई तह लगाउनु पर्ने तथा सामाजिक उत्पादन र मुनाफाको वितरण व्यवस्थालाई क्रान्तिकरण गर्नु पर्ने माग चर्काउन थालेका छन् ।



**भेनेजुयला : जहाँ अमेरिकाद्वारा प्रायोजित 'कू' समेत उल्टाइयो । विशाल जनपरिचालन र तल्लो तहका सैनिकहरूको समर्थनबाट शाभेजलाई पुनः राष्ट्रपतिको कुर्सीमा पदस्थापन गरियो ।**

यस्तो स्थितिमा, मध्यवर्तीमा रहेर तटस्थको भूमिका खेल्न नै नसकिने स्थितिमा पुगेका राष्ट्रपति शाभेजले अमेरिका र दक्षिणपन्थी शक्तिहरूले आफूलाई सत्ताच्यूत गर्न रचिरहेको षडयन्त्र र भीड-परिचालनविरूद्ध सम्बैधानिक सरकारको पक्षमा जनपरिचालन, जनताकै संगठित, सचेत र संघर्षशील सहभागितामा शासन संचालन तथा स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बनलाई घनीभूत रूपमा अगाडि बढाउन थालेका छन् । यसले अनिवार्य भइसकेको सामाजिक परिवर्तनको गतिलाई छिटो पार्छ कि ढिलो पार्छ, प्रतिक्षाको विषय भइरहेको छ ।

त्यस्तै, अर्जेन्टिनाको डुहाल्डे सरकारले ऋण भुक्तानी गर्ने, अन्तर्राष्ट्रिय मुद्राकोषका निर्देशन स्वीकार्ने र क्यूबाविरूद्ध मतदान गर्ने कार्य गरी अमेरिकालाई खुशी पार्न खोजेपछि त्यहाँ विरोधको आवाज निक्कै ठूलो मात्रामा गुञ्जिएको छ र विरोधीहरूका मागहरू झन् बेसी आमूल परिवर्तनवादी भएका छन् । सबैजसो विपक्षी पार्टीहरू एकजूट हुने, मध्यम वर्गका सदस्यहरूसमेत सरकारविरोधी प्रदर्शनको क्रममा सडकमा उत्रने र गरीब बेरोजगार



**अर्जेन्टिना : सरकार अमेरिकाको पछिपछि ! विपक्षी पार्टीहरू चाहिँ आमूल परिवर्तनको मागमा सडकमा उत्रेका जनताको पछिपछि !**

मजदूरहरूको सडक बन्द गर्ने अभियानमा तीव्रता ल्याउने काम यसबीच भइरहेका छन् ।

अमेरिकी आक्रमण र दवाबको सबैभन्दा चर्को विरोध र सशक्त प्रतिकार कोलम्बियाका वामपन्थी छापामारहरूले गर्न थालेका छन् । सरकारको बलमिच्याइँको फलस्वरूप शान्तिवार्ता भंग हुने र असैनिकृत क्षेत्रको घोषणा फिर्ता लिने काम भएपछि उनीहरूले निक्कै ठूलाठूला प्रत्याक्रमणहरू गरेका छन् । FARC र ELN जस्ता दुईवटा छापामार संगठनहरूबीचको समन्वयात्मक कारवाहीको परिणामस्वरूप अमेरिका र कोलम्बियाली सैनिकहरूका धेरैजसो आक्रमणहरू नराम्ररी विफल भएका छन् । यसबीच उनीहरूको अधीनमा रहेको असैनिक क्षेत्रका केही स-साना शहरहरूमाथि कब्जा जमाउने बाहेक अरू खासै केही गर्न सकिरहेका छैनन्- अमेरिकी-कोलम्बियाली सैनिकहरूले । तर तिनीहरूको प्रायोजनमा काम गरिरहेका अर्द्धसैनिक मृत्युदस्ताहरूले भने छापामारहरूबाट धेरै नै नराम्ररी पराजय भोग्नु परिरहेको छ ।

### *घट्दो छ, अमेरिकाको वैचारिक वर्चश्व*

११ सेप्टेम्बरको आक्रमणपछि थालिएको अमेरिकी आतंकवादी युद्ध अमेरिका र अमेरिकाको भक्ति गर्ने राष्ट्रका सरकारहरू, जनताबीच निकै नराम्ररी नाँगिदै गइरहेका छन् । उनीहरूले ठाउँ-ठाउँमा सत्ता परिवर्तन गर्दै आफ्ना 'हमीद कारजाईहरू' स्थापना गर्ने र जनविरोधी नवउदारवादी आर्थिक नीतिहरू लागू गराउने अभियानमा पनि धेरै बाधा-अड्चन व्यहोर्नु परिरहेको छ । युगोस्लाभियाका राष्ट्रपति स्लोभोदान मिलोशेविच र भेनेजुयलाका राष्ट्रपति ह्यूगो शाभेजलाई जस्तै क्यूबा, इराक र प्यालेस्टाइनका राष्ट्रपतिहरूलाई फेर्ने पछिल्लो साम्राज्यवादी धृष्टता पनि विश्वव्यापी जनविरोधका सामु निक्कै अप्ठ्यारोमा परिरहेको छ ।

अमेरिका र उसका सहयोगी राष्ट्रहरूले आतंकवाद, नवउदारवादी आर्थिक नीति, दिगो विकास, एड्स र वातावरणका सवालमा भएका विश्व सम्मेलनहरूमा चौतर्फी रूपमा सैद्धान्तिक र वैचारिक चुनौती सामना गर्नु परिरहेको छ । र, यी सबैजसो सवालमा जनविरोधी र जीवनविरोधी विचार र व्यवहार लिइरहेका ती शक्तिहरूले ठूल्ठूला जनविद्रोह र विशाल मात्रामा जुझारू जनआन्दोलनहरू भेल्नु परिरहेको छ । सियाटलदेखि जिनोवासम्म, रियो डि जेनेरियोदेखि जोहान्सबर्गसम्ममा भएका जनप्रदर्शनहरूले अमेरिकाको नेतृत्वमा अगाडि बढिरहेका जीवनविरोधी विचारहरूको वर्चश्वमाथि विश्वव्यापी रूपमा धावा बोल्ने काम निक्कै सशक्त रूपमा हुन थालेको छ । र, यसकै राष्ट्रिय स्तरको संघर्षका रूपमा इटाली, ग्रीस, फ्रान्स र स्वयं अमेरिकाका सडकहरूमा भइरहेका जनप्रदर्शनहरू, अर्जेन्टिना, बोलिभिया, ब्राजिल र इक्वेडरमा भइरहेका जुझारू खालका सडकबन्दका कार्यक्रमहरू र फिलिपिन्सदेखि प्यालेस्टाइन, टर्की, कोलम्बिया र मेक्सिकोका जंगलहरूमा भइरहेका सशस्त्र संघर्षहरू यसबीच झन् झन् तीव्र हुँदैछन् ।

सधैं उतार-चढावमा रहिरहने जनताका आन्दोलनहरूमाथि, जनताको राजनीति गर्ने वामपन्थी पार्टी र सरकारका नीति र कार्यक्रमहरूमाथि अमेरिकी आतंकवादी युद्धले फरक फरक प्रभाव पारेको कुरामा कुनै शंका छैन । जबसम्म अमेरिका र उसका सहयोगीहरूले विभिन्न देशका संसद भवन र राष्ट्रपति प्रासादहरूमा आफ्ना कठपुतलीहरू स्थापना गर्ने कार्य गरिरहन्छन्, तबसम्म ती भवन र प्रासादहरू घेर्न र कब्जा गर्न जनताहरू सडकसडकमा उत्रिरहने छन् । हो, तबसम्म अमेरिकी आतंकवादी युद्धले न्यायप्रेमी संघर्षशील जनता र तिनीहरूप्रति आस्था र प्रेम गर्ने शक्तिहरू पराजित हुने छैनन् । यहाँ हजारौं पटक पुनर्विचार र पुनःसंस्कार गर्नुपर्ने पक्ष हो- वामपन्थी र कम्युनिष्ट पार्टी, शक्ति र व्यक्तिका चिन्तन र कर्महरू, चाहे ती संसद, सदन वा जंगल जहाँसुकै गरिने आचरण किन नहोऊन्, ती चिन्तन र कर्महरूले व्यापक जनतालाई सचेत, संगठित र सशक्त बनाइरहेका छन् कि जनविरोधी शक्ति र सरकारलाई टेवा पुऱ्याइरहेका छन्, प्रत्यक्ष या अप्रत्यक्ष रूपमा ?

११ सेप्टेम्बरपछि धेरै नै फेरिएको विश्व परिस्थिति र राष्ट्रिय स्थितिको सन्दर्भमा आफ्ना चिन्तन र कर्महरू व्यवहारवादी हुने नाममा आत्मसमर्पणवादी भइरहेका छन् कि आमूल परिवर्तनवादी हुने नाममा उग्रवादी भइरहेका छन् ? सबैले आ-आफ्नो सिद्धान्त र व्यवहारको ऐनामा हेर्ने समय आएको छ ।



*कोलम्बियाका वामपन्थी छापामारहरु*

*सन्दर्भ सामग्रीहरु*


1. U.S. Offensive in Latin America: Coups, Retreats and Radicalization by James Petras- MR-May 2002.
2. Comment on US designation of CPP and NPA as foreign terrorist organization by Jose Maria Sison, 1-8- 2002, Homepage of WPB.
3. US Military Intervention Heightens Revolutionary Resolve of the Filipino People by Jose Maria Sison, Press Statement, 12 Jan. 2002.
4. कोलम्बियाको FARC, ब्राजिलको PTB, बेल्जियमको WPB का वेभसाइटहरू ।



देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीव्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

विश्व व्यापार संगठन

# के नेपालले यसको सदस्य बन्नु उचित छ ?

❑ अनिल भट्टराई

विश्व व्यापार संगठन स्थापना भएको सात बर्ष बितिसकेको छ । यो समयमा विश्व व्यापार संगठनमा थुप्रै परिवर्तनहरू पनि भएका छन् । अहिले विश्व व्यापारको झन्डै ९० प्रतिशत हिस्सा यसका सदस्य राष्ट्रहरूबीचको व्यापारले लिएको छ । त्यसैगरी यसअन्तर्गत हस्ताक्षर गरिएका संझौताहरूले सदस्य राष्ट्रहरूको आर्थिक, सामाजिक नीति तथा राजनैतिक प्रक्रियामा दूरगामी प्रभाव पार्दै गएका छन् । यो संगठन अहिले विकासशील देशहरूको विकास नीतिहरूमा ज्यादा प्रभावकारी बन्दै गइरहेको छ र भविष्यमा अझ बढी प्रभावकारी बन्न जाने कुरा लगभग निश्चित छ ।

विकासशील देशहरूका लागि विश्व व्यापार संगठनको सान्दर्भिकता त्यतिबेला हुन्छ, जतिबेला यस संगठनका छाताभित्र हुने व्यापारले यस देशको दीगो, समतामूलक तथा सन्तुलित विकासमा टेवा पुऱ्याउँदछ । बेलायती गैरसरकारी संस्था अक्सफामले आफ्नो प्रतिवेदनमा देखाए अनुसार अफ्रिका, पूर्वी एशिया, दक्षिण एशिया तथा ल्याटिन अमेरिकाका देशहरूले विश्व निर्यात बजारमा आफ्नो हिस्सा एक प्रतिशतले मात्रै वृद्धि गर्ने हो भने, झन्डै तेह्र करोड मानिसहरूलाई गरिवीबाट माथि उठाउन सक्दछन् । त्यस्तै, निर्यातको हिस्सामा पाँच प्रतिशतले वृद्धि भयो भने त्यसबाट ३ खरब ५० अरब डलर सृजना हुन सक्छ, जुन ती देशहरूले विभिन्न विदेशी सहायतामार्फत् पाइआएको रकमभन्दा सात गुणा बढी हो ।[1] तर व्यापारबाट त्यो लक्ष्य प्राप्त गर्नका लागि विगतका अनुभवहरूलाई हेर्दा अहिलेकै संरचनाभित्र यो संभव भने देखिँदैन ।

विकासोन्मुख देशहरूको सन्दर्भमा अहिले विश्व व्यापार संगठनमा चार प्रमुख समस्याहरू देखा परेका छन् :

पहिलो, विकासोन्मुख देशहरूले विश्व व्यापार संगठनबाट अपेक्षित फाइदाहरू पाउन सकेनन् भन्ने कुरा बितेका वर्षहरूको अनुभवले देखाएको छ । विकासोन्मुख देशहरूलाई खासगरी दुई प्रमुख क्षेत्रहरूमा व्यापारिक हिसाबले फाइदा लिनसक्ने अपेक्षा गरिएको थियो : कृषि उपज तथा लत्ताकपडा । तर यी दुवै क्षेत्रमा फाइदा भने हात लागेको छैन । ग्याटको उरूग्वे संझौतामा विकसित देशहरूले विकासशील देशहरूका लागि यी उत्पादनका क्षेत्रहरूमा आफ्नो बजारमा विकासोन्मुख मुलुकको पहुँच बढाउने कुरा स्वीकारेका थिए । तर अहिलेसम्म पनि उनीहरूले त्यसलाई कार्यान्वयनमा राम्ररी ल्याएका छैनन् ।

उल्टो, विकसित देशहरूको कृषि उपजको बजार त्यसयता अझ बढी नियन्त्रित भएको छ । ती देशहरूले उत्पादकहरू र प्रमुख रूपमा धनी किसान तथा कृषि कम्पनीहरूलाई दिने प्रत्यक्ष तथा अप्रत्यक्ष अनुदान र सहुलियतहरू बढेका छन् । जस्तै, विकसित देशहरूको संगठन (Organization of Economic Cooperation and Development, OECD) अन्तर्गतका देशहरूले सन् १९८६ देखि १९९९ बीचमा कृषि उत्पादकहरूलाई दिइआएको प्रत्यक्ष तथा अप्रत्यक्ष अनुदान सहुलियत २ खरब ७५ अरब अमेरिकी डलर बाट ३ खरब २६ अरब भएको छ ।[2] त्यस्तै लत्ताकपडाको नियन्त्रणकारी व्यवस्था कोटा प्रणालीलाई विकसित मुलुकमा अझै सम्म कायम राखिएको छ । विकासोन्मुख देशहरूले आफ्ना किसान तथा उत्पादकहरूलाई दिंइदै आएको थोरै अनुदान सहुलियतहरू पनि विश्व व्यापार संगठन र विश्व बैंकको दवाबमा हटाउँदै गएको अहिलेको परिप्रेक्षमा यसले अरू बढी समस्या निम्त्याएको छ । विकसित देशहरूले आफूले बजार खुला गर्ने भनिएका उत्पादनहरूमध्ये केवल एक चौथाईको मात्र बजार खुला गरेका छन् ।

> अफ्रिका, पूर्वी एशिया, दक्षिण एशिया तथा ल्याटिन अमेरिकाका देशहरूले विश्व निर्यात बजारमा आफ्नो हिस्सा एक प्रतिशतले मात्रै वृद्धि गर्ने हो भने, झन्डै तेह्र करोड मानिसहरूलाई गरिवीबाट माथि उठाउन सक्दछन् ।

दोश्रो, विश्व व्यापार संगठनको सदस्य हुनका लागि तथा भएवापत विकासोन्मुख मुलुकहरूले जुन नीतिगत तथा कानूनी परिवर्तन गर्नुपऱ्यो, त्यसले ती देशहरूको अवस्थामा अरू थप जोखिमहरू थपिदिएको छ । उदारीकरणको विस्तारले गर्दा ती मुलुकका घरेलु उद्योगहरू विस्थापित हुँदै गएका छन् भने कतिपय देशहरूमा कृषि उपजहरूमा लगाइआएको भन्सार महसूल घटाउनाले स्थानीय उपजसँगको प्रतिस्पर्धामा विकसित देशहरूको अनुदान प्राप्त गरेको मूल्यमा उत्पादित कृषि उपजहरूले बजारमा कब्जा जमाउँदै गएका छन् ।

विश्व खाद्य संगठनले हालसालै १४ देशहरूमा गरेको विश्व व्यापार संगठनको कृषि संझौताको प्रभावको अध्ययनले तीनवटा नकारात्मक प्रभावहरू पारेको देखाएको छ । पहिलो, यी १४ मध्ये धेरैजसो देशहरूमा खाद्यान्नको आयात बढेको छ भने त्यसलाई धान्न सक्ने गरी निर्यात व्यापार बढेको छैन । दोश्रो, यी देशहरूमा विकसित मुलुकको भित्रिएको कृषि उपजहरूसंग प्रतिस्पर्धा गर्न नसक्नाले थुप्रै कृषि उपजका उत्पादन कम गरिएका छन् । र तेश्रो, विस्तारै उत्पादन, बजार तथा वितरण प्रणालीमा ठूला ठूला उत्पादकहरूको नियन्त्रण हुँदै जाँदा विकासोन्मुख मुलुकका साना किसान तथा कृषि मजदूरहरू विस्थापित हुँदै गएका छन् ।[3] त्यसैगरी विभिन्न देशहरूमा बौद्धिक सम्पदासम्बन्धी संझौताको कार्यान्वियनले गर्दा औषधी तथा अन्य कतिपय अत्यावश्यक बस्तुहरूको मूल्यमा व्यापक बृद्धि भएको छ । तर यस संझौताबाट हुनसक्ने फाइदा भने विकासशील देशहरूले नगन्य रूपमा नै पाएका छन् । एकातिर यस्तो भएको छ भने अर्कोतिर विकासोन्मुख देशमा रहेका जैविक संपदाहरू चोरी गरी विकसित मुलुकमा लैजाने क्रममा पनि तिव्रता आएको छ । अक्सफामले गरेको अध्ययनमा यदि यस्ता चोरी गरिएका सम्पदाबाट विकसित देशका बहुराष्ट्रिय निगमहरूले कमाएको आयमा दुई प्रतिशत मात्र कर लगाउन सकिएमा पनि विकासोन्मुख मुलुकहरूले लगभग ५ अरब डलर आम्दानी गर्न सक्दछन् ।[4]

तेश्रो, विश्व व्यापार संगठनभित्रको निर्णय प्रक्रिया एकदमै अपारदर्शी हुने गरेको छ, जसले गर्दा धेरैजसो संझौताहरू केही ठूला तथा विकसित

देशहरूको आपसी समभदारीमा हुने गरेको छ । कानूनी रूपमा एक देश, एक भोट भन्ने भएतापनि वितेका अनुभवहरूले के देखाएको छ भने विकासोन्मुख देशहरू आफ्नो परनिर्भरताका कारण विकसित देशहरूको दवावमा परी निर्णय गर्नेदेखि कुनै खास-खास विषयहरूमा निर्णय गर्दा सहभागी नै हुन नपाउने गरी गोप्य ढंगले निर्णय गर्ने गरिएको छ । अति कम विकसित सदस्य राष्ट्रहरूमध्ये ११ वटाको जेनेभामा कुनै अफिस नै छैन । त्यस्तै, विश्व व्यापार संगठनमा सक्रिय रूपमा सहभागी हुनका लागि पर्याप्त संरचना तथा मानवीय साधन जुटाउन पनि समस्या परेको छ । यसका लागि देशको राजधानी तथा विश्व व्यापार संगठनको मुख्यालय रहेको जेनेभामा आफ्ना विज्ञहरूको उपस्थिति आवश्यक पर्दछ । धेरैजसो देशका जेनेभाका कार्यालयहरूमा पर्याप्त विज्ञहरू रहेका छैनन् । विश्व व्यापार संगठनका अन्तिम निर्णयहरू मन्त्रिस्तरीय सम्मेलनमा लिइने गरिएतापनि, त्यसका अनौपचारिक प्रकृयाहरू संधै नै चालु रहेका हुन्छन् । मुख्य निर्णयहरू यस्ता प्रकृयाहरूमार्फत् लिने गरिन्छ, जसमा धेरैजसो ठूला ठूला कम्पनीहरू तथा विकसित देशका प्रतिनिधिहरू नै प्रभावशाली हुन्छन् । यस्ता अनौपचारिक छलफलहरूमा विकसित देशहरूले अरू सदस्य राष्ट्रहरूलाई विभिन्न प्रलोभन तथा डर देखाएर आफ्नो पक्षमा तान्ने गरेका कुराहरू आम भएका छन् । त्यसैगरी कतिपय विकासोन्मुख देशका प्रतिनिधिहरू देशका बहुसंख्यक जनताको भन्दा पनि केही सिमित व्यापारीहरूको हितलाई ध्यानमा राख्ने गर्दछन् । अति उदारीकरणका नीतिहरू लागु गर्ने विकासोन्मुख देशका सरकारका प्रतिनिधिहरू कहिलकाहीं विकसित देशहरू भन्दा पनि अघि सरेर अन्ध उदारीकरणतर्फ उन्मुख हुने नीतिगत प्रस्तावहरू राख्ने गर्दछन् ।

चौथो, गत नोभेम्वरमा कतारको राजधानी दोहामा भएको सम्मेलनले संभौताका नयाँ विषयहरूलाई अघि सारिदिएबाट विकासोन्मुख देशहरूमाथि अरू दवाव थपिएको छ । सन् १९९६ को सिंगापुरमा भएको दोश्रो मन्त्रिस्तरीय सम्मेलनमा उल्लेख भएका चार प्रमुख विषयहरूबारे नयाँ संभौता गर्नका लागि तयारी भइरहेको छ । सिंगापुर सम्मेलनका चार विषयहरू लगानी, प्रतिस्पर्धा नीति, सरकारी खरीद तथा वातावरण विषयमा आउँदो सन् २००३ को मन्त्रिस्तरीय सम्मेलनमा संभौता गर्ने हिसाबले गत २००१ मा कतारको दोहामा भएको सम्मेलनमा प्रस्तावहरू पारित भएका थिए । भएका संभौताहरूको पालना गर्ने काममा देखिएका थुप्रै समस्याहरू, संभौताहरूको पालना गर्नाले उत्पन्न समस्याहरूमा फस्दै गएका विकासोन्मुख देशहरूका लागि फेरि नयाँ संभौताहरू थुपार्नु उनीहरूको हितमा छैन भने यी संभौताहरूले अरू थुप्रै समस्याहरू निम्त्याउने निश्चित प्रायः छ । यसमध्ये लगानी तथा सरकारी खरीद सम्बन्धी संभौता अहिलेकै रूपमा कार्यान्वियन भएमा सरकार आफ्नो सार्वजनिक खर्चमार्फत् विकासका लक्ष्यहरू जस्तै स्थानीय उद्योगलाई प्रोत्साहन दिने, रोजगार सृजना गर्ने तथा स्थानीय प्राविधिक क्षमता विकास गर्ने गरी नीति तथा कार्यक्रमहरू तय गर्न नसक्ने अवस्थामा पुग्दछ । त्यस्तै अहिले छलफलमा रहेका कुराहरूमा सरकारले स्थानीय करहरू उठाउन नपाउने कुराहरू पनि अघि सारिएको छ, जसले विकासका लागि स्थानीय आवश्यकता अनुसार नीति नियम बनाउन गाह्रो हुँदैछ ।

त्यसैगरी व्यापारसँग प्रत्यक्ष सरोकार नहुने विषयहरू जस्तै : वातावरण, श्रम, मापदण्ड जस्ता कुराहरू पनि विभिन्न निहुँले व्यापार संभौताअन्तर्गत ल्याउने प्रयत्न गरिएको छ । यसले यस्तो बहानामा विकसित देशहरूलाई आफ्नो देशको बजार नियन्त्रित गर्ने अरू औजार दिन्छ भने साथै ती विषयमा विश्वव्यापी नीति नियमहरू बनाउँदै आएका राष्ट्रसंघका विभिन्न निकायहरूलाई अरू कमजोर पार्ने काम हुन्छ ।

सदस्यता पाउनका लागि विभिन्न देशहरूसँग गर्नुपर्ने दुइपक्षीय व्यापार संभौताहरूमा पुग्न नसकिएको तथा कार्य समूहको बैठक विनानिर्णय टुंगिएको कारणले अभ्रै केही समय नेपाल विश्व व्यापार संगठनको सदस्य बन्न नसक्ने कुरा निश्चित भएको छ । तर नेपालसंग विश्व व्यापार संगठनको सदस्यता लिने वा नलिने भन्नेबारे छनौट गर्ने अवस्था पनि छैन, अहिलेको अवस्थामा । ढिलो चाँडो यसले सदस्यता प्राप्त गर्ने नै छ । विश्व व्यापार संगठनको सदस्यता लिनको लागि आवश्यक पूर्वशर्तका रूपमा यसले थुप्रै व्यापार नीतिहरू तथा कानूनी संरचनाहरूमा फेरवदल पनि गर्दै आएको छ । केही फेरवदलहरू १९८६ पछि संरचनागत समायोजन कार्यक्रम अन्तर्गत नै गर्न थालिएको थियो । हालसालै जेनेभामा भएको सदस्यता संबन्धी भेलामा नेपाललाई सेवा क्षेत्रका बन्देज, लगानीमा अरू उदारीकरण तथा भन्सार महशुल अरू घटाउन भनिएको छ । यी परिवर्तनहरूले केही व्यापारी तथा निर्यातकर्ता तथा आयातकर्ता व्यापारीहरूलाई फाइदा अवश्य नै पुग्दछ । तर यदि विश्व व्यापार संगठन जुन रूपमा अहिले छ, त्यही नै कायम रहने हो भने यसबाट किसानहरू, साना व्यापारी, तथा साना तथा मभौला व्यापारीहरूलाई खासै फाइदा पुग्ने छैन । कृषिमा भएका उदारीकरणले कृषिउपज निर्यात गर्नमा सघाउ पुऱ्याउन सक्छ, तर निर्यात व्यापारमा किसानको स्थान कमजोर हुने हुँदा तथा यसमा बढ्दो बहुराष्ट्रिय निगमहरू तथा तिनका नेपाली साभेदारहरूको नियन्त्रण बढ्दै गरेको अवस्थामा किसानको अवस्था तथा कृषि उत्पादनमा प्रत्यक्ष संलग्नहरूको अवस्था अरू कमजोर हुन जानेछ ।

**अति कम विकसित सदस्य राष्ट्रहरूमध्ये ११ वटाको जेनेभामा कुनै अफिस नै छैन । त्यस्तै, विश्व व्यापार संगठनमा सक्रिय रूपमा सहभागी हुनका लागि पर्याप्त संरचना तथा मानवीय साधन जुटाउन पनि समस्या परेको छ**

आउँदो बर्षमा हुने यस संगठनको मन्त्रिस्तरीय सम्मेलनमा थुप्रै सवालहरू उठ्नेछन् । संभावनाका दृष्टिले विश्व व्यापार संगठनमा परिवर्तन गर्न सकिन्छ । त्यसमा सैद्धान्तिक रूपले हरेक देशको उत्तिकै अधिकार हुन्छ । त्यसैले बहुसंख्या विकासशील देशहरू भएको अवस्थामा विश्व व्यापार संगठनलाई अलि बढी दिगो विकास केन्द्रित, समतामूलक तथा सन्तुलित बनाउनका लागि विकासोन्मुख देशहरू एक भएमा संघर्ष गर्न सकिन्छ । नेपाल सदस्य भएमा ती सवालहरूमा आफ्नो के धारणा बनाउने हो भन्नका लागि अहिलेदेखि नै गम्भीर गृहकार्य गर्नु आवश्यक छ । त्यसको लागि विश्व व्यापार संगठनका नियमहरूले प्रभाव पार्ने साना किसानहरू, साना व्यापारी तथा उद्योगहरू, असंगठित मजदूर आदिबीच व्यापक छलफल हुनु आवश्यक छ । त्यसैगरी साँच्ची नै आफ्नो देशका बहुसंख्यक जनताको हितमा विश्व व्यापार संगठनको संरचना तथा नीति नियमहरू बदल्नका लागि प्रयास गर्ने हो भने नेपाल विकासोन्मुख राष्ट्रहरूको सामुहिक आवाजमा साथ दिने गरी प्रस्तुत हुनु पर्दछ । ❑

---

1 OXFAM (2002), *Rigged Rules and Double Standards: Trade, Globalisation and the Fight against Poverty* (Executive Summary). OXFAM, UK.

2 Khor, Martin (2002), "The WTO, the Post-Doha Agenda and the Future of the Trade System", http://www.twnside.org.sg/title/mkadb.htm.

3 FAO (2001), "Some Issues Relating to Food Security in the Context of the WTO Negotiations on Agriculture", discussion paper no.1, Round Table on Food Security In the Context of The WTO Negotiations On Agriculture, Geneva, July 2001. (www.fao.org/trade/index.asp? lang=en )

4 OXFAM (2002), op.cit.

### राज्य हिन्दू धर्म सापेक्ष हैन, बहुधार्मिक वा निरपेक्षता :

एकिकृत नेपाल जसरी बाइसी, चौविसी, नेपाल मण्डल, किराँत प्रदेशहरू, सेन राजाका चौदण्डीहरू विलिन भएर नेपाल अधिराज्य बन्यो त्यसरी नै नेपालका अन्य सवै धर्म र धर्मावलम्बीहरूले आफूलाई हिन्दू धर्मालम्वी बनाएको हैन । अन्य वाइसी, चौविसी राज्यहरू गाभेर एउटै अधिराज्य नेपाल बनाउने राजा पृथ्वीनारायण शाहको धर्म हिन्दू, भाषा खस, जात जाति संस्कार र संस्कृति क्षेत्रीय भएकाले अन्य सवै नेपाली जनताको धर्म, भाषा, जाति, संस्कृति उनकै हुनुपर्ने अनिमात्र राष्ट्र र राष्ट्रियताप्रतिको बफादारिता स्पष्ट हुने मान्यता जबर्दस्ती लादिनाले यस्तो भएको हो । यदि यो कुरो वास्तविक हो भने अन्य पृथक पृथक धर्मावलम्वी, भाषा–भाषी, जात–जाति, संस्कार संस्कृतिकाले पनि आ-आफ्नो पृथक माटो खोज्नु अस्वाभाविक हुने छैन । अन्यथा त्यो बेला इतिहासमा आ-आफ्नो माटो गुमाएर प्राप्त एकिकृत नेपाल अधिराज्य उनीहरूको पनि आफ्नो भूभाग भएको अनुभूति उनीहरूले गर्न सक्दैनन् । आज जनजाति समुदायमा त्यही विसंगति विद्यमान रहेको छ तर राज्य त्यो विसंगति हटाउनेमा भन्दा बरू थोपर्नेमा तल्लिन छ । त्यसकारण बहु धर्मावलम्वी वा धर्म निरपेक्ष अधिराज्य नेपालले मात्र उनीहरूमा साझा संस्कृतिको अनुभूति दिन सक्छ । हिन्दू धर्म सापेक्षता अनर्गल अलाप मात्र हो र अबका दिनमा त्यसले राष्ट्रियतालाई मजबूत बनाउन सक्दैन ।

डा. हर्क गुरूङ्ग यस सम्बन्धमा लेख्नुहुन्छ :

सन १९३५ मा हिन्दू महासभाले महाराजा युद्ध शमशेरलाई दिल्ली भ्रमणका बेला "तपाई हिन्दू धर्म र आर्य संस्कृतिको रक्षक हुनुहुन्छ" भनी अभिन्दनपत्र चढाइयो र त्यसको दुई वर्षपछि महाप्रज्ञा थेरा र भिक्षु अमृतानन्दलाई बौद्ध धर्म प्रचार गरेवापत भोजपुर जेल चलान तथा त्यहींबाट पछि देश निकाला गरियो । पन्चायतकालमा नेपालमा विश्व हिन्दू परिषद सक्रिय भयो र पुनर्स्थापित प्रजातन्त्रमा शिव सेना राजनैतिक दलको रूपमा दर्ता गरियो । ....नेपाललाई धर्म निरपेक्ष वा बहुधार्मिक राष्ट्रमा रूपान्तरित गरेपछि मात्र समानतामूलक समाजको सम्भावना छ ।

### भाषिक समानताका लागि त्रैभाषिक नीति तथा कार्यक्रम

नेपालमा गोर्खा तथा राणा शासनकालदेखि हालको संविधानसम्म नेपाली भाषाले विशिष्ट ठाउं पाएको छ । भाषा शास्त्रअनुसार 'राष्ट्र' (noun) 'राष्ट्रिय' (adjective) शब्द बीचको अन्तर खुट्याउन असम्भव भए पनि सन् १९९८ को सर्वोच्च अदालतको फैसलाले राष्ट्रिय भाषाहरूको प्रयोग अड्डा अदालतमा गर्न नपाउने भन्ने निर्णयले राष्ट्र भाषा र राष्ट्रिय भाषाबीचको



# वर्तमान सन्दर्भमा नेपालका जनजातिहरू के चाहन्छन् ?

❑ बालकृष्ण माबुहाङ

विभेद प्रष्ट रूपमा छुट्याएको डा. हर्क गुरूङ्को मत रहको छ । संविधानको धारा १८ (२) मा नेपाली भाषाबाहेक अन्यलाई प्राथमिक शिक्षाको तहसम्म सिमित गरिएर पनि त्यसको प्रयोजन गर्न नदिनु, तर कुनै पनि नेपालीको मातृभाषा नभएको संस्कृतलाई विश्वविद्यालयसम्म राजकीय संरक्षण प्रदान गरी पढाइनु असमानताको चरम उत्कर्ष हो । यस्तो असमानता विगत १२ वर्षका प्रजातान्त्रिक सरकारहरूले व्यवहारतः गरेर देखाए । जनजातिका बालबालिकाहरूलाई वैदिक आर्य समाजको पौराणिक र हालमा प्रायः मृत संस्कृत भाषा विद्यालयमा लादेर बालबालिकाको मातृभाषा प्राथमिक शिक्षा हासिल गर्ने आधारभूत हक अधिकारको हनन् गर्ने कार्य गरे ।

नेपालका राष्ट्रिय जनगणनाहरूले तथ्यगत सूचनाहरू उपलब्ध गर्न सकिरहेको छैन । तथापि संकलित मिथ्याङ्कहरूबाट निर्मित तथ्याङ्कहरूका आधारमा हेर्ने हो भने पनि सन् २००१ को पछिल्लो जनगणनामा कूल ५८ भाषाहरू नेपालमा बोलिन्छन् । जातिहरूको मातृभाषामा बाहुल्यता एकातिर प्रबल हुनु, तर उनीहरूको भाषामा शिक्षाको अवसरले समुदाय बञ्चित हुनु, अर्कोतिर शैक्षिक प्रतिशत ५० प्रतिशत भन्दा नबढ्नु र नेपाली (खस) भाषीको जनसंख्या पनि केवल ४९ प्रतिसत हुनु, बीचमा के तादाम्यता रहेको छ ? निश्चित रूपमा शैक्षिक प्रतिशत वृद्धि गर्न पनि सबैका मातृभाषामा शिक्षाको अवसर प्रदान गरिनु अपरिहार्य छ ।

आदिवासी/जनजातिहरूको भाषाको उपयोग अड्डा, अदालत, संसद, विद्यालय हर क्षेत्रमा आवश्यक छ । अर्को कुरा भाषा संस्कृतिको अभिन्न अंग हो. संस्कृति मानवीय चेतनाको विकासको आधारशिला हो र भिन्न जातीय पहिचानको एक महत्वपूर्ण मापदण्ड पनि हो । राष्ट्रिय जीवन चरित्र निर्माण गर्न पनि भाषिक समानता र सहिष्णुताका आधारमा सबैको लागि शिक्षा र विकासको एउटै मात्र बाटो त्रैभाषिक नीति तथा कार्यक्रम अधिराज्यभर अपनाउनु पर्छ । त्रैभाषिक नीति भन्नाले एउटा मातृभाषा, अर्को संपर्क भाषा र तेस्रो अन्तर्राष्ट्रिय भाषा सबैले सिक्नु पर्ने गरिनु हो ।

### सकारात्मक विभेद :

डा. हर्क गुरूङ्को विचार छ :

'नेपालको सन्दर्भमा आरक्षणको आवश्यकता विकृत परिस्थितिलाई परिवर्तन गर्नको लागि हो । सो विकृति भनेको राजनैतिक, आर्थिक लगायत प्रशासनिक तथा शैक्षिक क्षेत्रमा विशेष जातीय समूहको अधिपत्य हो । तीन पूर्वाधारबाट विचार गर्दा यस्तो प्रवृति सकारात्मक विभेद विना निस्तेज हुन सक्तैन । एक, उहिले देखिनै पर्वते तागाधारी र केही शिवमार्गी नेवारको उच्च पदमा हैकम कायम रहेको छ । दुई, भावी माथिल्लो तहका प्रशासक हुने शाखा अधिकृतका प्रत्याशी तथा उतीर्ण हुनेमध्ये ९० प्रतिशत बाहुन, क्षेत्री र नेवार छन् । तेस्रो, अधिकांश जनजाती र दलितहरू साक्षरता र उच्च शिक्षाबाट बन्चित हुनाले सामान्य प्रक्रिया अन्तर्गत प्रतिस्पर्धा गर्ने अवस्थामा छैनन् । आरक्षणलाई संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत पर्ने धारा २७ (१०) शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" भन्ने वाक्यमा व्यवस्था गरेको छ । तर व्यवहारमा कुनै दलको सरकारले चासो लिएको छैन ।'

आदिवासी/जनजातिहरू सामाजिक, आर्थिक तथा भौतिक विकासमा पछि परेको नभइ पारिएको महसुस गरिरहेका छन् । विगतमा राज्यको विविध संयन्त्रहरू प्रयोग गरी विकासको समान अवसरबाट विमुख पारिएका आदिवासी/जनजातिले विगतमा भोग्नु परेका कठिनाइहरू, उपेक्षा र उत्पीडनहरूको क्षतीपूर्ति राज्यले भर्नुपर्छ र त्यो जति ढिलो हुँदैजान्छ, त्यतिनै चर्को बन्दैजान्छ । आरक्षण त्यो दृष्टिकोणबाट पनि सकारात्मक कदमका रूपमा राज्यले लिनुपर्ने पहल हुनसक्छ ।

श्री महेन्द्र लावतीको विचारमा : 'नेपालको लामो दमन र थिचोमिचोको इतिहास, जातीय दृष्टीकोणले निराशाजनक वर्तमान नीति र परिस्थिति र जातीय बिबिधता बढी भएको ...राजनैतिक शक्ति परिचालित गर्ने निकायहरू जस्तै राजनैतिक दलहरू हैकमी समुदायकै अधीनमा रहेको र समाजमा जातीयताको पकड अझै दरबिलो रूपमा रहेकोले गर्दा ... तत्कालै आदिवासी जनजातिहरूलाई राजनैतिक मूलधार (mainstream) मा समावेश गरी उनीहरूको समुचित उत्थान गर्न सक्दैन । तसर्थ आदिवासी जनजातिहरूप्रति समुचित न्याय पुऱ्याउन केही समयका लागि समानुपातिक रूपमा साधन र संसाधनको वितरण गर्ने व्यवस्था गरिनु पर्दछ । शिक्षा, राजनैतिक ओहदाहरू र सरकारी सेवामा यस्तो प्रबन्ध गरिनु पर्दछ । यस्तो नीतिलाई अमेरिकामा सकारात्मक कार्यक्रम (affirmative action) र भारतमा आरक्षण (reservation policy) भन्दछन् र ती देशमा पिछडिएको समुदायको उत्थानमा महत्वपूर्ण भूमिका खेलेका छन् । जोर्डन, न्यूजील्याण्ड, पाकिस्तान, कोलम्बिया, टाइवान, जमर्नी, नाइजर आदि थुप्रै देशमा आरक्षणको व्यबस्था छ ।'

### जातीय सभा :

नेपालमा प्रजातन्त्रको पुनरस्थापना पश्चात बनेको संविधानमा उपल्लो सदनलाई जातीय सभा बनाइयोस् भनेर जनजातिहरूले सुझाव दिएका थिए, तर त्यसको सुनवाइ भएन । आखिरी राष्ट्रिय सभा निर्वाचन हार्ने पार्टी कार्यकर्ता भर्ने केन्द्रजस्तो भयो । र विधायक जस्तो महत्वपूर्ण अभिभारा "पुरस्कार" राशी बाँडेजस्तै बाँडियो । अर्थात् वर्तमान राष्ट्रिय सभामा जातिहरूको प्रतिनिधित्व भन्दा यसलाई प्रभावकारी जातीय सभाका रूपमा विकसित गरिनु पर्छ । मौजुदा संविधानअन्तर्गत राष्ट्रिय सभालाई प्रभावकारी जातीय सभा बनाउनु पर्ने कारण स्पष्ट पार्दै वरिष्ठ विद्वान डा. हर्क ब. गुरूङ्ग लेख्नुहुन्छः

'प्रमुख राजनैतिक दलहरूमा जनजातिहरूको गौण भूमिका र जनजाति पक्षका दलहरूको सीमित प्रभावको कारण प्रचलित निर्वाचन प्रणालीबाट प्रतिनिधि सभामा उनीहरूको यथोचित प्रतिनिधित्व सम्भव छैन । त्यसैले जनजाति बहुल भएको निर्वाचन क्षेत्रबाट पनि तागाधारीहरू निर्वाचित भएका छन् । सो को निदानको लागि जनजाति सवालमध्ये हालको राष्ट्रिय सभालाई जातीय सभामा परिवर्तन गर्ने माग रहेको छ ।

जातीय सभाको प्रकृति र त्यसको व्यावस्था अन्य मुलुकको सन्दर्भमा उल्लेख गर्दै डा. हर्क ब. गुरूङ्को भनाइ छ :

'यस सम्बन्धमा तीन बुँदाहरू विचारणीय छन् । पहिलो, जातीय सभाको अवधारणा रूस र चीनको साम्यवादी व्यवस्थाबाट आएको हो र त्यहाँ यस्तो राजनैतिक ईकाइको राष्ट्रिय नीति निर्धारणमा अति नै सीमित भूमिका रहेको पाइन्छ । बेलायतको उपल्लो सदन परम्परागत शक्ति संरचनाको खम्बा हो भने साम्यवादी देशका जातीय सभा श्रृङ्गारको रूपमा लिन सकिन्छ । दोश्रो, हालको राष्ट्रिय सभामा पनि जनजाति तथा दलितहरू राजनैतिक दल वा राजाबाट मनोनित हुने व्यवस्था छ । तर तिनीहरू निर्वाचित नभएको हुनाले आफ्नो जातीय वा वर्गीय विषयमा प्रतिबद्ध हुनुपर्ने बाध्यता छैन । तेश्रो, हालको राष्ट्रिय सभाको भूमिका अति सिमित छ र यसलाई सवल नबनाएसम्म सोको जातीय सभा अवतारको पनि खास उपलब्धि हुने देखिन्न । ...जातीय सभाको निर्माण गर्दा प्रतिनिधि सभामा गौण रहेका जात-जातिको लागि विशेष व्यवस्था हुनु पर्दछ । यसबाट प्रतिनिधि सभाको हालको जातीय असन्तुलनलाई नीति निर्माण पक्षमा केही निस्तेज पार्ने सम्भावना रहन्छ ।'

श्री लावतीको भनाइ छः

माथिल्लो सदनले तल्लो सदनभन्दा फरक क्षेत्र र समुदाय प्रतिनिधित्व गर्ने व्यवस्था गरिनु पर्दछ, तब मात्र सदनले बढीभन्दा बढी देशवाशीको

> **आदिवासी / जनजातिहरू सामाजिक, आर्थिक तथा भौतिक विकासमा पछि परेको नभइ पारिएको महसुस गरिरहेका छन्**

- राज्यको व्यावस्थापिकामा जातीय संयोजन हेर्ने हो भने हरेक सय जना नेपालको जनसंख्यामा (सन् १९९१) करिव १ जना मात्र पर्वते बाहुन जातको संख्या छ तर सांसद भने सय जनामा करिव ५ (सन् १९९९) जना बाहुन जातका छन्, त्यसरी नै पहाडे क्षेत्री र नेवारको जनसंख्या अनुरूप नै सांसद संख्या रहेको छ भने, पहाडे जनजातिमा हरेक सय जना नेपालीमा २ जना जनसंख्या भएको तर सांसद भने केवल १ जना मात्र रहेको छ । महिलाको अवस्था हेर्ने हो भने सांसद महिलाहरूमा करिव ७५ प्रतिशत बाहुन/क्षेत्री जातका, बाँकी तराइ र नेवार गरी २५ प्रतिशत र पर्वते आदिवासी/जनजाति भने शून्य रहेको अवस्था छ ।
- राज्यको कार्यपालिका, सेना र प्रहरीमा जातीय संयोजन हेर्दा बाहुन/क्षेत्री हरेक १० जनामा ८ जना, नेवार २ जना, बाँकी नगन्य अवस्था रहेको देखिन्छन् ।
- राज्यको न्यायपालिकामा हरेक तीन जनामा २ जना बाहुन/क्षेत्री, बाँकी जनजाति, मधेसी दलितको अंशमा एक जना मात्र पर्छ ।
- राज्यको चौथो अंग प्रत्रकारितामा हेर्ने हो भने हरेक १० जना पत्रकारहरूमा ८ जना बाहुन/क्षेत्री, जनजाति मरेर पनि १ जना भेट्न गारो छ भने बाँकी अन्य सबै मिलाएर १ जना भेटिन्छ ।

***Source:***
*Enabling State Program 2001, सामाजिक विकास तथा अनुसन्धान केन्द्र, २०५८*

चाहना प्रतिनिधित्व गर्न सक्नेछ । लाइपार्टले बीस लाखभन्दा बढी जनसंख्या भएका ७३ प्रतिशत बहुसांस्कृतिक प्रजातन्त्रहरूमा माथिल्लो सदन फरक क्षेत्रको प्रतिनिधित्व गर्ने अंग हुनुका साथै त्यो शक्तिशाली समेत रहेको पाएका थिए । यस सदनमा दलित, मधेशी, अल्पसंख्यक धर्मावलम्बीहरू लगायत अन्य समुदायहरू र सामुदायिक अनुपातमा महिलाहरूको पनि उल्लेखनीय प्रतिनिधित्व गराइनु पर्दछ ।

## संघीय प्रणालीः सामुदायिक, जातीय तथा स्थानीय स्वायत्तता

समाजशास्त्री डा. भट्टचनको निर्क्यौल छः

'प्रशासनिक वा स्थानीय वा जातीय स्वयत्तता र आत्मनिर्णयको अधिकार संघात्मक राज्य व्यवस्था बाहेक एकात्मक राज्य व्यवस्थामा सम्भव छैन ।'

संघीय प्रणालीको अपरिहार्यताबारे श्री महेन्द्र लावतीको भनाइ छ :

'विभिन्न समुदायहरूलाई सांस्कृतिक र राजनैतिक स्वायत्तता प्रदान गरे मात्र बहुसांस्कृतिक समाजमा प्रजातन्त्र सफल हुने न्यूनतम शर्त हो । सांस्कृतिक र राजनैतिक स्वायत्तताको निमित्त सबैभन्दा प्रचलित र सफल संरचना संघात्मक शासन व्यवस्था हो । अरेण्ड लाईपार्ट (१९९९) का अनुसार बीस लाखभन्दा बढी जनसंख्या रहेको ७३ प्रतिशत बहुराष्ट्रिय प्रजातान्त्रिक देशहरूमा कुनै न कुनै किसिमको संघात्मक सरकारहरू रहेका छन् । लामो समयसम्म बहुसांस्कृतिक समाजको अध्ययन गरेका कोलम्बिया विश्वविधालयका प्रोफेसर अलफ्रेड स्टेफनका (१९९९) अनुसार लामो समयसम्म प्रजातन्त्र दिगो रहेको प्रादेशिक रूपमा बहुभाषिक र बहुराष्ट्रिय रहेका प्रत्येक समाजको राजनैतिक संरचना संघात्मक छ । यसले के पुष्टी गर्दछ भने बहुसांस्कृतिक नेपाली समाजमा प्रजातन्त्रलाई फस्टाउने र दिगो राख्ने हो भने संघात्मक राज्य संरचनाको आवश्यकता छ । ...सोभियत रूस र युगोस्लाभियाको संघात्मक संरचना विखण्डित भएकोले कतै नेपालमा पनि संघात्मक संरचनाले विखण्डन त निम्त्याउंदैन भनेर कसै कसैको मनमा चिसो पसेको हुन सक्दछ । कम्युनिष्ट राज्यहरू विघटित भएका हुन, तर संघात्मक संरचना रहेका प्रजातान्त्रिक समाजहरू विघटित भएका छैनन् । संसारका संघात्मक राज्यहरूको तुलनात्मक अध्ययनले के देखाउंछ भने माथिबाट लादिएका संघात्मक संरचनाहरूले विखण्डन पनि निम्त्याएको छन् भने प्रजातान्त्रिक रूपमा तलबाट गरिएका मागअनुसार केन्द्र र माग गर्ने समुदायहरूबीच छलफल एवं संझौता भएका देशहरूमा विखण्डन भएका छैनन् । माग, छलफल र संझौताको आधारमा निर्माण गरिएका संघात्मक संरचनाहरूले राज्यलाई विखण्डित होइन, अझ मजबुत रूपमा एकिकृत गरेको विश्वको अनुभव छ ।'

वरिष्ट समाजशास्त्री डा. कृष्ण भट्टचनको भनाइ छ :

'जातीय स्वशासनको मागको अर्थ मुलुकको विखण्डन गर्ने नभंएर वर्तमान नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको क्षेत्रीय अखण्डतालाई सम्मान गर्ने हो र, त्यस अर्न्तगत जातीय उत्पीडनबाट मुक्ति पाउन सम्भव छ । ...स्वशासित क्षेत्रभित्र पनि अन्य जातजातिहरूको स्वशासित क्षेत्र रहने वा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न सकिन्छ । ...बाहुनबादी शासक, प्रशासक, र राजनैतिक नेताहरूले विकेन्द्रिकरणको नाउँमा गर्दैआएको अति केन्द्रीकरण नै यथार्थमा विखण्डनको कारक तत्व बन्न सक्दछ ।' *(विकास त्रैमासिक, २०५७ साल वर्ष ९, अंक १७)।*

वरिष्ट जनजाति विज्ञ डा. हर्क ब. गुरूङ्को विश्लेषणमा नेपालमा स्थानीय पञ्चायत ऐन (१९६४) देखि लिएर स्थानीय स्वायत शासन ऐन (१९९९) को लामो अभ्यास धारणागत भूमरीमा रूमल्लिएर दिशाहिन रहेको छ । डा. गुरूङ्को भनाइ छ :

'प्रशासकीय विकेन्द्रीकरण र शासन स्वायतता बेग्ला-बेग्लै विषय हुन । विकेन्द्रीकरण भनेको अधिकार प्रत्यायोजन हो भने स्वायतता भनेको शक्ति सन्तुलन हो । विगत दशकबाट फस्टाएको जनजाति आन्दोलनको क्रममा उठेका स्वशासनको माग विकेन्द्रीकरण होइन, शासनमा सहभागिता खोजेको हो । त्यसैले स्थानीय स्वशासन तथा जातीय स्वशासन कसैले एकल राज्यभित्र र कसैले संघीय राज्यभित्र हुनु पर्ने माग राख्दै आएका छन् । जातीय स्वशासनसित आत्मनिर्णयको अधिकार पनि गाँसिएको हुन्छ । तागाधारी शासकहरूले यसलाई साम्प्रदायिक, बिखण्डनवादी र संविधानविरोधी भन्ने आरोप लगाउँदै आएका छन् । तर छुट्टिने आत्मनिर्णयको अधिकारको पहल भनेको राज्य व्यवस्थाको जातीय, भाषिक, धार्मिक सहिष्णुता वा असहिष्णुतामाथि भर पर्दछ ।'

- सन् १८५३ को मुलुकी ऐन अनुमोदन गर्ने २१२ उच्च पदाधिकारी मध्ये ७८.३ प्रतिशत पर्वते तागाधारी थिए भने झण्डै एक शताब्दीपछि सन् १९५० मा नयाँ राजा गद्दीनसीन गराउनेमा सहमत २५८ उच्च पदाधिकारी मध्ये ८३.७ प्रतिशत पर्वते तागाधारी थिए ।
- प्रजातन्त्र पुर्नस्थापनापछिको १२ वर्षमा उच्च पदाधिकारीको जातीय बनोटमा १९५० भन्दा विशेष परिवर्तन भएको छैन । संवैधानिक अङ्ग, व्यवस्थापिका, न्यायपालिका र सार्वजनिक प्रशासनका उच्च पदहरूमा जात समूहको पकड कायमै रहेको छ ।
- ७८.१ - प्रतिशत पद पर्वते तागाधारी र मधिशे जात मातहत पर्दछन् ।
- ५.६ प्रतिशत जनसंख्या भएको नेवारको सेयर १३.१ प्रतिशत पर्दछ ।
- अन्य मतवाली र जनजातिहरू कुल जनसंख्याको २२.२ प्रतिशत भए पनि अधिकारिक पदमा भने ८.४ प्रतिशत मात्र छन् ।

*(श्रोतः डा. हर्क गुरूङ्, सन् २००२)*


**अन्ततः जनजातिहरूका यावत समस्याहरू सम्बोधन गर्न संविधान संशोधन, परिवर्तन वा निर्माण जे गरेर पनि हुन्छ, जसले गरे पनि हुन्छ, तर अविलम्ब गर्नु जाती हुन्छ ।**

### निचोडः

वर्तमान संविधानले जनजातिका समस्याहरू सम्बोधन गर्दैन, बरू क्षोभ उत्पन्न गर्दछ । त्यसको मुख्य कारण संविधान निर्माण गर्दा खेरि हजारौं वर्ष देखि मुलुकमा बसोबास गर्ने आदिवासी/जनजातिको व्यापक उपस्थितिलाई नजरअन्दाज गरिनुले हो । यो मुलुकलाई आवाद गर्ने, माटोसँगको उनीहरूको जीवन्त सम्बन्ध र ऐतिहासिक महत्व सम्पूर्ण पक्षहरूलाई बेवास्ता गरेर निर्माण गरेको संविधान उनीहरूप्रति पूर्णत असम्बेदनशील छ । संविधान निर्माणका बखत उनीहरूले दिएका सुझावहरूको पूर्णत बेवास्ता गरिनु जस्ता गम्भीर गल्तीहरूले अन्तत आदिवासी/जनजातिहरूले विगतका प्रजातान्त्रिक परिपाटी वा व्यवस्थामा सहायक भूमिका निर्वाह गर्न मात्र पाए जुन उपेक्षापूर्ण थियो । पंचायती अधिनायकवादी परिपाटीमा सीमित रूपमा पाएको भूमिका जति पनि महत्व नभएको भूमिका बहुदलीय परिपाटीमा पाउनु जनजातिको निम्ति असन्तुष्टि र आक्रोशको विषय बन्यो ।

अन्ततः जनजातिहरूका यावत समस्याहरू सम्बोधन गर्न संविधान संशोधन, परिवर्तन वा निर्माण जे गरेर पनि हुन्छ, जसले गरे पनि हुन्छ, तर अविलम्ब गर्नु जाती हुन्छ । एकात्मक एवं अधिनायकवादी परिपाटीबाट मुलुकका यावत समस्याहरू जसरी सम्बोधन गर्न नसकिने अवस्था छ, त्यसरी नै जनजातिका समस्याहरू सम्बोधन गर्न संघात्मक एवं समावेशी प्रजातान्त्रिक परिपाटीको खाँचो छ । बहुदलको नाममा एकजातीय वर्चश्व हावी हुने एकात्मक पद्धति संकटमा पुग्नुलाई आदिवासी/जनजातिले स्वाभाविक मान्नु कुनै अनौठो भने हुने छैन । ❑

# अब कृत्रिम हाड पनि बन्ने !



हातगोडा भाँचिएर अपांग भएकाहरूलाई एउटा ठूलो खुशीको कुरो के छ भने अब निकट भविष्यमै मानिसहरूले भाँचिएको हाडलाई पूर्व अवस्थामै ल्याइदिने चिकित्सा सेवा पाउने बलियो सम्भावना देखापरेको छ ।

त्यो चिकित्सा पद्धति के हो त ?

कृत्रिम हाड ! हो, वैज्ञानिकहरूले अहिले प्रयोगशालामा कृत्रिम हाडको विकास गर्न तयारी गरिरहेका छन् । उनीहरूका अनुसार कृत्रिम हाडको विकासले हाड भाँचिनेको उपचारमा नयाँ मोड आउनेवाला छ । हाल यस कृत्रिम हाडसम्बन्धी अनुसन्धानमा लागेका अनुसन्धानकर्ताहरू अमेरिकाको कोलोराडो विश्वविद्यालयका वैज्ञानिकहरू हुन् ।

अचानक लडेर, खसेर वा कुनै भयानक सवारी दुर्घटनामा परेर कसैको हातखुट्टा भाँचिएमा डाक्टरले उसको भाँचिएको अंगमाथि 'प्लास्टर' गरेर उपचार गर्छन् । भाँचिएको हाड मिलाएर राखी त्यसलाई यताउता चलाउन नमिल्ने गरी निश्चित समयसम्म राख्नको निम्ति त्यसरी 'प्लास्टर' गरिएको हो । त्यस्तो किन गरियो भने, हाम्रो शरीरभित्रको भाँचिएको हाडलाई मिलाएर त्यतिकै राखिराख्दा पनि भाँचिएको ठाउँमा हाड बढेर आई भाँचिएका टुक्राहरू जोडिन पुग्छन् । यदि भाँचिएका हाडहरूलाई उपयुक्त ढंगले राखी 'प्लास्टर' गरिएन भने टुक्रिएका हाडहरू जथाभावी ढंगले जोडिन जान्छन् वा जोडिन नसक्ने अवस्थामा पुग्छन् ।

तर दुर्घटनाले शरीरभित्रको ठूलै टुक्रा हाड नष्ट भयो भने त्यसको उपचारको लागि सामान्य 'प्लास्टर'मात्र गरेर पुग्दैन । अर्थात् त्यस्तो अवस्थामा 'प्लास्टर' गरेरमात्र गुमेको हाडको टुक्रा फेरि पलाएर आउँदैन । यस्तो अवस्थामा अहिलेसम्म डाक्टरहरूले भाँचिएको भागमा अपरेशन गरेर धातुका पाताहरू, किलाहरू अथवा पेच किलाहरू राख्ने गर्दै आइरहेका छन् । ती वस्तुहरू विरामीले सदाको लागि राख्नु पर्ने पनि हुन सक्छ । यस्तो उपचारबाट रोगीले आफू पूर्ण स्वस्थ भएको महशूस गर्न पाउँदैन । किनकि उसलाई के कुरा थाहा भएको हुन्छ भने शरीरभित्र जडान गरिएको धातुका वस्तुहरू कहिल्यै उसको आफ्नै भाग हुन सक्दैनन् । अर्को कुरो, त्यसले प्राकृतिक हाडहरूलेझैं शरीरलाई पर्याप्त भरथेग पनि गर्न सक्दैन ।

भाँचिएका हाडका टुक्राहरू जोड्नको लागि शरीरभित्र जडान गरिएका धातुका वस्तुहरू सदाको लागि राख्नु नपर्ने अवस्थामा पनि विरामीलाई एक किसिमको मानसिक तनाव नै भइरहेको हुन्छ । किनकि ती धातुका वस्तुहरू निश्चित समयपछि शरीर बाहिर निकाल्नका लागि पुनः अपरेशन गर्नुपर्छ ।

परन्तु, वैज्ञानिकहरूका अनुसार उनीहरूले सापेक्षित रूपले चाँडै सरल रासायनिक वस्तुमा बदलिने पोलिमर (biodegradable polymer) को एउटा वर्ग प्रयोगशालामा विकास गरिसकेका छन्, जुन प्राकृतिक हाडको सट्टामा प्रयोग हुन सक्दछ । उनीहरूका अनुसार त्यस कृत्रिम वस्तुले बल र कामको हिसाबमा सामान्य हाडले जस्तै काम गर्दछ । त्यसैले यसलाई वैज्ञानिकहरूले कृत्रिम हाडको संज्ञा दिएका छन् । यस कृत्रिम हाडले यसमा आउने रासायनिक परिवर्तनले बलको हिसाबमा मात्र हाडलाई थेग्ने होइन कि यसले अस्वस्थ हाडलाई पुनः स्वस्थ पार्ने भूमिकासमेत खेल्दछ ।

कृत्रिम हाडको रूपमा विकसित गरिएको 'पोलिमर्स' मेथाक्रिलेटेड एनहाइड्राइड मोनोमर्स (methacrylated anhydride monomers) नामक 'मोनोमर्स'बाट प्राप्त अर्को रासायनिक वस्तु पोलि एनहाइड्राइडस् (poly anhydrides) हो । 'पोलिमर्स' भनेको एउटै प्रकारका अणुहरू मालाजस्तै रासायनिक रूपमा उनिएर बनेका ठूला अणुहरूबाट बनेको वस्तु हो, जस्तो कि पोलिस्टर धागाहरू, विभिन्न प्लाष्टिकहरू आदि सबै नै पोलिमरहरू हुन् । 'मोनोमर्स' भनेको पोलिमर बन्नमा प्रयोग हुने अणुहरूबाट बनेका वस्तुहरू हुन् ।

वैज्ञानिकहरूका अनुसार 'मेथाक्रिलेटेड एनहाइड्राइड मोनोमर्स' नामको वस्तुलाई उपयुक्त आकारमा ढालेर भाँचिएका हाडका टुक्राहरूमाझ राखेर हाडहरूलाई जोड्न सकिन्छ । र, त्यसपछि त्यसलाई प्रकाश संवेदनशील वस्तुसँग संलग्न गराई सामान्य प्रकाश वा परावैजनी प्रकाश (ultravoilet light) द्वारा प्रतिक्रिया गराइनु पर्छ । त्यसपछि भाँचिएका हाडहरूमाझ रहेको मोनोमर पोलिमरमा परिवर्तन हुन्छ । र, त्यो पोलिमरले अब हाडले जस्तै काम गर्दछ ।

वैज्ञानिकहरूका अनुसार कृत्रिम हाडको रूपमा विकसित गरिएको 'वायोडिग्रेडेवल पोलिमर'ले लामो समयसम्म शरीरलाई थेग्ने बल प्रदान गरिरहनेमात्र होइन कि यो भाँचिएको हाड पुनः स्वस्थ हुने अनुपातसँग मेलखाने हिसाबले पनि रासायनिक किसिमले सरल रूपमा बदलिन सक्छ । वैज्ञानिकहरू यसको रासायनिक परिवर्तनको गतिलाई बिग्रिएको हाड पुनः स्वस्थ हुने गतिको अनुपातसँग मेल खाउन सफल भइसकेका छन् ।

वैज्ञानिकहरूले परीक्षणबाट के कुरा देखाइसकेका छन् भने आफ्नो सत्तरी प्रतिशत पिण्ड गुमाइसक्दा पनि 'वायोडिग्रेडेवल पोलिमर'ले शुरूको शक्ति प्रदान गर्न सक्दछ । यसले प्रदान गर्ने शक्तिलाई हेर्दा यो अनुहारको हाड तथा हात र नाडीको हाडमा हुने विशेष चोटपटकको उपचारको निम्ति उपयुक्त भएको कुरा वैज्ञानिकहरू बताउँछन् ।

आशा गरौं, वैज्ञानिकहरूले विकसित गरेको कृत्रिम हाड चाँडै नै सर्वसधारणको प्रयोगको लागि उपलब्ध हुनेछ । र, कुनै दुर्घटनाबाट नराम्ररी हाडमा चोटपटक लागेकाहरूले कृत्रिम हाडको प्रयोग गरी नयाँ जीवन पाउँने छन् ।

❑ तुल्सीदास महर्जन

*सन्दर्भ स्रोत : science reporter*

# देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने उपाय के ?




विगत १२ वर्षमा कहाँ भयो गल्ती ? भन्ने महत्वपूर्ण विषयमा गतांकमा चारजना बौद्धिक व्यक्तित्वहरू : कृष्ण खनाल, कृष्ण हाछेथु, डा. पिताम्वर शर्मा र डा. महेश मास्केका बीच सम्पन्न भएको प्रत्यक्ष विचार अन्तर्क्रियाको रिपोर्ट प्रस्तुत गरेका थियौं । यसले पाठकहरूलाई विशेष सन्तुष्टि दिएको प्रतिक्रिया हामीले पाएका छौं । यसपटक प्रस्तुत छ- यो अन्तर्क्रियामा व्यक्त विचारहरूमाथि थप तीनजना बौद्धिकहरूका गहन टिप्पणीहरू । - **मूल्यांकन**

## प्रत्यक्ष अन्तर्क्रियाको विशेष रिपोर्टमाथिको थप टीप्पणी

## १२ वर्षमा कहाँ भयो गल्ती ?

### दीपक ज्ञवाली

**गत अंकको** मूल्यांकनमा प्रकाशित अन्तर्क्रियाका सहभागीहरूमध्ये डा. पिताम्बर शर्माको विचारसँग म धेरै सहमत छु । किनभने मैले पनि विकेन्द्रीकरण हुन नसकेको कुरा वकालत गर्दै आएको छु । २०४६ सालको व्यवस्थाले पनि विकेन्द्रीकरण नचाहेको जस्तै देखियो । विकेन्द्रीकरणसम्बन्धी पंचायती संविधानमा भएको कुरालाई समेत बहुदलीय संविधानमा समावेश गरिएन । यो १२ वर्षमा स्थानीय स्वायत्त शासन व्यवस्थासंवन्धी एउटा ऐन जवरजस्ती पास भएको थियो । तर त्यसलाई पास भएको भोलिपल्टदेखि निस्क्रिय पारियो । यो कुरा पिताम्बरजीले राम्रोसँग उल्लेख गर्नुभएको छ ।

अहिले पनि सरकारले चार हजार गाविस र अन्य स्थानीय निकायहरूलाई जसरी भंग गर्‍यो, त्यो भंग गर्नुपर्ने आवश्यकता नै थिएन । यी निकायहरूले राष्ट्रिय निकायले भन्दा राम्रै कामहरू गरिरहेका थिए । स्थानीय ठाउँको घर जग्गादेखि लिएर नागरिकता, राहदानी, जन्ममृत्यु दर्ता आदिसम्बन्धी जनताका दैनिक कामहरू गरिरहेका नै थिए । त्यस्तो निकायलाई एउटा मन्त्रीको सनक र लहडबाट खत्तम गरियो ।

माओवादी समस्या उब्जिनुमा स्थानीय निकायहरूको स्वायत्त शासनलाई सम्मान नगरेकोले हो भन्ने कुरा अहिले आएर ज्वलन्त देखियो । गिरिजाको पहिलो मन्त्रीमण्डल गठन भएको बेलामा नै तत्कालीन गृहमन्त्री खुमबहादुर खड्काले गएर रोल्पाको जि.वि.स. विघटन गरेका थिए । जनमोर्चाका तर्फबाट रोल्पाका जिल्ला सभापति झक्कुप्रसाद सुवेदीलाई हातगोडा भाँचेर जेलमा थुनेपछि माओवादीको यो व्यवस्थाप्रतिको मोहभंग भएको हो । माओवादी समस्या जन्मिनुमा यो इभेन्टको ठूलो हात छ । यो कुरा अहिले आएर पुष्टि भयो ।

त्यसैले यो अन्तर्क्रियामा मेरो पहिलो टिप्पणी के हो भने यो व्यवस्था नै प्रजातन्त्र हो कि होइन भन्ने कुरामा ठूलो प्रश्नचिन्ह छ । जुन व्यवस्थाले अधिकार जति सिंहदरवारमा थुपारेर राख्ने र निर्वाचित स्थानीय निकायलाई अधिकार नै नसुम्पने कार्य गर्छ, त्यो कसरी प्रजातन्त्र हुन्छ ? यस प्रश्नमा म पिताम्बर शर्माको विचारसित ज्यादा सहमत छु ।

यो संविधानमा गम्भीर संरचनागत त्रुटीहरू छन् । हाछेँथुले यो कुरा स्वीकार्नु भएको छ, परन्तु उहाँहरूले पनि भर्खरै अहिले आएरमात्र यो कुरा स्वीकार्नु भएको हो । नत्र यो संविधान भनेको कुनै खोट नभएको विश्वकै सर्वोत्कृष्ट संविधान हो, यसमा संशोधन गर्नै हुन्न भनेर भन्नेहरू पनि यसअघि उहाँहरू नै हुनुहुन्थ्यो । यदि यो संसारकै सर्वोत्कृष्ट संविधान हो भने तीन-तीनवटा आम-निर्वाचन भइसक्यो,

**यो देशको सेना परिचालन कसले गर्ने त ? केही पनि प्रष्ट छैन । प्रधानमन्त्री, रक्षामन्त्री, प्रधानसेनापति तीनजना नै राखिदिएको छ- सुरक्षा परिषद्मा । मुख्य उत्तरदायी को त ?**

हरेक पटक त्यो निर्वाचनबाट निकृष्ट र भ्रष्ट मान्छेमात्रै ज्यादाजसो चुनिएर किन माथि सत्तामा आउँछ ? खुँखार, तस्कर र घुस्याहामात्रै माथि आउने, असल राम्रा तत्वहरू चुनिएर सत्तामा आउनै नसक्ने यस्तो किन भइरहेछ ? यसले अहिलेको संविधानको सत्ता-संरचना त्रुटीपूर्ण भएको प्रमाणित गर्छ कि गर्दैन ?

कृष्ण हाछेथुले अहिलेको संसदीय सत्ता-संरचनाको सकारात्मकताको चर्चा गर्दै यसमा ७९ प्रतिशत पुराना मान्छे हारेको कुरो निकाल्नुभएको छ । मेरो भनाइ के छ भने यो ७९ प्रतिशत हार्नुको कुनै अर्थ नै भएन, किनकि, २१ प्रतिशत खुँखार र भ्रष्ट त हमेशा चुनिएर आइरहेकै छन् र यही २१ प्रतिशतले ७९ प्रतिशतलाई नियन्त्रण गर्ने र किनबेच गर्ने काम गरिरहेछ । खुमबहादुरको खल्तीमा १५ जना सांसद छन्, गिरिजाको खल्तीमा ५२ जना र देउवाको खल्तीमा ४० जना छन् भन्ने जुन कुरा आएको छ, त्यो २१ प्रतिशत खुँखारले ७९ प्रतिशतलाई घुमाइरहेको प्रमाण हो । एकजना सामन्त ठालुले १०-२० जना हरूवा-चरूवाहरूलाई सजिलैसँग जिताउनसक्ने व्यवस्था रहेछ यो त । यसोभएपछि जतिसुकै भ्रष्ट भए पनि खुमबहादुरलाई त भिक्नै नमिल्ने भयो । अहिले चिरञ्जीविको भ्रष्टाचारको कुरा आइरहेछ । उनको खल्तीमा निश्चित संख्यामा सांसद छन् भने उनी जतिसुकै भ्रष्ट भए पनि उनलाई छुनै नमिल्ने भयो ।

मुख्य कुरो, संविधानको यो संरचनागत त्रुटी हटाउनु पर्‍यो, जसद्वारा असल राम्रा मान्छेहरू चुनिएर आउनै सक्दैनन् । गोजीमा पैसा ज्यादा भएका खुँखार भ्रष्ट मान्छे मात्रै चुनिएर आउँछन् । जनताले पठाउन चाहेका असल र सही प्रतिनिधिहरू चुनावमा प्रतिस्पर्धा गरेर जितेर आउन सक्दै सक्दैनन् । चुनावमा केही एक दुईवटा ठूला पार्टीको मात्र एकाधिकार र वर्चस्व हुने, बाँकी साना पार्टीहरू र असल सही व्यक्तिहरूले प्रतिस्पर्धा नै गर्न नसक्ने, उनीहरूको कुनै खैरियत नै नहुने, यस्तो त्रुटीपूर्ण संरचना हटाउनु पर्‍यो । ३ प्रतिशत भोट नपाई राष्ट्रिय पार्टी हुन नपाउने, स्वस्थ ढंगले कुनै पार्टीबाट कुनै समूह छुट्टिन चाह्यो भने छुट्टिन नपाउने, बहुमतले अल्पमतलाई कुनामा खुम्च्याएर राख्ने प्रावधान र संरचना हट्नुपर्‍यो ।

म केही अरू संरचनागत त्रुटी औँल्याउन चाहन्छु, जसको चर्चा अन्तर्क्रियामा कसैबाट पनि भएन । उदाहरणको लागि, संविधानको धारा-११७ छ, जसमा संवैधानिक परिषद्को व्यवस्था छ । यसले व्यवस्थालाई नै गैर-जिम्मेवार बनाएको छ । पूरै व्यवस्थालाई नै यसले यसरी गैर-जिम्मेवारी बनाएको छ कि कसैले पनि राजनीतिक जिम्मेवारी लिन नपर्ने भएको छ । साधारणतया प्रजातन्त्रमा के हुनुपर्ने हो भने जसले चुनाव जितेर बहुमत ल्याउँछ, उसले राजनीतिक नियुक्ति गर्न पाउँछ, त्यसलाई अनुमोदन गर्ने नगर्ने स्वतन्त्रता र हक संसदमा रहन्छ । जस्तो, अमेरिकामा नै हेर्नुहोस्, न्यायाधीशलगायत कैयन्को छनौट राष्ट्रपतिले गर्छ, संसदले हुन्छ कि हुँदैन भनेर अनुमादेन गर्न पाउँछ । यसो गर्दा संसदको सर्वोच्चता र जिम्मेवारी पनि रह्यो, ठीक मान्छे चुन्ने कार्यपालिकाको दायित्व पनि रह्यो । तर हाम्रो संविधानमा यस्तो संरचनाको व्यवस्था गरिएन । यहाँ कस्तो बदमासी गरियो भने संवैधानिक परिषद्मा ल्याएर प्रमुख प्रतिपक्षी दलको नेतालाई राखियो, जसले सरकारले संसदमा विरोध गर्ने भूमिका निभाउनुपर्थ्यो । प्रमुख प्रतिपक्षको काम राजनीतिक नियुक्ति दिने हुँदै होइन । अब उसलाई संवैधानिक परिषद्मा ल्याएर राखिदिएपछि परिषद्बाट गलत व्यक्तिको नियुक्ति भयो भने विरोध गर्ने कसले ? सब चूपचाप । त्यस्तै, संवैधानिक परिषदमा ल्याएर प्रधान न्यायाधीशलाई पनि राखिदिएको छ, जुन नितान्त त्रुटीपूर्ण छ । अब नियुक्ति गलत भएर भोलि मुद्दा पर्‍यो भने त्यो हेर्ने कसले ? प्रधान न्यायाधीश आफैं त नियुक्तिमा मुछिइसके । यसरी कार्यकारी निर्णय गर्नुपर्ने ठाउँमा प्रमुख प्रतिपक्ष र न्यायाधीशलाई मुछिदिएपछि पूरै संरचना नै गैर-जिम्मेवार वा अनुत्तरदायी हुने भयो । नियुक्ति गलत भएर सरकारलाई दोष दियो भने- लौ त्यसमा त प्रमुख प्रतिपक्ष र प्रधान न्यायाधीश पनि त थिए नि, ममात्रै किन जिम्मेवार भनेर पन्छिने अवस्था भयो । न्यायालयलाई दोष आउँदा प्रतिपक्षले चाहिँ 'त्यहाँ त हामी यसो बसी दिएको मात्र हो, मुख्य काम त कार्यकारीको हो नि' भनेर पन्छिने अवस्था भयो । उत्तरदायी त कोही हुने भएनन् । सबै अरूका थाप्लामा जिम्मेवारी पन्छाएर आफू निर्दोष बन्न प्रयत्न गर्ने भए । नियन्त्रण र करेक्सन संयन्त्र पनि बाँकी रहने भएन, अदालत र प्रमुख प्रतिपक्ष मुछिएपछि ।

त्यस्तै त्रुटीपूर्ण संरचना सुरक्षा परिषद्को छ । यो देशको सेना परिचालन कसले गर्ने त ? केही पनि प्रष्ट छैन । कि भन्नुपर्‍यो- रक्षामन्त्रीले, अथवा प्रधानमन्त्रीले वा अरू कसैले । प्रधानमन्त्री, रक्षामन्त्री, प्रधानसेनापति तीनजना नै राखिदिएको छ- सुरक्षा परिषद्मा । मुख्य उत्तरदायी को त ? स्पष्ट पारिएको छैन । अनि विवाद र झगडा हुने भएन ?

यसरी समग्र प्रणाली नै गैर-जिम्मेवार बनाइएको छ । गैर-जिम्मेवार संरचना भएपछि अनावश्यक विवाद, घूसखोरी, भ्रष्टाचारी त बढ्ने नै भयो । राजनीतिक



**यहाँ कस्तो बदमासी गरियो भने संवैधानिक परिषद्मा ल्याएर प्रमुख प्रतिपक्षी दलको नेतालाई राखियो, जसले सरकारले संसदमा विरोध गर्ने भूमिका निभाउनुपर्थ्यो- दीपक ज्ञवाली**

जिम्मेवारी त लिनुपरेन नि कसैले पनि । उसले उसलाई देखाए भयो । उसले अर्कोलाई देखाए भयो र कोही पनि कुनै त्रुटीको लागि जिम्मेवार हुने भएन । यस्तो प्रणाली भएपछि दुनो सोभ्याउने काम त सबैले गर्ने भए । हाम्रो १२ वर्षको विफलता नै मुख्य रूपमा गैर-जिम्मेवार संरचना वा प्रणालीका कारण भएको हो । यो कुरा अन्तर्क्रियामा स्पष्टसँग कसैबाट आएन ।

जुन राजनीतिक संरचना २०४६ सालमा बन्यो, त्यो नै गैर-जिम्मेवार बन्यो भन्ने मेरो तात्पर्य हो । अदालतमा टनकपुरसम्बन्धी मुद्दा आउँछ, यो समझदारी होइन, सन्धि हो त अदालतले भन्छ, तर यो व्यापक, गम्भीर र दीर्घकालीन प्रकृतिको हो कि होइन, संसदले नै टुंगो गरोस् भन्छ । संसदले चाहिँ टुंगो कहिल्यै गर्दैन । राजनीतिक चरित्रको मुद्दा छ, सबै न्यायालय कुद्छन्, उत्तरदायित्वका साथ राजनीतिक आन्दोलनचाहिँ कहिल्यै सृष्टि गर्दैनन् । कस्तो उत्तरदायित्वविहीन व्यवस्था ल्यायौं हामीहरूले ?

कृष्ण हाछेथुले King can do no wrong को सिद्धान्तअनुसार संम्वैधानिक


**अभ्रष्ट र अविचलित भएको भए यत्रा ठूला पार्टीहरू माओवादीबाट यति डराउनुपर्ने र उसका कारणले गाउँमा जानै नसक्ने कारण किन ?**

राजतन्त्र नेपालमा हुनुपर्थ्यो, जसअनुसार राजासँग कुनै शक्ति नै नरहने भएकाले राजाले गल्ती पनि गर्दैनन् भन्ने कुरा लागु हुन्छ भन्नुभएको छ । तर नेपालमा सारमा अर्ध-सम्बैधानिक राजतन्त्रको स्थिति छ भन्नुभएको छ । मेरो यसमा टिप्पणी के छ भने यो अर्ध-सम्बैधानिक राजतन्त्र होइन, यो सक्रिय सम्बैधानिक राजतन्त्र हो । बेलायती वा जापानी मोडेलको सम्बैधानिक राजतन्त्र अपनाउनु थियो भने न भाग २० को धारा ११७ देखि १२७ सम्मको धारा त्यस ढंगले राख्नुहुन्थ्यो, न धारा २७ (३) मा संविधान संरक्षण गर्ने अभिभारा राजालाई दिनुहुन्थ्यो, न धारा ४३ (२) मा राजालाई सरकारलाई र चुनिएका नेताहरूलाई सचेत गराउने जिम्मा बोकाउनु हुन्थ्यो । धारा- १२७ ले संविधानको अवशिष्ट अधिकार (residual power) राजामा राखेको छ । संविधान निर्माण गर्ने ज्ञाताहरूलाई थाहा हुनुपर्ने हो, व्यवहारतः अवशिष्ट अधिकार जहाँ रहन्छ, सार्वभौमसत्ता त्यहीं रहन जान्छ । यही कारणले भारतको संविधानले संक्रमणकालमा अवशिष्ट अधिकार राष्ट्रपतिमा राखे पनि संक्रमणकाल सकिनेबित्तिकै सो धारा निस्क्रिय गराई सो अधिकार संसदमा सारेको थियो । पंचायती संविधान २०१९ ले समेत राष्ट्रिय पंचायत गठन भइसकेपछि त्यस्तो धारा निस्क्रिय हुने व्यवस्था गरेको थियो । तर २०४७ सालमा संविधानमा हाम्रा संविधान निर्माताहरूले त्यस्तो व्यवस्था गरेनन्, जुन ठूलो त्रुटी थियो ।

तसर्थ, यो संविधानले परिकल्पना गरेको राजतन्त्र पंचायतको जस्तो 'सक्रिय राजतन्त्र' पनि होइन, बेलायत र जापानको जस्तो असक्रिय राजतन्त्र पनि होइन, हाछेथुले भनेजस्तो अर्ध-सम्बैधानिक राजतन्त्र पनि होइन, यो सक्रिय सम्वैधानिक राजतन्त्र हो । १२ वर्षमा अनेकौं पटक अनेकौं नेताहरू राजनीतिक प्रश्नमा दर्वारको ढोका खट्खटाउन पुग्नुले पनि यही कुरा देखाउँछ ।

महेश मास्केले व्यापक जन-सहभागितासहितको 'अराज्य' (Non-State) को कुरा गर्नुभएको छ । यस्तो अराज्य मार्क्सवादी अवधारणा हो भन्ने मलाई लाग्दैन । यो अराज्य होइन, अराजक स्थिति हुनजान्छ भन्ने मलाई लाग्दछ । अराजकताले कतै क्रान्ति हुन्छ भन्ने देखिएको छैन । र, अराजकताले सिर्जनात्मकता पनि ल्याउँदैन र जनसहभागिता पनि ल्याउँदैन । बुखारीनको पालादेखि नै यसबारे मार्क्सवादी-लेनिनवादीहरूको विवाद चल्दै आएको छ । माओवादीहरूको एउटा गल्ती अराजकतावादी सोच हो । निर्माणको उन्नत विकल्पविना ध्वंशमात्र गर्ने सोच अराजकतावादी सोच हो । माओवादीहरू ध्वंशमात्र गर्न खोजिरहेछन् । त्यसैले, उनीहरू ध्वंशात्मक शक्तिको रूपमा देखिएका छन् ।

कृष्ण खनालले कार्तिक २७ गते चुनाव भएन भने यो प्रणाली नै कोल्याप्स हुन्छ, सम्वैधानिक संकट आउँछ भन्नुभएको छ । त्यसैले चुनाव त हुन दिनै पर्‍यो भन्ने उहाँको मत छ । हो, चुनाव त हुनैपर्छ । चुनाव नभई वैधता गुमाइसकेको संसदले वैधता प्राप्त गर्ने स्थिति नै हुँदैन । र, यो संसदले वैधता गुमाइसकेको थियो । तर अहिलेको गाँठी प्रश्न के हो भने अहिले देशमा चुनाव हुनसक्ने स्थिति छ कि छैन ? अनि राजनीतिक दलहरू जनतामा जानसक्ने स्थिति छ कि छैन ?



दीपक ज्ञवाली

सबै पार्टीहरू अहिले भनिरहेछन्- हाम्रो त अहिले जनतामा जानसक्ने स्थिति नै छैन । कारण भलै माओवादीलाई तेर्स्याइएको होस्, तर पार्टीहरू सबै स्वीकारिरहेछन् कि आफ्नो क्रियाकलापले गर्दा माओवादीलाई छिचोलेर उनीहरू जनताबीच जान सक्दैनन् । यो स्थितिमा कार्तिक २७ गते चुनाव हुनै पर्‍यो भन्नुको के तुक छ ? चुनाव त यहाँ भई नै सक्यो । कार्तिक २७ लाई पर्खिनुपर्ने जरूरी नै छैन । वैचारिक विचलन र भ्रष्टताले गर्दा अहिलेको नेतृत्व जनताबाट यति टाढिइसक्यो कि उसको माओवादीलाई छिचोलेर जनतामा जानसक्ने नैतिक बल र साहस नै छैन । यो भनाइ नै जनमतको अहिलेको हालको एउटा प्रतिविम्ब होइन र ? यो नै एउटा चुनाव होइन र ? नत्र, अभ्रष्ट र अविचलित भएको भए यत्रा ठूला पार्टीहरू माओवादीबाट यति डराउनुपर्ने र उसका कारणले गाउँमा जानै नसक्ने कारण किन ?

कृष्ण खनालले संविधान संशोधन वा सुधारको कुरा गर्नुभएको छ । उहाँले संविधान संशोधनको प्रस्तावद्वारा जनमत संग्रहको प्रावधान राख्ने कुरा गर्नुभएको छ । मेरो यसमा टिप्पणी के हो भने- यो १२ वर्षमा एमाले र कांग्रेसले चाहेको भए- संविधानमा चाहेको संशोधन गर्न उनीहरूलाई केले रोकेको थियो ? तर पनि संशोधनको एउटा प्रस्ताव पनि उनीहरूले किन ल्याएनन् ? अहिलेसम्म कांग्रेस र एमालेको कुनै चुनावी घोषणा-पत्रमा पनि संविधान संशोधनको एजेण्डा परेको देखिँदैन । जुन कुरा चुनावी घोषणा-पत्रमा कहिल्यै भनिएन र त्यसलाई जन अनुमोदिन गराइएन, त्यो सवाल अहिले आएर सनक र लहडका भरमा फ्यास्स राख्न मिल्छ ? अहिले पनि कांग्रेसको संविधान संशोधनको प्रस्ताव हेर्‍यो भने क्षेत्रीय सरकारको अवधारणबाहेक - तात्विक महत्वको अर्को कुनै प्रस्ताव देखिँदैन । एमालेको हेर्‍यो भने चुनावी सरकारको प्रस्तावबाहेक केही देखिँदैन । जुन पार्टीले यत्रा स्थानीय निकायहरू विघटन गरिँदा चुँक्क बोल्दैन र सडकमा सशक्त संघर्ष उठाउँदैन, त्यो पार्टीले

सविधानमा क्षेत्रीय स्वायत्त शासन र जनमत संग्रहजस्तो अहं महत्वको प्रावधान राख्नका लागि ठूलो प्रभावकारी संघर्ष उठाउँछ भनेर पत्याउने कसरी ?

उहाँहरूको भनाइमा असहमत पक्षमा मेरो टिप्पणी यो हो । पिताम्बर शर्माको भनाइमा मेरो खास टिप्पणी छैन । मैले अघि नै भनिसकें- म उहाँको विचारको धेरै नजिक छु ।

यो विषयमा मेरा आफ्ना विचार पनि राख्न चाहन्छु ।

नेपाली राजनीतिको लागि कार्तिक २७ एउटा मुख वाएर कुरेको अजिङ्गरजस्तो भएको छ, जसतर्फ सुद्धी हराएका संसदवादी पार्टीहरू हिप्नोटाइज्ड निरीह आहाराजस्तै हिंडीरहेका छन् । कताकता राष्ट्रलाई डोऱ्याउन पर्नेहरूको हालत नपढ्ने त्यस्ता विद्यार्थीको जस्तो भएको छ, जसले जाँच दिइसक्यो र गुल्टियो भन्ने पनि थाहा छ, तर कार्तिक २७ गते रिजल्ट आँउदा केही चमत्कारी भाग्योदय हुन्छ कि भनेर परिवार र छर-छिमेकलाई राम्रै हुन्छ भनेर ढाँटेर बसेको छ । यस्तो कन्तविजोगको स्थिति यति चाँडै बाह्रै वर्षमा कसरी आयो ? को जिम्मेवार र अब के गर्ने ? यसबारे नागरिक समाजको स्तरमा व्यापक छलफल हुनु अन्यन्तै जरूरी छ, समस्या हल गर्ने हो भने ।

हिजो आज दुई धारमा विचारहरू आउन थालेका छन्, यस्तो संकटबारे । संसदवादीहरू चुनाव जसरी भए पनि हुनैपर्छ र हुनसकेन भने पूरा नै संसदलाई ब्यँताउनपर्छ भन्दैछन् । गैर-संसदवादीहरू चाहिं दुई ध्रुवमा छन्- एकातिर माओवादीहरू ध्वंश प्रधान हो भन्दै व्यक्ति हत्या मच्चाएर र निर्माण संरचना भत्काएर अराजक स्थिति पैदा गराउन तल्लिन छन् । अर्कोतिर, राजाभन्दा पनि बढी राजावादी दरवाररियाहरू १७ सालै दोहिएला भन्ने आशामा छन् ।

यो व्यवस्था नरूचाउनेहरूमा दरवारियाहरूलाई अब राजाको काँधमा बन्दूक राखेर राज्यकोषमाथि आफ्नो स्वार्थको शिकार गर्न राष्ट्रिय र अन्तराष्ट्रिय मनस्थिति दुवैले दिंदैन । माओवादीहरूको काम भने क्रान्ति होइन, भ्रान्ति हो नभनी उनीहरूलाई पनि सुख छैन । थियोरी अफ गभर्नेन्स नै नभएका माओवादीहरू अण्डा फुटाउन त सजिलै सक्दछन्, तर अम्लेट बनाउने ढङ्गै छैन, न्यायोचित तरिकाले सबैलाई बाँड्ने कुरा त परै जाओस् ।

आजको संकट २०४६ सालमा परिकल्पना गरिएको राजनैतिक संरचना बाह्र वर्षमै फेल हुनुमा आधारित छ । यसको मुख्य कारण संविधानमै निहित संरचनागत त्रुटीहरू हुन, यसको उल्लेख मैले माथि टिप्पणी गर्दा नै गरिसकें, जसलाई सच्याएर व्यवस्थालाई सुदृढ बनाउन संसदवादीहरूले बाह्र वर्षसम्म चाहेनन्, मानेनन् ।

छ वर्षअघि राज्य विप्लव शुरू गर्दा माओवादीहरू दुईवटा निष्कर्षमा पुगेको अनुमान गर्न सकिन्छ । पहिलो त अधिकांश संसदवादी प्रतिनिधिहरू यति भ्रष्ट भए कि उनीहरू जनतासामु उभिन गाउँ पस्नै सक्दैनन् भन्ने सोच र दोस्रो आए भने पनि एक-दुईवटा भरूवा बन्दूक पड्काई दियो भने धारा-११८ र ११९ को ब्यवस्थाले गर्दा राज्यले माओवादीविरूद्ध सैन्यबल त्यति सजिलै प्रयोग गर्न सक्दैनन् । माओवादी गतिविधिको ६ वर्षे इतिहासले यो मूल्याङ्कन सही भएको देखाउँछ । आज सैन्यबल प्रयोग भएको नौ महिना भइसक्यो, तर संसदवादी पार्टीहरूको भ्रष्ट छविले गर्दा गाँउमा मात्र होइन, शहरमा र टोलहरूमा पनि संसदवादी राजनीति शून्य छ । यो पोलिटिकल भ्याक्यूम पुरानो नेतृत्वले भरेर भर्न सक्दैन । अब के गर्ने ?

नेपालको अहिलेको राजनीति तीन धारमा बगेको छ र प्रत्येकको आफ्नै शक्ति र कमजोरीहरू छन् । पहिलो धार परम्परागत शक्तिहरूको हो, जसमध्ये सेना पनि पर्दछ र जुन आज राजाप्रति वफादार छ । यो शक्ति त्यति सजिलै ध्वस्त पनि हुँदैन, तर यसले त्यति सजिलै आफूलाई परिवर्तन गर्न पनि सक्दैन । यसको मुख्य समस्या मानसिक हो- के राजा यिनको मात्रै प्रतिनिधि हो वा समस्त राष्ट्रकै ? यदि समस्त राष्ट्रकै हो भने यस शक्ति (खासगरी राज्यको तामसी सैन्यबल)ले परिवर्तित सन्दर्भमा आफूलाई कसरी बदल्ने ? सेनालाई यो गरिव मुलुकले आर्थिक रूपमा धान्नसक्ने गरी "भोलिन्टेरी कन्स्कृप्ट्स्"को अवधारणाअनुरूप बढी प्रजातान्त्रिक पार्दै लाने कि नलाने ?

दोस्रो धार भनेको आधुनिकीकरणतर्फ उन्मुख नेपालका शहर केन्द्रित व्यापार, उद्योग र अन्य ब्यवसायहरूको प्रतिनिधित्व गर्दै २००७ देखि २०४६ सालसम्म आस्थाका केन्द्र भएका संसदवादी पार्टीहरू हुन् । अत्यावश्यक वस्तुहरू (खाद्य, कपडा, घर, शिक्षा इ.) जनस्तरमा उपभोग हुने आधुनिक अर्थतन्त्रमा यस धारको भूमिका अवश्यम्भावी छ । तर यसको सबैभन्दा ठूलो कमजारी हो- भ्रष्टता, त्यसमाथि पनि घोषणा गर्ने एकथोक (प्रजातान्त्रिक समाजवाद, नौलो वा बहुदलीय जनवाद) तर सरकारमा गएर भने लागु गर्ने अरू नै डोनरवाद, एन्रोनवाद इत्यादि ।

तेश्रोधार प्रायः जसो गाउँमा आधारित असन्तुष्टिलाई आवाज दिने तप्काको छ, जुन अहिले माओवादीहरूले प्रतिनिधित्व गरिराखेका छन् । केही गरी उनीहरू मासिएर गए भने भोलि यही काम गर्न अर्को त्यस्तै शक्ति जन्मेर आउने छ । यसको सबैभन्दा ठूलो कमजोरी मुटुले विचार गर्ने, आफूबाहेक अरू निर्णयकर्ताहरू कोही छँदैछैन भन्ठान्ने र यसो गर्दागर्दै आफ्नै राष्ट्रियता शंकाको घेरामा पार्ने ।

नेपाली राजनीतिले त्राण पाउने हो भने शायद निम्न कामहरू यी तिनैवटा शक्तिहरूले गर्नुपर्ने हुन्छ :

**पहिलो चरणः** माओवादीले हतियार बिसाएको (casefire) घोषणा तुरून्त गर्ने । त्यसपछि शाही सेनाले युद्धविराम गरेर माओवादी कमाण्डरहरूसँग उनको हतियार बुझाउने प्रकृयाको लागि काम थालनी गर्ने । सरकारले "टाउकोको मोल"बारे घोषणा फिर्ता गराउन लगाउने र शान्ति प्रयासमा संलग्न हुन चाहने र खास युद्ध अपराध नगरेका माओवादीहरूलाई आम माफी दिने ।

**दोश्रो चरणः** संसदवादी पार्टीहरूबाट आफ्नै पहलमा माओवादी नेतृत्वलगायत

माओवादीले हतियार बिसाएको घोषणा तुरून्त गर्ने । त्यसपछि शाही सेनाले युद्धविराम गरेर माओवादी कमाण्डरहरूसँग उनको हतियार बुझाउने प्रकृयाको लागि काम थालनी गर्ने । सरकारले "टाउकोको मोल"बारे घोषणा फिर्ता गराउन लगाउने ...

सबै पार्टीहरूको गोलमेच बोलाउने । राजाले गोलमेचको सुझाव ध्यानमा राखी त्यसको निर्णयका आधारमा (क) अन्तरिम सरकार गठन गर्ने, (ख) सम्विधान सुधार आयोग गठन गर्ने, र (ग) एक एक नगर र गाउँ गर्दै तुरून्त स्थानीय चुनाव गराउन थाल्ने । यी काम संसदवादी पार्टी र सरकारले गर्न सकेनन् भने राजाले गर्ने प्रवल संभावना छ ।

**तेश्रो चरणः** सम्विधान सुधारबारे ब्यापक छलफल एक वर्षसम्म गराउने, स्थानीय चुनाव पनि भइरहेको वेला काँठमाण्डौबाहिर जनस्तरमा यो छलफल पुऱ्याउने, केही मात्रामा स्थानीय चुनावलाई नै मिनी जनमत संग्रहको रूपमा हेर्दै जाने । सम्विधान सुधार आयोगको सुझाव धारा- १२७ कै भरमा लागु गरी राष्ट्रिय संसदको चुनाव गराउने, जुन संसदले सम्विधान सुधारका बूँदाहरू अनुमोदन वा परिमार्जित गरेर नेपालको सम्विधान भनी लागु गर्ने छ । यसरी यो आउने संसद नै सम्विधान सभा हुनेछ, जसको लागि पनि आखिर त्यस्तै चुनाव त गर्नैपर्छ । ❑

खगेन्द्र संग्रौला

"**बाह्र वर्षमा** कहाँ गल्ती भयो ?" *मूल्याङ्कन अन्तर्क्रिया मञ्च*ले परिचर्चाका लागि रोजेको यस शीर्षकमा कृष्ण हाथेछु, डा. महेश मास्के, प्रा. कृष्ण खनाल र डा. पिताम्वर शर्माले विचार मन्थन गर्नुभएको छ । गत बाह्र वर्षमा शासन सन्चालनको प्रक्रियामा हुन गएका कुन कुन गल्तीहरूको नतिजा वर्तमान संकट हो भन्ने यस परिचर्चामा एमाले पक्षका एकजना र उपलब्ध भएमा माओवादी पक्षका एकजना बौद्धिक प्रवक्तालाई सहभागी गराउन सकिएको भए परिचर्चाको परिधि अझ



# पर्याप्त भोजन संग्रहित भएको अन्तर्क्रिया

"अहिलेको व्यवस्थालाई जस्ताकोतस्तै राख्ने हो भने त यसको मूलधारमा माओवादी नै आयो भने पनि ऊ पनि अरूजस्तै भएर निस्कन्छ" भन्ने डा. शर्माको तर्कको सबल आधार छ ।

फराकिलो र पूर्ण हुंदो हो । तैपनि परिचर्चाको रिपोर्ट पढ्दा यो परिचर्चा निकै नै गहन र अर्थपूर्ण लाग्छ ।

"के देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने केही उपाय बाँकी छ अझै ?" परिचर्चाका प्रमुख आयोजक श्याम श्रेष्ठले गर्नुभएको यसै प्रश्नको उत्तरमा चार प्रबुद्ध नागरिकका अभिमतहरू प्रकट भएका छन् । नेपालको वर्तमान अवस्था राज्यको असफलताको द्योतक हो कि राज्यको संकटको द्योतक हो ? परिचर्चामा आएको यो एउटा प्रमुख सैद्धान्तिक प्रश्न हो । हाथेछु र खनालले यस अवस्थालाई राज्यको असफलताका रूपमा हेर्नुभएको छ भने मास्केले चाहिं यसलाई राज्यको संकटको संज्ञा दिनुभएको छ । उता शर्माले चाहिं यसलाई संसदकै असफलता नभई संसदीय मोडेलको असफलता ठान्नुभएको छ । मास्केका विचारमा वर्तमान संकटग्रस्त अवस्था आवरण लोककल्याणकारी तर सार भने जनविरोधी भएको राज्यका अन्तर्विरोधहरूको चरम् परिणति हो । तसर्थ राज्यको यस अन्तर्विरोधी संरचनालाई परिवर्तन गरी जनइच्छामा चल्ने जनउत्तरदायी राज्यको निर्माण गर्ने दिशातर्फ पाइला चाल्नु नै "देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने उपाय" हो भन्ने मास्केको धारणा छ ।

राज्यको स्वरूपमा हुने परिवर्तन शासक वर्गको चरित्रमा प्रतिविम्बित हुन्छ । वर्तमान संकटको एक महत्वपूर्ण कारकको उल्लेख गर्दै कृष्ण खनाल तर्क गर्नुहुन्छ, "०४६ सालमा त्यत्रो परिवर्तन भए पनि सत्ताशीन दलको चरित्रमा भने पटक्कै परिवर्तन भएन ।" प्रकारान्तरले यस तर्कको प्रत्युत्तरमा पिताम्वर शर्मा चुनौतिको भाषामा भन्नुहुन्छ, परिवर्तन "कसरी होस् ? मलाई लाग्छ, यस्तो परिवर्तन गर्ने हाम्रो नियत नै थिएन ।" "नियत नै थिएन" भन्ने आधार के हो त ? शर्माको तर्क छ, "प्रजातान्त्रिक व्यवस्था कस्तो हुने ? संसदीय मात्रै हो कि अरू पनि छ ? हामीले प्रजातन्त्रको जुन वेस्ट मिनिस्टर मोडेल अपनायौं, त्यसमाथि हामीले प्रश्न नै उठाएनौं ।" शर्माको विचारमा अल्पमतको बलले बहुसंख्यक सिट जितेर दलविशेषले सत्तामा एकाधिकार कायम गर्ने यो मोडेल छद्म बहुमतको नाममा वास्तविक बहुमतको आवाजलाई दमन गरी स्वेच्छाचारी शासन चलाउने मोडेल हो । यस मोडेलले द्वन्द्वलाई बढावा दियो र सहमतिको राजनीतिलाई निषेध गऱ्यो । यसले केन्द्रीकरणलाई बढावा दियो र विकेन्द्रीकरणलाई निषेध गऱ्यो । यसले उही निर्दलकालीन एकल धर्म-संस्कृति र भाषालाई बढावा दियो र राष्ट्रिय एकीकरणको मुद्दालाई निषेध गऱ्यो । शर्माको निस्कर्ष छ- नतिजास्वरूप राज्यले आवाज नहुनेहरूको दाल-भात-डुकुको आवाजलाई व्यावहारिक अर्थमा पटक्कै सम्बोधन गरेन ।

महेश मास्केको विचारमा आजसम्मका कुनै पनि परिवर्तनले राज्यको पुरातन सामन्ती संरचना र चरित्रमा परिवर्तन ल्याउने प्रयास नै गरेका छैनन् । ०४६ सालको परिवर्तन पनि यस कुराको अपवाद भएन । राज्यको सामन्ती संरचना र चरित्रमाथि हस्तक्षेप गर्नुको सट्टा सत्ताशीन दलहरू त त्यही अनुदार, संकीर्ण र दमनकारी राज्य-संरचनालाई आत्मसात गरी त्यसैको चरित्रको अभिन्न पुर्जा बन्न पुगे । मल्लिक आयोगले औंल्याएका राजनीतिक अपराधीहरूलाई पञ्चखत माफी दिनु र हाथेछुले उल्लेख गर्नुभएझैं प्रतिकार समितिका खलपात्रहरू लगायत अतीतको व्यवस्थाका समस्त कुख्यात खलपात्रहरूलाई आ-आफ्ना दलमा भित्र्याउन कांग्रेस र एमालेले लुछाचुँडी गर्नु सामन्ती राज्यका सामु अक्षरशः घुँडा टेक्नु हो । मलाई लाग्छ, यसरी सत्ताशीन दलहरूको चरित्रमा परिवर्तन त भयो तर त्यो परिवर्तन प्रतिगमनको दिशामा भयो । सत्तामा भएका असैद्धान्तिक समीकरण र गठवन्धहरू यसै प्रतिगमनकारी चरित्रका परिणतिहरू हुन् । संसदीय राजनीतिमा प्रकट भएको भोगवाद र माफियाकरण पनि यसै प्रतिगमनकारी चरित्रका परिणतिहरू हुन् । हस्तक्षेपकारी इच्छाशक्ति र निर्णय-क्षमता गुमाएर ऋणदाताहरूका अनुपयुक्त आर्थिक मोडेलहरू मौन मुद्रामा स्वीकार गर्नु र राष्ट्रघाती सन्धि-सम्झौताहरूमा सहीछाप गर्नु पनि यसै प्रतिगमनकारी चरित्रका परिणतिहरू हुन् । यस सन्दर्भमा "त्यो सत्ताभित्र एमालेहरू गएर काम गरेका भए उनीहरूको पनि यही हालत हुन्थ्यो होला" भन्ने मास्केको तर्क र "अहिलेको व्यवस्थालाई जस्ताकोतस्तै राख्ने हो भने त यसको मूलधारमा माओवादी नै आयो भने पनि ऊ पनि अरूजस्तै भएर निस्कन्छ" भन्ने शर्माको तर्कको सबल आधार छ । किनभने कि त परिवर्तनकामी राजनीतिक शक्तिले पुरानो राज्य-संरचनालाई आफ्नो उद्देश्यअनुरूप ढाल्छ कि त पुरानो राज्य-संरचनाले परिवर्तनकामी राजनीतिक शक्तिलाई आफ्नो प्रतिरूपमा ढालिदिन्छ । राजनीतिमा

बीचको बाटो हुँदैन ।

परिचर्चामा कृष्ण खनालले "२००७ सालको आन्दोलनबाट बाहिर आएका प्रजातान्त्रिक शक्तिहरू अहिले आएर बढी कमजोर भएका छन्" भनी गम्भीर चिन्ता प्रकट गर्नुभएको छ । र, तिनका कमजोरीहरू कहाँकहाँ प्रकट भएका छन् भनी केही नालीबेली पनि प्रस्तुत गर्नुभएको छ । संवैधानिक विशेषाधिकारका रूपमा राज्यको कोषबाट भत्ता पाउने योग्यता भएका राजदरबारका सदस्यहरूको संख्या घटेर पनि राजदरबारको बजेट भने झण्डै ६ गुना बढेको छ भनी हाथेछु र मास्केले प्रस्तुत गर्नुभएको तथ्यलाई इङ्गित गर्दै खनाल भन्नुहुन्छ – यसबारे न त राजनीतिक दलहरूले अर्थपूर्ण बहस गरे न त संचार जगत्ले नै यसलाई टिप्पणीयोग्य समाचार बनायो । खनालको ठहरमा यो राजनीतिक दल र संचार दुबैमा आएको अवसरवादको द्योतक हो ।

कृष्ण हाछेथु, कृष्ण खनाल र पिताम्वर शर्माका विचारमा वर्तमान संविधान दोहोरो अर्थ लगाउन मिल्ने छायावादी प्रकृतिको छ । खनालले चर्चा गर्नुभएझैं संविधानप्रति अपनत्वको अभाव हुनाको कारण पनि यही नै हो । यो संविधान निर्माण-प्रक्रियामा संलग्न शक्तिहरूले मौकामा चौका हान्न सकिएला कि भन्ने आशयले निर्माण गरेको संविधान हो । त्यसैले राज्यमा जसको पकड बलियो छ- उसले संविधानलाई आफ्नो हितअनुरूप व्याख्या र प्रयोग गर्न-गराउन सक्छ । जुनबेला बहुदलपक्षीय राजनीतिक दलहरू लोकप्रिय थिए, त्यसबेला उनीहरूले संविधानलाई बढी मूर्त र जनमुखी बनाउनुपर्ने आवश्यकता बोध नै गरेनन् । अहिले विगतका आफ्ना नकारात्मक कार्यकलापहरूको नतिजास्वरूप राजनीतिक दलहरूको लोकप्रियता, इच्छाशक्ति र मनोबलमा भयानक ह्रास आएको बखतमा संविधानको यो छायावादी प्रकृति यथास्थितिवादीहरूका लागि एकदमै अनुकूल अस्त्र बनेको छ । खनालले चर्चा गर्नुभएअनुसार संसदको गत अधिवेशनमा संविधान संशोधन गर्न कांग्रेस र एमालेले गरेको प्रयासको विफलता यसै कुराको एउटा स्पष्ट उदाहरण हो । जब संशोधनको चर्चा हुनथाल्यो, यसमा राजाको पनि सहमति चाहिन्छ भनी कुनाकानीबाट छिटफुट आवाज उठे । त्यसपछि संशोधन गर्ने कार्यलाई निषेध गर्न नाटकीय रूपबाट संसदको विघटन नै गरियो ।

संविधानमा राजाको स्थान कहाँ ? राजाको अधिकार कति ? सेनामाथिको स्वामित्व कसको ? र सेनाको बफादारी कता ? परिचर्चामा यी प्रश्नहरूले मनग्गे स्थान ओगटेका छन् । खनालको आशयअनुसार संविधानमा राजाको स्थान र सेनामाथिको स्वामित्वलाई लिएर संसदमा कहिल्यै बहस नहुनु र केवल संसदबाहिर मात्र बहस हुनु ठूलो भूल थियो । संवैधानिक राजतन्त्रमा राजाले भूल गर्दैन भन्नुको अर्थ भूल गर्नका लागि राजाका हातमा प्रयोग गर्ने अधिकारै हुँदैन भन्ने हो । यस अर्थमा हाम्रो राजतन्त्र संवैधानिक भएकै छैन । संसदले भूल नगर्ने गरी संविधानमा राजाको स्थान निर्धारण गर्ने विषयमा बहस गर्न आँटै नगर्नु र राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन बनाउने अधिकार संसदलाई नहुनु, राजनीतिमा सेनाको प्रवेशलाई राजनीतिक दलहरूले मौन दृष्टिले टुलुटुलु हेर्नु, माथि कतै चर्चा गरिएझैं राजदरबारको बजेट एकै पटक ६ गुना बृद्धि हुनु र त्यसको औचित्यप्रति प्रश्न नउठाइनु – यी सबै तथ्यहरूहरूका आधारमा हेर्दा नेपालको राजतन्त्रको स्थिति हाथेछुले भन्नुभएझैं अर्ध-संवैधानिक मात्र हो । अझ सेना व्यावहारिक प्रयोजनका दृष्टिबाट कुन निकायको अधीनमा रहने भन्ने कुराको अस्पष्टतालाई ध्यान दिने हो भने त त्यो अर्ध पनि होइन ।

संविधान त्रि-शक्तिबीचको सम्झौताको दस्तावेज हो भन्ने तर्कका आधारमा यतिखेर संविधानको संशोधन वा परिमार्जनमा राजाको सम्मति अनिवार्य छ भन्ने आवाज प्रतिगामी तत्वहरूबाट मात्र होइन, कांग्रेस र एमालेकै कतिपय हस्तीहरूबाट पनि नसुनिएको होइन । यो राजनीतिक र नैतिक क्षयीकरणको कारण जसको शक्ति उसैको भक्ति भन्ने प्रवृत्तिकै प्रकटीकरण हो । र, यो स्थिति संविधानको अवसरवादी चरित्रले पैदा गरेको संवैधानिक संकट हो ।

पिताम्वर शर्माले संसदको वेस्ट मिनिस्टर मोडेल राजनीतिक दलहरूमाझ सहमति वा सहकार्यका लागि बाधक भयो भनी चर्चा गर्नुभएको छ । तर कांग्रेस र एमालेबीच सहमति वा सहकार्य हुँदै नभएको भने होइन । तर त्यस्तो सहमति वा सहकार्य नकारात्मक अर्थमा मात्र भयो, अर्थात् "भागशान्ति जय नेपाल"को अर्थमा मात्र । सांसदलाई पजेरो र पेन्सनदेखि लिएर, सत्तामा भागबण्डा तथा जनतालाई सरासर ठग्ने महाकाली सन्धिसम्म यिनका बीचमा सुमधुर सहमति वा सहकार्य भएकै हो । परिचर्चामा वर्तमान संकटको पृष्ठभूमि



**कांग्रेस र एमालेबीच सहमति वा सहकार्य हुँदै नभएको भने होइन । तर त्यस्तो सहमति वा सहकार्य नकारात्मक अर्थमा मात्र भयो, अर्थात् "भागशान्ति जय नेपाल"को अर्थमा मात्र । – खगेन्द्र संग्रौला**

निर्माण गर्नमा प्रमुख प्रतिपक्ष एमालेले खेलेको नकारात्मक भूमिकाको चर्चा नगण्य छ । उसको चर्चा राजनीतिमा देउवा गुटले अवलम्बन गरेको प्रतिगामी दिशा विरूद्ध एमालेले गिरिजा कांग्रेससँग सहकार्य गर्दै टनकपुर सन्धि विरूद्ध उठाएको आँधीबेरी झैं आधीबेरी उठाउनु पर्थ्यो भनी हाथेछुले गर्नुभएको अपेक्षामा र एमालेले संविधान सभाको नितान्त सान्दर्भिक मागलाई नकारेको कुराप्रति खनालले गर्नुभएको कटाक्षमै सीमित छ ।

साँच्चै भन्ने हो भने टनकपुर सन्धिविरोधी सडक अभियानपछि एमालेमा प्रतिपक्षताको चेतना र दायित्वको अवसान नै भयो भने पनि हुन्छ । उसँग राजनीति, अर्थ र संस्कृति तीनवटै क्षेत्रमा सत्ताधारी कांग्रेसको भन्दा पृथक् र मौलिक चिन्तन, नीति र कार्यक्रम केही पनि भएन । प्रतिपक्षमा रहेर पनि उसको आचरण पनि कांग्रेसको भन्दा उच्च र शुद्ध रहेन । उसले सडक छाडिदियो र ऊ जनताबाट टाढियो । लोभ, आर्जन र भोगको प्रश्नमा ऊ कांग्रेस सरह नै बदनाम भयो । यतिखेर राजनीतिमा एमाले सबैभन्दा ठूलो संकटमा छ । उसले संविधान सभाको मुद्दालाई नकार्नु उसको यही संकटग्रस्त मानसिकताको द्योतक हो । माओवादी

नेपाली समाजलाई अग्रगतिमा लैजान सक्ने अवस्थाको सिर्जना गरेर शान्तिपूर्ण राजनीतिमा आइहाल्यो भने वाम राजनीतिमा आफ्नो स्थान र हैसियत के हुने हो भन्ने कुरामा एमाले भयातुर छ । माओवादीलाई आफ्नो राजनीतिक एजेण्डासहित शान्तिपूर्ण राजनीतिमा फर्किने बाटो खोलिदिने प्रभावकारी माध्यम बन्नसक्ने संविधान सभाप्रति एमालेको अरूचिको गाँठी कारण यही नै हो ।

पिताम्वर शर्माको विचारमा संसदीय शासनले राजनीतिलाई जनताका विकासका आकांक्षासँग जोडेर लान सकेन । जनजीवनका विविध पक्षका भौतिक र आत्मिक आवश्यकताहरूलाई यसले सम्बोधन नै गरेन । त्यसैले संसदीय शासनप्रति जनताको मोह भङ्ग भयो, र संसदीय शासक र जनतामाझ खाडल पऱ्यो । खाडलको त्यही रिक्ततामा माओवादीको जन्म भयो र शर्माको तर्कअनुसार उसले त्यस रिक्ततालाई निकै नै उपयोग गर्न सक्यो पनि । यस

**वर्तमान संकटको निकासका सम्बन्धमा चारैजना परिचर्चाकारका विचारहरूमा ऐक्यभाव देखिन्छ । यो वास्तवमा वाम तथा प्रजातान्त्रिक शक्तिहरूबीचको संकटकालीन एकताको शुभ संकेत हो ।**

पृष्ठभूमिमा माओवादीले संविधानको परिधि बाहिर निस्केर संविधानलाई नै ताकेर हतियार उठायो । अहिले माओवादी र राज्यको बीचमा प्रत्यक्ष युद्ध चलिरहेछ । धमिलो पानीमा माछा मार्न सिपालु बाह्य शक्तिहरू राज्यलाई समर्थन र सहयोगको नाममा चलखेल सुरू भएका घटनाहरू प्रत्यक्ष छन् । र, यता प्रतिगामीहरू चाहिं आफ्नो सामर्थ्यले भ्याएसम्म बहुदलीय व्यवस्थालाई नै बध गर्न उद्दत छन् । यसै संकटग्रस्त परिस्थितिलाई दृष्टिगत गरी परिचर्चाका संचालक श्याम श्रेष्ठले व्यग्रतासाथ प्रश्न उठाउनुभएको छ, "के देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने केही उपाय बाँकी छ अझै ?"

वर्तमान संकटको निकासका सम्बन्धमा चारैजना परिचर्चाकारका विचारहरूमा ऐक्यभाव देखिन्छ । यो वास्तवमा वाम तथा प्रजातान्त्रिक शक्तिहरूबीचको संकटकालीन एकताको शुभ संकेत हो । माओवादी एक राजनीतिक शक्ति हो र वर्तमान द्वन्द्वलाई शान्तिपूर्ण उपायबाट हल गरिनुपर्छ भन्नेबारे पनि चारैजना विद्वान्को एक मत छ । र, आसन्न निर्वाचनलाई विद्यमान द्वन्द्वलाई हल गर्ने माध्यमका रूपमा उपयोग गरिनुपर्ने तर्क अघि सारिएको छ । संविधानमा जनमत संग्रहको प्रावधान नहुनुलाई यस संविधानको कडिकडाउ सीमा मानिएको छ । अझ मास्केले त आफूले रोजेको प्रतिनिधिले आफ्ना इच्छाअनुरूप कार्य नगरेमा संविधानमा उसलाई प्रत्याह्वान गर्ने प्रावधान हुनुपर्ने प्रश्न पनि गम्भीर रूपमा उठाउनुभएको छ ।

जिम्मेवार राजनीतिक दलहरूले एक मतका साथ संविधान संशोधन गर्ने प्रश्नलाई साझा चुनावी एजेण्डा बनाउनु, चुनावपछि जनमत संग्रहको प्रावधान रहने गरी संविधान संशोधन गर्नु र जनमत संग्रहको माध्यमबाट माओवादी शक्तिलाई आफ्ना राजनीतिक एजेण्डाहरूसहित शान्तिपूर्ण राजनीतिको प्रक्रियामा फर्किने वातावरण निर्माण गर्नु, र कार्यक्रमको यस खाकाप्रति उसलाई आश्वस्त तुल्याएर चुनावमा व्यवधान पैदा नगर्नका लागि माओवादी पक्षलाई आग्रह गर्नु – वर्तमान संकटको निकास खोज्ने विषयमा परिचर्चाकारहरूबाट प्रस्तुत विचार यही नै हो । परिवर्तनकामी शक्तिहरूका लागि चुनावको वातावरण अनुकूल नभएमा त्यसलाई बहिष्कार गर्ने साझा सोचाइ राखिनुपर्ने कुरा पनि उठेको छ । यो मास्केको विचार हो ।

पिताम्बर शर्माले विद्यमान संकटको निकास खोज्न मूलतः किटानीसाथ तीनवटा कुरामा ध्यान केन्द्रित गर्नुपर्ने कुरा उठाउनुभएको छ । पहिलो, व्यवस्थाको मोडेल सम्बन्धी अवधारणा, दोस्रो, माओवादीलाई शान्तिपूर्ण राजनीतिको बाटोमा फर्किन प्रोत्साहित गराउने खालका "प्रगतिशील राजनीतिक, आर्थिक सुधारका एजेण्डाहरू", र तेस्रो माओवादीलाई मूलधारमा भित्र्याउने नीति र कार्यक्रमबारे राजनीतिक दलहरूबीच मूर्त सहमति । साथै राष्ट्रियताको प्रश्नसम्बन्धी उसको सोचाइलाई लिएर माओवादीलाई चुनौती दिनुपर्ने कुरा पनि उहाँले अघि सार्नुभएको छ । साथै "संसदीय वा प्रजातान्त्रिक व्यवस्थाबाट कुन प्रकारको क्रान्ति सम्भव छ भन्ने कुराको खाका" सहित नेपालका वामपन्थीहरूले अगाडि आउनुपर्ने कुरातर्फ उहाँले ध्यानाकृष्ट गर्नुभएको छ ।

संक्षेपमा, यो परिचर्चा जिम्मेवार राजनीतिक शक्तिहरूलाई वर्तमान संकटको निकास खोज्ने दिशामा सघाउ पुऱ्याउने खालको छ । यसमा विचारका लागि पर्याप्त भोजन संग्रहित भएको छ । ❑

## नरहरि आचार्य

**प्रजातन्त्र** पुनर्स्थापना भएको १२ वर्षमा गल्ती कहाँ भयो भन्ने विषयमा *मूल्यांकन*ले गरेको अन्तरक्रियामा डा. महेश मास्के, कृष्ण हाछेथु, प्रा. कृष्ण खनाल, डा. पिताम्बर शर्माहरूको विचार मैले पढें । उहाँहरूका विचारहरूको एकमुष्ठमा अवलोकन गर्दा राजनैतिक दलको निर्माण र व्यवस्थापन, राजसंस्थाको सम्वैधानिक रूपान्तरण, राज्यको लोकतन्त्रीकरणको समस्या, सम्वैधानिक गतिशीलतामा आएको अवरोध, संचार माध्यमको चरित्र, लोकतन्त्रको वैकल्पिक मोडेलप्रति हाम्रो उदासिनता र बोझिलो वैदेशिक सहयोग, यी सातवटा विषयहरूमा नै गल्ती केन्द्रित भएको छ भन्ने मलाई लागेको छ ।

वास्तवमा राजनैतिक दलको निर्माण र व्यवस्थापनका सम्बन्धमा नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीजस्ता राजनैतिक दलहरू ०४६ साल अगाडि आन्दोलनका रूपमा नै रहे । तर यी पार्टीहरूले प्रतिस्पर्धी संगठनको रूपमा विकसित हुँदा उनीहरू जुन ढंगबाट नीतिपरक विचार र कार्यक्रमका आधारमा अगाडि बढ्नु पर्नेमा शक्ति र सत्ता केन्द्रित र धेरैजसो चुनावमुखी भएर आफूलाई प्रस्तुत गरे । यो एउटा महत्वपूर्ण गल्ती भयो । यसले गर्दा मुलुकको रूपान्तरणको सम्वाहक बन्ने राजनैतिक दलहरू नै अलमलिए । त्यसले गर्दा रूपान्तरणको प्रक्रिया आफैंमा अलमलमा पऱ्योजस्तो मलाई लाग्छ । यस विषयमा धेरै विचारहरू त्यही किसिमबाट यहाँ प्रस्तुत भैएका छन् । यसबाट के देखिन्छ भने निर्वाचन र सत्तालाई राजनैतिक दलहरूले माध्यम नबनाएर लक्ष्य नै बनाउन पुगे । तीनवटै निर्वाचनलाई हेर्दा जनताले राजनैतिक दलहरूलाई अत्याधिक विश्वास गरेको देखिन्छ । तर यस किसिमको जनताको समर्थन हुँदाहुँदै पनि राजनैतिक दलहरूले चुनावमा आफ्नो नीति र कार्यक्रमको आधारमा समर्थन बटुल्न सकिन्छ भन्ने विश्वास गर्नुभन्दा पनि उनीहरूले शक्ति प्रदर्शन र पैसाको प्रयोगद्वारा प्रभावशाली हुन सकिन्छ भन्ने किसिमको दृष्टिकोण बनाए । यसले गर्दा राजनीतिमा विकृति पनि आयो । यसको समाधानको लागि दलको राजनीतिमा आन्तरिक व्यवस्थापन लोकतान्त्रिक हुनुपर्ने र त्यसको आर्थिक पक्ष पारदर्शी हुनुपर्ने कानूनी प्रबन्धको आवश्यकता थियो । यस कुरालाई यो १२ वर्षको अन्तिम चरणमा आएरमात्र हामीले मोटामोटी रूपमा स्थापित गर्न सकेका छौं । भरखरैमात्र त्यो कानूनमा लालमोहर लाग्यो । यो दलसम्बन्धी कानून

०४९ सालमा मस्यौदा तयार भएको थियो । तर १० वर्षपछाडि मात्र यसले ऐनको रूप लिएको छ । त्यसैले गर्दा यो १० वर्षमा राजनैतिक दलहरूको निर्माण र व्यवस्थापनमा धेरै गल्तिहरू देखिए । यो पद्धतिले सबभन्दा बढी विश्वास र आस्था गरेको संस्थाले नै आफूलाई सही ढंगबाट धान्न नसकेको कारणले धेरै कुराहरू अलमलमा परेको र धेरै कुराहरू गल्ती हुन पुगेको अनुभव हुन्छ ।

दोस्रो विषय, राजसंस्थाको संवैधानिक रूपान्तरणको प्रक्रियाले पूर्णता पाएन भन्ने कुरा यहाँ छलफल भएको छ । मोटामोटी रूपमा कृष्ण हाछेथु, कृष्ण खनाल र पिताम्बर शर्माका अभिव्यक्तिमा यो कुरा बढी मुखरित भएको छ । वास्तवमा ०४६ सालमा परम्परागत राजतन्त्रलाई सम्वैधानिक राजसंस्थामा रूपान्तरणको प्रारम्भ गरिएको थियो । यसलाई पूर्णता दिने र विकसित गर्ने कार्य यो १२ वर्षको अभ्यासमा हुनुपर्ने हो, तर १२ वर्षमा त्यस दिशामा खासै ठोस कामहरू हुन सकेनन् । यो अपूर्णताको अनुभव ०५८ साल जेठ १९ गते भएको राजदरवारको हत्याकाण्डमा भयो । वास्तवमा राजसंस्था सम्वैधानिक भए पनि त्यसलाई हामीले पूर्ण ढंगबाट सम्वैधानिक बनाउन नसकेको, त्यसको क्रियाकलापलाई अपेक्षित मात्रामा र समयसापेक्ष रूपमा पादरर्शी बनाउन नसकेको भन्ने कुरा नेपाली जनताले त्यसबेला राम्ररी अनुभव गऱ्यो । त्यसपछाडि यो कुरा बढी चर्चाको विषय भएर आइरहेको छ । अहिले राजनैतिक दलहरूको असफलता र राजनैतिक दलहरूका नेतृत्वले देखाएको अकुशलताका कारण र उनीहरूको कतिपय व्यवहार र आचरणलाई पनि देखाएर फेरि राजालाई सक्रिय बनाउनुपर्छ भन्ने विचार पनि फुटकर रूपमा यदाकदा आइरहेको छ । तर यसको समाधान यो होइन । किनभने हामीले राजालाई विवाददेखि मुक्त र विवादरहित राष्ट्रिय संस्थाका रूपमा विकसित गर्न खोजेको र सँगसँगै परंपरागत र सामन्ती पृष्ठभूमिबाट निर्माण भएको संस्था भए पनि त्यसलाई लोकतन्त्रको अंग बनाउन सम्वैधानिक रूपान्तरण गर्न खोजेका हौं । त्यसले गर्दा आधुनिक राज्यमा राजसंस्थालाई लोकतन्त्रको अंगको रूपमा समायोजन गर्दा यो बाटो नै सबभन्दा बढी सुरक्षित बाटो हो भन्ने देखिन्छ ।

त्यसैले राजतन्त्रको संवैधानिक रूपान्तरणमा जानको लागि यो १२ वर्षको अनुभवलाई लिएर हाम्रो संविधानमा रहेका कतिपय विषयहरूमा स्पष्टता दिनुपर्ने देखिएको छ । खासगरी राजगद्दी उत्तराधिकारीसम्बन्धी कानून संसदले बनाउने भन्ने विषय अहिले छलफलमा आइरहेको छ । यस परिप्रेक्ष्यले राजसंस्थाले जनतामाथि विश्वास गर्दै जाने कुरालाई संकेत गर्छ । जसरी जनताले राजसंस्थामाथि विश्वास गर्ने परिस्थिति सृजना गर्न जरूरी छ, त्यस्तै गरी राजसंस्थाले पनि जनताका संस्थाहरूमाथि अर्थात् जनतामाथि विश्वास गर्ने प्रकृया बढाउँदै जानु जरूरी देखिन्छ । त्यस कुराको चर्चा खासगरी कृष्ण हाछेथु र कृष्ण खनालले बढी गरेको देखिन्छ । यो विषयले राजसंस्थाको दीर्घकालीन रूपले स्वभाविक हित गर्छ नै, किनभने जहाँ जहाँ लामो परम्पराको राजसंस्था छ, ती राजसंस्थाहरू सम्वैधानिक ढंगबाट विकसित भएरै लामो परम्परामा स्थापित हुन सकेका देखिन्छन् । यतिमात्र नभएर यो तात्कालिक रूपमा पनि हितमा छ भन्ने कुरा त्यसमा आएको छ । १२ वर्षको अनुभवलाई हेर्दा त्यो कुरा उपयोगी नै छ भन्ने मलाई लागेको छ ।

राज्यको लोकतन्त्रीकरणमा हामीले ध्यान नदिनु तेस्रो गल्ती भएको छ भन्ने मैले निष्कर्ष निकालेको छु । धेरैले, खासगरी डा. पिताम्बर शर्माले विकेन्द्रीकरणको अवधारणा बीचमा नै अलमलियो, वास्तवमा सहभागितामूलक लोकतन्त्रको दृष्टिकोणलाई यो १२ वर्षमा अगाडि बढाउन सकिएन भन्ने अवधारणा राख्नुभएको छ । त्यसमा मलाई के लाग्छ भने, त्यसको निम्ति राजनीतिक दलहरूले हाम्रो ठोस दृष्टिकोण बनाउन नसकेको कारणले यसको विकास हुन नसकेको हो । संविधान निर्माण गर्दा यो विषय नै त्यसमा छुटेको छ । संविधानमा यो विषय समावेश नै हुनसकेन । हाम्रो ध्यान केवल पद्धतिको लोकतन्त्रीकरणतिर मात्र गयो, राज्यको लोकतन्त्रीकरण कसरी गर्ने भन्ने कुरामा हाम्रो ध्यान गएन । त्यसले गर्दा राज्य र राज्ययन्त्रको लोकतन्त्रीकरण गर्न नसकेको कारण अथवा त्यतातिर हामीले सोचाई नै नबनाएका कारणले केन्द्रीकृत विकेन्द्रीकृतको चर्चामा नै हामीले यो १२ वर्ष बितायौं । अर्थात् केन्द्रित शासनले केही साधन-स्रोत जिल्ला वा गाउँलाई निकासा दिने कुरामा नै हाम्रो सम्पूर्ण विकेन्द्रीकरण अड्किएको छ । वास्तवमा संविधान निर्माणको समयमा नै यो कुरा समावेश हुनसकेन । पछि ऐन बन्दा पनि यथास्थितिमा खासै परिवर्तन गरिएन । पछिल्लो पटक बनेको ऐनमा आवरणगत रूपले केही परिवर्तन पनि गरिएको छ तर त्यसको पूर्ण संरचनामा कतिपय कुराहरूलाई धान्न सकिने ढंगबाट बनाइएन । त्यसैले गर्दा त्यो विकेन्द्रीकरण फेरि पनि केन्द्रिकृत शैलीकै एउटा अर्को संस्करण अझै बनिरहेको अवस्था छ ।

त्यसैले अब यतिखेर राजनैतिक, आर्थिक, सांस्कृतिक रूपले समेत अधिकारसम्पन्न प्रादेशिक निकायहरूको आवश्यकता छ, जसले जिल्ला र केन्द्रका बीच एउटा ठोस संस्थाको रूपमा भूमिका खेल्नसक्छ र जहाँ धेरै विषयहरू खासगरी मुलुक निर्माणका धेरैजसो कुराहरू कार्यान्वयनको तहमा पुऱ्याउनुपर्ने महत्वपूर्ण विषयहरू त्यहाँ केन्द्रित हुनसक्ने सम्भावना हुन्छ । त्यसैले प्रदेशको अवधारणा एकदमै नौलो कुरा पनि होइन । हाम्रो नेपालको निर्माण सँगसँगै ऐतिहासिक रूपले पनि हामीले मोटामोटी रूपमा एउटा धारणा हिजो पनि बनाएका थियौं । गण्डकी प्रदेश, कोशी प्रदेश, कर्णाली प्रदेश हाम्रो ऐतिहासिक परिप्रेक्षमा पनि बनिराखेकै हो । नयाँ



**राजसंस्थालाई हामीले पूर्ण ढंगबाट सम्वैधानिक बनाउन नसकेको कुरा नेपाली जनताले २०५८ साल जेठ १९ गतेपछि राम्ररी अनुभव गऱ्यो**

**- नरहरि आचार्य**

सन्दर्भमा र नयाँ राजनैतिक परिपाटी विकसित हुँदा त्यसलाई नयाँ राजनैतिक आधार दिन सकिएन । यसले गर्दा त्यो विषयले पूर्णता पाएन भन्ने मलाई लाग्छ । यी कुराहरूको चर्चा यहाँ भएको छ, त्यसको संरचनागत उपचार के हो त भन्ने कुरामा उहाँहरूले, खासगरी यसको चर्चा गर्नुभएका डा. शर्मालि यहाँ उल्लेख गर्नुभएको मैले देखिंन ।

तर मलाई के लाग्छ भने मोटामोटी रूपमा अहिले हामीले जुन विकास क्षेत्र भनिरहेका छौं, त्यसैलाई आधार बनाएर त्यही मोडेलमा यसलाई विकास गर्न सकिन्छ । त्यसको संख्यामाथि हामी थप छलफल गर्न सक्छौं । तर आवश्यकता किन भएको छ भने सबै कुरा सिंहदरबारमा केन्द्रित हुने र त्यहाँको अधिकार जिल्ला र गाउँमा पुऱ्याउने भन्ने कुरा त हामीहरूले बारम्बार भनिरह्यौं । तर त्यसलाई पुऱ्याउने खास माध्यम हामीले बनाएनौं । ४ हजार गाउँ र ७५ जिल्लालाई त्यो ढंगबाट विकसित गर्ने सम्भावना पनि थिएन । त्यसैले बीचको निकायको आवश्यकता छ भन्ने कुरा अहिले विस्तारै उठिरहेको

**अमेरिकामा दुई सय वर्षअगाडि बनाएको संविधानले अहिलेसम्म किन काम गरिरहेको छ ? संसारभरिका मान्छेहरू त्यहाँ पुगेका छन् र त्यसबाट सम्बोधित भइरहेका छन् ।**

छ । राजनैतिक दलहरूले, खासगरी नेपाली कांग्रेसले पनि यो कुरालाई अगाडि बढाउन खोजेको देखिन्छ । त्यसलाई क्षेत्रीय सरकारको अवधारणा अथवा प्रादेशिक संरचनाको अवधारणा भनेर प्रवेश गराइएको छ । यदि यो अवधारणामा जाने हो भने केन्द्रमा १२/१३ वटा मन्त्रालयभन्दा बढी राख्नुपर्ने आवश्यकता देखिँदैन । अरू सबै कुराहरू त त्यहाँ पुग्ने देखिन्छ । मुख्य कुरा त स्थानीय राजनैतिक, आर्थिक, सांस्कृतिक, आकांक्षाहरूलाई मुखरित गर्ने र सँगसँगै नेतृत्वको विकासको निमित्त पनि यसले नयाँ संभावना खेल्नसक्छ । र, हाम्रो नेतृत्वको संरचनालाई विविधतापूर्ण बनाउनको निमित्त यो प्रादेशिक संरचनामा जानु जरूरी देखिन्छ ।

त्यसैले विकेन्द्रीकरणको जतिसुकै चर्चा गरे पनि यदि हामीले यस कुरालाई व्यवस्थित ढंगबाट समायोजन गर्न नसकेसम्म त्यसको मूल चूरो फेला पार्न सक्दैनौं । प्रदेशको संरचनामा जाँदा नेतृत्व विकासको नयाँ आधार र सम्भावना खुल्छ र पछाडि परेको समुदाय र क्षेत्रले पनि राष्ट्रिय भूमिकामा प्रवेश गर्ने बाटो पनि उपलब्ध गर्छ भन्ने मलाई लाग्छ ।

प्रादेशिक संरचनाको निर्माण गर्दा हिमालदेखि तराइसम्मको भू-भागलाई मोटामोटी रूपमा उत्तर दक्षिणको विभाजन गर्ने हो भने हरेक क्षेत्रमा भौगोलिक विविधता पनि रहने र प्राकृतिक स्रोत र साधन पनि सबैलाई समानुपातिक ढंगबाट वितरण गर्न सकिने हुन्छ । माथिदेखि तलसम्म हुँदा हिमाल, पहाड र तराइमा आफ्नै किसिमको साधान-स्रोत छ, नदीहरूको पानीढलो (Catchment area) छ र वस्तीहरू मिश्रित ढंगबाट र परम्परागत रूपले एकै जातिका मानिसहरू बसिरहेका छन् । यी कुराहरूलाई प्रादेशिक विभाजनमा समावेश गर्दा त्यसका विशेषताहरू पनि त्यहाँ आउँन सक्छन् । यदि आवश्यक भयो भने विभिन्न साना उपक्षेत्रहरू पनि आफ्नै ढंगबाट विकास गर्न सकिन्छ । यसो गर्दा स्थानीय किसिमको नेतृत्वको विकास हुनुको सँगसँगै त्यहाँको सामाजिक, सांस्कृतिक र आर्थिक आकांक्षालाई पनि प्रतिनिधित्व गर्ने र उनीहरूका विशेषताहरूलाई सुरक्षा गर्दै सम्बोधन गर्न सकिने हुन्छ । वास्तवमा चूरो कुरा के हुन्छ भने यसो गर्दा हामीले उठाइरहेको सहभागितामूलक लोकतन्त्रलाई पनि बल पुऱ्याउँछ र त्यसको सँगसँगै उत्तरदायी राज्य-व्यवस्था बनाउने कुरा पनि यसमा आउँछ । किनभने केन्द्रले एकैचोटि गाउँको उत्तरदायित्व लिने भन्ने कुरा त्यति व्यवहारिक हुँदो रहेनछ । यो कुरा हुनै सक्तैन । संरचनाका आधारमा त्यो उत्तरदायी हुनुपऱ्यो । प्रादेशिक विभाजनबाट प्रदेशसँग केन्द्र उत्तरदायी हुन्छ र प्रदेश त्यस अन्तर्गतका सबैसँग उत्तरदायी हुन्छ । यस्तो भएको खण्डमा मात्र वास्तवमा उत्तरदायी परिपाटीलाई पनि विकसित गर्छ र सहभागितामूलक लोकतन्त्रलाई पनि बल पुऱ्याउँछ । यो कुरालाई हामीले अहिलेसम्म ध्यान नदिनु १२ वर्षमा भएको एउटा गल्ती हो ।

चौथो, संविधानिक गतिशीलतामा अवरोध आउनु पनि एउटा गल्ती हो भन्ने मलाई लाग्छ । यी कुराहरू यहाँ सबैले मोटामोटी रूपमा चर्चा गरेका छन् । वास्तवमा संविधान एउटा राष्ट्रिय सहमतिको लिखत हो र यो सधैं परिवर्तन भइरहने दस्तावेज पनि हो । एउटै संविधानले शताब्दियौंसम्मको आकांक्षालाई प्रतिनिधित्व गर्नै सक्तैन । त्यसैले त्यसमा समयसापेक्ष सुधार र संशोधन हुँदैजान्छ । अन्यथा एउटै संविधान शताब्दीयौंसम्म किन चल्छ ? अमेरिकामा दुई सय वर्षअगाडि बनाएको संविधानले अहिलेसम्म किन काम गरिरहेको छ ? संसारभरिका मान्छेहरू त्यहाँ पुगेका छन् र त्यसबाट सम्बोधित भइरहेका छन् । त्यसो हुन सक्नुमा त्यहाँको संविधानमा समयसापेक्ष रूपमा व्यापक मात्रामा विकास भइरहेको छ । उनीहरूले त्यहाँको संविधानलाई न्यायिक व्याख्याको माध्यमबाट विकास गरेका छन् । त्यसले गर्दा पुरानै संविधानले राम्रोसँग काम गरिरहेको छ । त्यहाँको संविधान अत्यन्त खुकुलो किसिमको संविधान हो र त्यसले केही अधिकार सरकारलाई दिएको छ र बाँकी सबै अधिकार जनतामै छ भनेर मानेको छ । किनभने संविधानले जनतालाई अधिकार दिने होइन, अधिकार भनेको जनताको नैसर्गिक कुरा हो । संविधानले जनताको प्रतिनिधि बनेर 'यो यो काम गर' भनेर सरकारलाई अधिकार दिन्छ ।

तर हाम्रो धारणामा नै गोलमाल देखिन्छ । संविधानले जनतालाई अधिकार दिने भन्ने धारणा बनेको छ । त्यसैले यो विषयमा हामी बीचबीचमा अल्मलिएका छौं । हाम्रो संविधानको प्रस्तावनाको पहिलो वाक्यले नै सबै राज्यशक्तिको स्रोत जनता नै हो भनेर मानेकै छ । तर त्यस कुरालाई मान्दामान्दै पनि हामी अझै पनि अल्मलिएकै छौं । यसले गर्दा गतिशिलतामा अवरोध आएको छ । हाम्रो संविधानमा प्रस्तावनाको भावनाअनुकूल संविधान संशोधन र परिमार्जन हुनसक्छ भनिएको छ । तर प्रस्तावनाको भावना के हो भन्दा प्रस्तावनामा जुन कुरा मूल रूपमा अभिव्यक्त भएको छ, त्यसैलाई हामीले भावना भन्नुपर्ने हुन्छ । त्यो अर्थमा हेर्दा पनि राज्यको सबै स्रोत जनता हो भन्ने नै यसको मूल भावना हो । त्यसको निम्ति यसले केही संस्थाहरू र परिपाटीको उल्लेख गरेको छ । वास्तवमा मूल कुरा मुलुकको र जनताको स्वतन्त्रताको रक्षा गर्ने संस्थाहरू हुन्छन् र त्यसले जनताको स्वतन्त्रताको लागि काम गर्छन् भन्ने प्रतिज्ञा नै हाम्रो प्रस्तावनाको मूल प्रतिज्ञा हो भन्ने मलाई लाग्छ । त्यसको लागि आवश्यक संस्थाहरू हुन्छन् र त्यसले विभिन्न सन्दर्भमा मुलुक र जनताको राजनैतिक, आर्थिक तथा सामाजिक स्वतन्त्रतालाई सहयोग पुऱ्याउनको लागि काम गर्छ भन्ने अवधारणा यसको हो ।

तर हामीले यो १२ वर्षमा यसलाई राम्रोसँग विकसित गर्नेतर्फ सोचाई राखेनौं । यसले गर्दा गैर-सम्बैधानिक ढंगबाट विभिन्न आकांक्षाहरू अभिव्यक्त हुनुपर्ने परिस्थिति मुलुकमा सृजना भइरहको छ । त्यसैले यसलाई संशोधन गर्नको लागि पनि हाम्रो संविधानको विकास जरूरी छ । यहाँ खासगरी कृष्ण खनालले

संविधानलाई जनताको आकांक्षालाई निरन्तर रूपमा अभिव्यक्ति दिने एउटा महत्वपूर्ण लिखतको रूपमा विकसित गर्नको लागि राष्ट्रिय मुद्दामा जनमत संग्रह गर्न सकिने गरी संशोधन गर्नु यसको विकासको निम्ति एउटा महत्वपूर्ण पक्ष हुनसक्छ र यदि त्यस कुरामा जनताका प्रतिनिधिहरू सहमत भए 'यो एउटा राष्ट्रिय मुद्दा हो' भन्ने कुरा उल्लेख गर्नुभएको छ । मलाई के लाग्छ भने जनतासँग सोध्ने भन्ने कुरा संविधानको आशयअनुरूपकै कुरा हो, संविधानको प्रस्तावनाको अनुकूलकै कुरा हो र जनतामा जाने विषय के हो भन्ने कुरा जनताका प्रतिनिधिहरूमा रहनुपर्छ । उनीहरूले यो विषयमा जनतासँग सोध्नुपर्छ भन्ने निर्णय गरे भने त्यो विषय जनतासम्म गएर जनताले गरेको निर्णयलाई संविधानको अंग बनाउने गरी एउटा प्रक्रियालाई हामीले विकसित गर्न सक्यौं भने त्यो भविष्यको लागिसमेत संविधानलाई विकसित गर्दै जान सकिन्छ । र, पछि आउने पुस्ताको आकांक्षाको निकास पनि यो संविधानले दिनसक्ने गरी यसलाई विकसित गर्न सकिन्छ भन्ने लाग्छ ।

यो बीचमा 'संविधानको यो आशय होइन, ऊ आशय होइन' भनेर हामीले संविधानलाई एउटा निश्चित सीमाभित्र बाँधेर राख्न खोज्यौं । यसले गर्दा सम्बैधानिक ढंगबाट नै समाधान हुने कतिपय कुरालाई पनि हामीले गलत बाटोतिर लैजाने गरी बढ्न दियौं कि भन्ने मलाई लागेको छ । अहिलेसम्म जुन गल्ती भएको छ, त्यसलाई हामीले अझै सुधार्न सक्छौं । यो सुधारको लागि संविधानले हामीलाई कतै छेकेको छैन । यसो गर्न सकियो भने संविधानलाई महत्वपूर्ण ढंगबाट विकसित गरेर लान सकिन्छ । यसबाहेक संविधान संशोधनका अरू टेक्निकल कुराहरू पनि छन् । त्यसलाई हामीले विस्तृत रूपमा छलफल गर्न सक्छौं । अरू राजनैतिक पार्टीहरूले पनि धेरै बुँदाहरू उठाइरहेका छन् । तर यस विषयलाई राजनैतिक पार्टीहरूले स्पष्ट रूपमा उठाउन सकेका छैनन् । संविधानको विकास गर्न जुन दिन रोकिन्छ, त्यस दिन फेरि अर्को संविधान लेख्ने परिस्थिति आमन्त्रित हुन्छ । हाम्रो ५० वर्षको लिखित संविधानको इतिहासलाई हेर्ने हो भने हाम्रो मुलुकको यो पाँचौं संविधान हो । जब आधारभूत रूपमा मुलुकमा परिवर्तन गर्नुपर्‍यो, त्यो बेला संविधान नै फाल्नुपर्ने परिस्थिति जहिले पनि सृजना भयो ।

त्यस्तो परिस्थिति बनाउनु हुँदैन । संविधानलाई हामीले विकसित गर्दै लग्यौं भने हाम्रो पद्धति पनि विकास हुनसक्छ । संविधानका अरू बुँदा संशोधन गर्नुपर्ने अवस्थामा छन् । तर आधारभूत रूपले यसलाई कसरी विकसित गर्ने भन्ने अहिलेको समस्या हो । अहिले माओवादीहरूले उठाइरहेको कतिपय राजनैतिक समस्याहरूलाई सम्बोधन गर्नका निम्ति पनि एउटा सीमाभित्र रहेर मुलुक र जनताको स्वतन्त्रता मूल चूरो बन्नुपर्छ भन्ने मेरो भनाइ छ । किनभने संविधानको प्रस्तावनाको मूल भावना पनि यसैलाई भन्नुपर्छ । यही स्थिति नै हाम्रो सीमा भन्ने मान्नुपर्छ । त्यसलाई ध्यानमा राखेर हामीले यो कुरा अगाडि बढायौं भने भोलि आवश्यक हुँदा यही संविधानबाट राजनैतिक तथा सम्बैधानिक निकास निकाल्न सक्छौं । त्यसैले संविधानलाई एउटा गतिशील दस्तावेजको रूपमा लानुपर्छ । यो गतिशील दस्तावेज हो कि होइन भन्ने कुरामा पनि जुन किसिमको विवाद हामीले यो बीचमा गर्‍यौं, त्यो एउटा दुर्भाग्यपूर्ण कुरा हो । किनभने संविधान भनेको गतिशील दस्तावेज हो भनेर हाम्रै संविधानले भन्दाभन्दै पनि हामीले त्यसको सकारात्मक सदुपयोग गर्न सकेनौं ।

## संविधानको विकास गर्न जुन दिन रोकिन्छ, त्यस दिन फेरि अर्को संविधान लेख्ने परिस्थिति आमन्त्रित हुन्छ

अर्को, यहाँ संचार माध्यमको विषयमा चर्चा भएको छ । खासगरी यो चर्चा खनालजीको प्रस्तुतिमा देखें । वास्तवमा त्यो एउटा महत्वपूर्ण पक्ष हो । किनभने लोकतन्त्रमा संचार माध्यमको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । यसलाई सरकारको चौंथो अंग भन्नुको तात्पर्य पनि यही हो । यो महत्वपूर्णमात्र होइन, जनमत निर्माण गर्ने सन्दर्भमा यसको निर्णायक भूमिका पनि हुन्छ । र, जनमतलाई मोड्ने सन्दर्भमा पनि यसले निर्णायक भूमिका खेल्नसक्छ । त्यसैले संचार माध्यमको भूमिका महत्वपूर्ण भएको हो । हुन त समाजभित्रैको एउटा संस्था भएको कारणले संचारमाध्यम एक्लैको चरित्र निर्माण त हुँदैन । तैपनि संचारमाध्यमले एउटा अग्रगामी चरित्र स्थापित गर्न र समाजलाई अगाडितिर डोर्‍याउन सक्छ ।

यो १२ वर्षमा हाम्रो संचारमाध्यम खासगरी छापा र रेडियो माध्यम राम्रै विकसित भयो भन्ने मान्नुपर्छ । भौतिक र प्राविधिक रूपमा यो विकास स्पष्ट देखिएको पनि छ । टेलिभिजन पनि विकसित हुने तयारीमा छ । र, यसका विविधतापूर्ण सम्भावनाहरू देखिँदैछन् । तर यी माध्यमहरूको चरित्रमा हामीले ध्यान दिएका छैनौं । यसको व्यावसायीकरण त भएको छ, प्राविधिक रूपमा यसको गुणस्तर पनि बढेको छ, सहभागिता बढेको छ, लगानी बढेको छ र पहुँच पनि बढेको छ । यी सबै कारणले गर्दा आफ्नो संचारमाध्यमले आफ्नो स्वतन्त्रता र विवेकको प्रयोग गर्ने अवस्था सीमित बन्न गएको हो कि भन्ने आशंका पनि यहीबीचमा देखिएको छ । लोकतन्त्रको अभ्यासमा एउटा महत्वपूर्ण पक्ष संचारमाध्यमको विकासको एउटा स्वरूप पनि हो । त्यस स्वरूपलाई नजिकबाट अवलोकन गर्दा अवसरवादी चरित्र बढी हावी भयो भनेर खनालजीले आफ्नो धारणा राख्नुभएको छ ।

वास्तवमा त्यो कुरा कतिपय परिप्रेक्ष्यमा सही देखिन्छ पनि । संचारमाध्यम बढी व्यवसायमुखी हुँदै गएकोले व्यवसायको सुरक्षा र स्वार्थले गर्दा त्यस्तो स्थितिमा पुर्‍याएको हो कि ? हिजो हाम्रो लगानी



शुरु अन्तर्क्रियाको एक दृश्य

कम थियो, गुणस्तर कम थियो, प्राविधिक रूपले पनि कमजोर थियो । तर पत्रकारिता मिसन केन्द्रित पनि थियो । आज व्यवसाय केन्द्रित भएको परिस्थिति देखिएको छ । यसले गर्दा व्यवसायसँग जोडिएका अन्य पक्षहरूले संचारमाध्यमलाई नियन्त्रण गर्न खोजेको र यसमा अवसरवादी चरित्र सृजना भएको हो कि जस्तो देखिन्छ । हुन त प्रेस एक्लै असल चरित्रको हुनसक्ने होइन । हाम्रो राजनीति, समाज, शिक्षा प्रणाली सबैले नै एकमुष्ट रूपले त्यसलाई प्रभाव पारिराखेको हुन्छ । तर जब प्रेसको निम्ति आचारसंहिताको चर्चा हुन्छ, त्यतिबेला प्रेसले सबैको आचरणको टिप्पणी गर्न पाउँछ तर प्रेसको आचरणको टिप्पणी कसले गर्ने त ? एउटा प्रश्न उठ्छ । त्यसैले प्रेसको निम्ति आफैंले आचारसंहिता बनाउने र त्यसैभित्र आफू बस्ने भन्ने परम्परा लोकतान्त्रिक मुलुकहरूमा विकसित भएको छ । तर यो १२ वर्षमा जुन ढंगले प्रेसको भौतिक र प्राविधिक विकास भएको छ, त्यो ढंगबाट आचरणको विकास भएको छैन । शरीर पूरै विकसित

**प्रेसले सबैको आचरणको टिप्पणी गर्न पाउँछ तर प्रेसको आचरणको टिप्पणी कसले गर्ने त ? एउटा प्रश्न उठ्छ ।**

भएर जाने, तर मस्तिष्क विकसित नभएको सुस्तमनस्थितिको अवस्था जस्तो त भएन प्रेसको भन्ने प्रश्न उठ्नसक्छ । त्यसैले यसलाई सोझै अवसरवादी चरित्र भन्नुभन्दा यसको सन्तुलित विकास गर्नु जरूरी छ, खाली भौतिक र प्राविधिक विकासमात्र भएर भएन । यसको विकासको साथसाथै यसको चरित्रको विकास र यसको आचारसंहिताभित्र आफैं बस्ने प्रवृत्तिको विकास जरूरी छ । यो १२ वर्षमा देखिएको पाँचौ गल्ती हो ।

एउटा अर्को लोकतन्त्रको वैकल्पिक मोडेलको प्रसंग आएको छ । यसलाई खासगरी डा. पिताम्बर शर्माले अलि बढी उठाउनुभएको मैले पाएँ । यो कुरा मलाई उपयोगी नै लाग्यो । लोकतन्त्रको मोडेलको बारेमा हामीले खासै छलफल गरेनौं । हाम्रा अगाडि ज्यादै नजिकै भारत र भारतको पनि मोडेल भनेको बेलायत हो । बेलायतमा राजसंस्था पनि भएको र हामीकहाँ पनि राजसंस्था भएको र सँगसँगै बेलायतसँग हाम्रो ऐतिहासिक सम्बन्ध पनि रहेकोले हाम्रो नेतृत्वको दृष्टिकोण यी दुईवटा मोडेलभन्दा बाहिर गएन कि ? त्यसले गर्दा अरू मोडेलहरू नै हुनसक्छन् भन्ने कुरामा धेरै चर्चा तथा बहस गर्ने काम हामीले गरेनौं । यसले गर्दा यही मोडेललाई नै हामीले स्थापित गर्‍यौं । यसलाई मैले व्यक्तिगत रूपले शास्त्रीय संसदीय शैली भन्न रूचाएको छु । यो शैली बेलायतमा स्थापित भएर विकसित भयो । यसको विकास हुन ५/७ सय वर्ष लागेको थियो । यसरी यो अति ढिलो विकसित हुनसक्ने मोडेलको रूपमा देखिएको हो । तर पनि हामीले त्यही मोडेललाई अँगिकार गर्‍यौं । अरू वैकल्पिक मोडेलतर्फ हामीले ध्यान दिएनौं । यसले गर्दा यो १२ वर्षमा हामीले यसको विकास गर्न सकेनौं जस्तो मलाई लागेको छ ।

ठीक छ, संसारभरिको लोकतन्त्रको मूल्य पद्धतिको बारेमा हामी सहमत हुनसक्छौं होला, तर संस्थाहरू आफ्नै अनुभव र आवश्यकताले निर्माण हुन्छन् । संसारमा धेरै लोकतान्त्रिक मुलुकहरू छन् । तर सबै ठाउँमा एकै ढंगको लोकतान्त्रिक संस्था छैन । उनीहरूले ऐतिहासिक अनुभवलाई पनि प्रयोग गरेका छन् र आफ्नो तात्कालिक आवश्यकतालाई पनि ध्यान दिएका छन् । राजसंस्था भएकै मुलुकहरूलाई नै हेर्ने हो भने पनि यूरोपमा कतिपय मुलुकहरू छन्, जहाँ बेलायतभन्दा पृथक मोडेलहरू छन् । जापानकै मोडेल पनि बेलायतको मोडेलभन्दा केही पृथक छ । हामीले यी सबै मोडेललाई पनि हेर्न सक्थ्यौं । तर त्यतातिर हेरेनौं । हाम्रो अलिकति बाँधिएको दृष्टिकोण बन्यो कि, जसले गर्दा हामीहरू वैकल्पिक मोडेलतिर गएनौं । युरोपीय मोडेल पो नेपाललाई ठीक हुन्थ्यो कि ?

यो सानो र अत्यन्त विविधतापूर्ण मुलुक छ, त्यसलाई कस्तो किसिमको मोडेलमा लानु हामीलाई उपयुक्त हुन्थ्यो त्यसबारेमा हामीले सोच्नुपर्थ्यो । ठीक छ, एउटा



सानो मुलुक भएकोले एकात्मकताको भाव विकसित गरौं भन्ने कुरा छ । तर एकात्मकतालाई केन्द्रीकृत शैलीसँग एकाकार बनाएर पनि हेर्नुपर्छ । एकात्मकता र केन्द्रीकृत भनेको भिन्दाभिन्दै कुरा हो । तर हामीले ती दुवैलाई मिसाएर लोकतन्त्र स्थापित गर्न सक्थ्यौं होला । जस्तो श्रीलंकामा विभिन्न प्रादेशिक स्वरूप छ, तर पनि त्यहाँको संविधानमा त्यो देशलाई एकात्मक देश नै भनिन्छ । यसरी आवश्यकताअनुसार त्यसलाई व्यवस्थित गर्न मिल्दोरहेछ । हामी त्यतातिर गएनौं ।

यसमा यो १२ वर्षमा केही समस्याहरू देखिएका छन् । त्यसैले यसलाई कसरी सम्बोधन गर्ने त ? त्यसमा राजनैतिक दलहरूका केही कमजोरीहरू पनि होलान्, तर मोटामोटी रूपमा शासनमा बस्ने दलहरूका सांसदहरूले संसदीय भूमिकाको लागिमात्र चुनिएर गएको भन्ने कुरा सोचेनन् । उसको उद्देश्य भनेको कार्यपालिकामा नै पुग्ने हो भन्ने रह्यो । त्यसले गर्दा संसद अलि लंगडो भएकोजस्तो लाग्यो । यो अवधिमा संसदको स्वतन्त्र विकास खासै हुनसकेन । कतिपय मुद्दाहरू लिएर सांसदहरू उठ्ने, त्यो मुद्दाको पक्षमा उनीहरूले ५ वर्षसम्म संसदमा बसेर लड्ने र जनमत बनाउने, त्यसको पक्षमा मुलुकको ध्यान तान्ने इत्यादि कुराहरू गर्ने कार्यक्रम र कार्ययोजना कतै बनेजस्तो देखिएन । यसले गर्दा संसदको एउटा स्वतन्त्र व्यक्तित्व भएन । त्यो कार्यपालिकासँग जोडिएको एउटा निकायको रूपमा र कार्यपालिकाले जता-जता डोर्‍यायो, त्यता त्यतै डोरिने निकायको रूपमा देखियो ।

यस्तो किन भयो त भने सांसद हुने मान्छेको ध्यान पनि कार्यपालिकामा नै पुग्ने, संसदले पनि आफ्नो कार्यकाललाई पूरा समय सदुपयोग गर्न नसक्ने र यो १२ वर्षको बीचमा धेरै जना प्रधानमन्त्री बन्नाले एक ढंगको कार्यक्रमगत र कार्यशैलीगत केही कुराहरूलाई ठोस रूपमा र निर्धक्क भएर अगाडि बढाउने परिस्थिति पनि सृजना भएन । यी सबै कारणले गर्दा लोकतन्त्रको वैकल्पिक मोडेलको बारेमा कति पनि ध्यान नदिएर हामीले गल्ती गर्‍यौं कि जस्तो लाग्छ । अहिलेको यो अनुभवलाई हेर्दा राज्यको लोकतन्त्रीकरणको लागि प्रादेशिक संरचनामा जाने र मुलुकको कार्यपालिकाको र व्यवस्थापिकाको अलग अलग व्यक्तित्व निर्माणको लागि प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्था हुनुपर्छ भन्ने मेरो व्यक्तिगत विचार रहेको छ । यदि हामीले यी दुईवटा परिपाटीलाई एकीकृत बनाउन सक्यौं भने एउटा नयाँ मोडेल आउँछ । हुन त मान्छेहरूले

राजसंस्था भएको मुलुकमा 'यो कसरी संभव हुनेछ ?' भनेर प्रश्न उठाउने गरेका पनि छन् । तर राजसंस्था भएको र नभएको मुलुक भनेर यो कुरालाई जोड्नुपर्ने जस्तो मलाई लाग्दैन । वास्तवमा राजसंस्थाको आफ्नो ढंगको भूमिका र स्थानलाई यस विषयले कुनै प्रभावित पार्ने पनि होइन ।

तर कार्यपालिकालाई बढी प्रभावकारी बनाउनको लागि अथवा संसदलाई पनि त्यही ढंगबाट प्रभावकारी बनाउन र एकले अर्कालाई नियन्त्रण र सन्तुलन राख्नका निम्ति यस्तो व्यवस्था आवश्यक हुन्छ । यस्तो परिपाटी भयो भने संसदको निर्वाचन प्रणालीलाई समानुपातिक निर्वाचन प्रणालीमा लैजाने संभावना पनि बढ्नसक्छ । त्यसैले लोकतन्त्रको वैकल्पिक मोडेलको चर्चा हुँदा यी संभावनाहरूको बारेमा हामीले चर्चा, छलफल गर्नुपर्थ्यो । अथवा हाम्रा संस्थाहरूलाई कसरी बनाउँदा हामीलाई बढी उपयोगी हुन्छ भन्नेबारेमा र भएकै संस्थाहरूलाई विकसित गर्न के के गर्न सकिन्छ भन्नेबारेमा छलफल गर्नुपर्थ्यो । जस्तो, सम्बैधानिक निकायहरूको निम्ति सम्बैधानिक परिषद्को व्यवस्था छ, त्यो व्यवस्था अरू ठाउँमा त्यति छैन, तर त्यसले कसरी काम गर्छ, कसरी मानिसहरूको चयन गर्छ भन्ने कुराहरूको बारे हामीले यो १२ वर्षमा कुनै परिपाटीवद्ध गर्न र कानून निर्माण गर्न सकेनौं ।

०५८ सालको नेपाली कांग्रेसको घोषणा-पत्रमा यो कुरालाई स्पष्ट रूपमा राखिएको थियो, तर यो विषयले खासै आकार लिएको देखिएन । यसरी भएका संस्थाहरूलाई विकसित गर्ने संभावनाहरूको खोजी पनि हामीले यो अवधिमा गरेनौं । किनभने यसलाई अझ प्रभावकारी बनाउन के गर्न सकिन्छ भन्ने कुराको वैकल्पिक सोचका बारेमा छलफल गर्ने परिपाटी बसाल्न नसकेको देखिन्छ । यसले गर्दा लोकतन्त्रको मोडेलको आवश्यकताका बारेमा यहाँ भएको चर्चामा यी कुराहरूको समेत हामीले चर्चा गर्न सक्यौं भने यसले एउटा ठोस आकार लिनसक्छ ।

मैले सोचेको मोडेल भनेको एउटा प्रत्यक्ष मतदानकै प्रक्रियाबाट निर्वाचन क्षेत्रहरू पनि निर्धारण गरेर र अर्को तलका स्थानीय निकायहरूको व्यवस्था गरिसकेपछि त्यहाँबाट प्रतिनिधिहरू आउने व्यवस्था हो । अझ प्रत्यक्ष रूपले नै निर्वाचन हुने व्यवस्था बन्यो भने केन्द्रमा केही हुनेबित्तिकै सबै कुरा ठप हुने परिपाटीको अन्त्य गरेर स्थानीय निकायले कामहरू अगाडि बढाइरहन सकिने हुन्छ । जस्तो, क्षेत्रहरूको निर्धारण भयो भने केन्द्रले क्षेत्रपालको रूपमा क्षेत्रहरूमा प्रतिनिधि पठाउन सक्छ । तर उसले केन्द्र र क्षेत्रको समन्वय गर्ने काममात्र गर्छ र त्यहींका निर्वाचित निकायहरूले क्षेत्रको कामकारवाहीलाई अगाडि बढाउने महत्वपूर्ण भूमिका खेल्छन् । यसो भयो भने केन्द्रले साना मसिना कामहरूमा ध्यान दिइरहनु नपर्ने हुन्छ । यसले नीतिगत रूपले अलि नयाँ ढंगबाट मुलुकलाई अगाडि लैजाने कुरामा मात्रै केन्द्रीय मन्त्रीपरिषद् केन्द्रित हुन पाउँछ । यसले देशको विकासलाई प्रभावित पार्नसक्छ । यसरी प्रादेशिक संरचना र प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचनलाई जोड्यो भने एउटा नयाँ मोडेल आउनसक्छ । प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन हुने व्यवस्था हुने बित्तिकै सांसदहरू मन्त्री हुने कुरा हुँदैन र संसदको आफ्नो स्वतन्त्र व्यक्तित्व बन्छ । यसले गर्दा कार्यपालिकाको दक्षतामा बृद्धि हुनुको साथै व्यवस्थापिकाको प्रभावकारिताको पनि वृद्धि हुन्छ । प्रादेशिक संरचनामा गइसकेपछि संसदको निर्वाचन क्षेत्र आधा नै घटाउन सकिन्छ । किनभने तल पनि प्रतिनिधित्व हुने भएकोले धेरै समस्याहरूको समाधान गर्ने काम तलबाटै हुन्छ ।

त्यस्तै गरेर अहिले भइरहेको २०/२५ वटा मन्त्रालयहरूलाई घटाएर १०/११ मन्त्रालयमात्र राखे पुग्ने हुन्छ । यसबाट आर्थिक समायोजन हुनसक्ने परिस्थिति पैदाहुन्छ ।

सातौं, बोझिलो वैदेशिक सहयोगबारे कुरा उठेको छ । यसबारेमा मलाई के लाग्छ भने ०४६ सालमा लोकतन्त्रको पुनर्स्थापना पछाडि वैदेशिक सहयोगको मात्रा एकदमै बढेको छ । त्यसकै आधारमा यातायात, शिक्षा, संचार, स्वास्थ्य, खानेपानी, विद्युत आदि क्षेत्रहरूमा पूर्वाधारको काम पनि बढेको छ । तर त्यस कामलाई दिगो र उत्पादनशील बनाउन र आफैमा निर्भर भएर त्यसले अरू विकसित गर्दै लाने परिस्थिति सृजना गर्न सकिएन । यसको एउटै कारण सजिलैसँग र जुनसुकै कामको लागि पनि वैदेशिक ऋण लिनतिर गइहाल्ने स्थिति हो । यी विकासका कामहरू आफैले धान्नुपर्छ, उत्पादनशील बनाउदै लानुपर्छ भन्ने ढंगबाट नसोचेर निर्माणसम्म गर्ने मात्र उद्देश्य हो भन्ने सोचाई हामीमा विकास भयो । यसले गर्दा त्यस्ता किसिमका आयोजनाहरू दिगो रूपमा स्थापित हुन पनि सकेन र उत्पादनशील बन्न पनि सकेन । ती आयोजनाहरूलाई सामान्य मर्मत र सुधार गर्नुपर्‍यो भने फेरि अर्को सहयोग खोज्नुपर्ने परिस्थिति हामीले सृजना गरेका छौं ।

यसरी वैदेशिक ऋण हाम्रो क्षमतालाई बृद्धि गर्ने र उत्पादनमुखीभन्दा बोझ बढाउने र निर्भर बनाउने खालको भएको छ । त्यसैले वैदेशिक सहयोगसम्बन्धी नीतिको पुनरावलोकन र परिवर्तन गर्नु अत्यन्त जरूरी छ । मलाई के लागेको छ भने यो नीतिलाई आधारभूत रूपमै परिवर्तन गर्नु जरूरी छ र यो यो क्षेत्रमा मात्र विदेशी ऋण लिने भन्ने कुरामा प्राथमिकता तोक्नुपर्छ । तर हामीले १२ वर्षको अवधिमा पहिलेदेखि लिंदै आएको वैदेशिक सहयोगलाई झन् बढाउँदै लग्यौं, यसलाई सच्याउने काम गरेनौं । त्यसैले यो अवधिमा यो पनि एउटा गम्भीर गल्ती भएको छ ।

खनालजीले विदेशी दाताहरू विभिन्न ठाउँमा प्रयोग भइसकेका मोडेलहरूलाई नेपालमा प्रयोग गर्न खोज्छन्, यहाँकै निम्ति कुनै किसिमको मेहनत गरिरहेका छैनन्, र त्यहाँबाट सल्लाह र परामर्श दिन आउने परामर्शदाताहरू पनि सृजनात्मक ढंगबाट सहयोग पुऱ्याउनेभन्दा पनि उनीहरूको समय बिताउने र जागिर खाने मानसिकताबाट आएका हुन्छन्, त्यसैले विदेशी सहयोग हाम्रो लागि सहयोगभन्दा बोझ बनेर गइरहेको परिस्थिति देखिएको


**प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन हुने व्यवस्था हुने बित्तिकै सांसदहरू मन्त्री हुने कुरा हुँदैन र संसदको आफ्नो स्वतन्त्र व्यक्तित्व बन्छ ।**

छ भन्ने कुरा उल्लेख गर्नुभएको छ । वास्तवमा यो एउटा सच्याउनुपर्ने कुरा भएको छ । वास्तवमा यो एउटा सच्याउनुपर्ने विषय हो । तर हामीले यसलाई सच्याउन सकेनौं ।

यहाँ प्रस्तुत भएका विभिन्न व्यक्तित्वका विचार हाछेथुजी र विस्तृत रूपमा खनालजीले सम्बैधानिक र राजनैतिक पक्षहरूको बारेमा जुन कुरा उल्लेख गर्नुभएको छ, त्यो विचारसँग म आफू पनि नजिक भएको मलाई लाग्छ । विकासको परिप्रेक्ष्यका अवधारणा सम्बन्धमा डा. शर्माले आर्थिक पक्षको कमजोरी हुनुमा देखिएको केही कमजोरी र गल्तिहरूलाई उठाउनुभएको छ । वास्तवमा डा. शर्माले आर्थिक पक्ष र कृष्ण खनालले सम्बैधानिक राजनैतिक पक्षको बारेमा कुरा उठाउनुभएको छ, ती दुई कुराहरूलाई मैले एक अर्काको पूरकको रूपमा हेरेको छु । डा. मास्केले परिवेशको विश्लेषण गर्नुभएको छ । त्यसमा मैले सहमति वा असहमति प्रकट गर्नुपर्ने खासै केही कुरा देखिंन । ❑

# काभ्रेमा प्रचण्डहरूको संगठन प्रायः छँदै थिएन !

● निर्मल लामा



ने.क.पा. चौम, ने.क.पा. मशाल, अनि सर्वहारावादी श्रमिक संगठन–लगायतको एकतापछिको सम्मेलनमा मैले पटक्कै बोलिनँ । कहिलेकाहीं अत्यन्तै नबोली नहुने ठाउँमा मात्रै 'हो' वा 'होइन' अथवा 'हुन्छ' वा 'हुँदैन' भनेर मैले जवाफ दिन्थें । साथीहरूको चालामाला, बानी व्यहोरा एकरत्ति ठीक थिएन-हाम्रो चौमका कामरेडहरूको बाहेक ! सबैको तिकडमबाजी देखिन्थ्यो । कसरी प्रचण्डको रिपोर्ट पास गराउने ? कसरी सशस्त्र संघर्षको राजनीतिक लाइन पास गराउने ? र, कसरी आफ्नो प्रस्तावमा बहुमत ल्याउने ? यी कुराहरूमा केन्द्रित भई ठूलो षडयन्त्र चलाइयो ।

त्यस सम्मेलनमा के देखियो भने, प्रचण्डले आफ्ना कार्यकर्ताहरूलाई फलामे किल्ला बनाएका रहेछन् । उनले त्यस्तो कसरी बनाउन सके ? त्यतिखेर त मलाई थाहा भएन, तर त्यो कुरो पछि थाहा भयो । पछि त छ्याङछ्याङति के समेत थाहा पाइयो भने, हुम्लाबाट छक्कबहादुर लामाको नेतृत्वमा आएका चारजना प्रतिनिधिहरू एकजना पनि पार्टी सदस्य रहेनछन् । यो कुरो पछि छक्कबहादुर लामा स्वयंले मलाई भनेका हुन् ।

उनीहरूले त्यस सम्मेलनमा काभ्रेबाट पनि आफ्नो बहुमत बनाएर ल्याएका रहेछन्, जबकि काभ्रेमा प्रचण्डहरूको संगठन प्रायः छँदै थिएन । त्यस्तो कसरी भयो भनेर हेर्दा के थाहा पाइयो भने, हाम्रा साथीहरू एकताको लागि भनेर खुरूखुरू छोड्ने तर तिनीहरू त्यसैलाई मौकाको रूपमा लिई आफ्नो मतका मानिसहरूलाई सम्मेलन प्रतिनिधि बनाएर पठाउने गर्दा रहेछन् ।

त्यस सम्मेलनमा मैले आफ्नो दस्तावेज प्रस्तुत गरें । मैले त्यो दस्तावेज एक्लै पेश गरेको थिएं । साथीहरूले 'सल्लाह गरेर लेखौं' भनेका थिए, तर मैले नमानी आफू एक्लैले लेखें । मैले साथीहरूलाई के भनें भने– 'सल्लाह गरेर लेख्दाखेरी त्यस सल्लाहमा संलग्नहरू सबैको एउटै मत पहिले नै हुन्छ अनि त्यसले गुटबन्दी जन्माउँछ, त्यसैले म दस्तावेज एक्लैले पेश गर्छु ।'

मैले त्यस सम्मेलनमा आफ्नो दस्तावेज पेश गरेर त्यसको व्याख्या गरिसक्दा पूरै एक दिनको समय गयो । विहानको खाना खानअघि मैले प्रतिवेदन पढ्न सिध्याएं भने त्यसपछि त्यसको व्याख्या गर्ने काम गरें । मैले त्यत्रो लामो बोल्दा पनि सम्मेलन हल पूरै 'पीन ड्रप साइलेन्टस'मा रह्यो । त्यसले मलाई केही आशा जगायो । 'मेरो कुरामा पूरै ध्यान दिएर सुने' भन्ने कुरा मलाई लाग्यो । पक्कै मेरो कुराले धेरै प्रतिनिधिलाई मन छोएको हुनुपर्छ भन्ने मैले ठानें ।

तर अचम्म ! पछि मतदान हुंदा त प्रचण्डहरूको प्रस्ताव आउँन नपाई एउटा हात चट्ट उठ्थ्यो र त्यसको लगत्तै अन्य थुप्रै हातहरू जुरूरू उठ्थे । अर्को प्रस्तावमा अर्को एउटा हात चट्ट उठ्थ्यो र फेरि सबै हातहरू पहिलेजस्तै जुरूरू उठ्थे ।

त्यस सम्मेलनमा औपचारिक दस्तावेजको रूपमा प्रचण्डले एउटा दस्तावेज पेश गरेका थिए भने विपक्षमा मैले अर्को दस्तावेज पेश गरेको थिएं । त्यहाँ श्याम श्रेष्ठले पनि एउटा दस्तावेज पेश गरेका थिए, तर त्यसलाई मैले त्यति महत्व नदिएको कारणले गर्दा अहिले त्यसबारे मलाई त्यति सम्झना पनि रहेको छैन ।

त्यसपछि सम्मेलनमा म अलग्ग नै बसें, कोहीसँग पनि मैले सम्पर्क राखिनं । त्यतिखेर मेरो साथी वा सुरक्षा गार्ड जे भने पनि ज्ञानेन्द्रमान नेवा नै मेरो साथमा थिए । म त्यतिखेर जुन घरमा बसें, त्यो घर श्रमिक संगठनको एक जना कमरेडको घर थियो । उनी अर्को संगठनबाट आएको मान्छे भए पनि मसँग मिल्थे । उनी मसँग राम्ररी नै झ्याम्मिए ।

ज्ञानेन्द्रमानलाई के थाहा थियो भने मलाई मासु र रक्सी नभई हुँदैन । ती श्रमिक संगठनको साथीको घरमा बसेको दुई दिनपछि तेस्रो दिनको एक बेलुका ज्ञानेन्द्रमानले कोठामा मासु र रक्सीको बोतल ल्याइराखे ।

'के गरेको यस्तो ?' भनेर सोध्दा ज्ञानेन्द्रले घरपतिसँग कुरा गरेर ल्याएको भने ।

'घरपति त श्रमिक संगठनको मान्छे हो नि ! थाहा छैन ?'- मैले उनलाई सतर्कताको भाषामा आपत्ति जनाएं ।

'सबै कुरो भइसक्यो, यो सबै उसैले पठाएको हो । उसैले कुखुरा काटी मासु पकाएर तपाईंलाई पठाएको हो । रक्सी पनि उसैले पठाएको हो ।' -ज्ञानेन्द्रले मलाई आश्वस्त पारे । र, बेलुकी हामीले रक्सी र मासु खाएर सुत्यौं ।


भोलिपल्ट बिहान सम्मेलनमा केन्द्रीय कमिटी गठन गर्ने कुरा आयो । त्यस कमिटीमा 'चौथो महाधिवेशन'बाट एक जना मलाई पनि राख्ने कुरा आयो । त्यो कुरो म बसेको ठाउँमा आइपुग्यो । मैले 'म जान्नँ । चौ.म.का कुनै पनि राजनीतिक कुराहरू बाँकी नभएपछि म त्यहाँ कसरी जाने ? म कुनै हालतमा पनि जान्नँ ' भनें ।

'यो पार्टी, पार्टी होइन । यो पार्टी षडयन्त्रकारीहरू तथा गुटबन्दी गर्नेहरूको पार्टी हो । यो पार्टीमा इमान्दारिता भन्ने कुरो एउटा पनि बाँकी छैन । यहाँ आएका सबै कुराहरू झूठ छन् । यहाँ आएका प्रतिनिधिहरू काम लाग्ने खालका छैनन् । त्यसकारण यस्तो पार्टीमा म किन बस्ने ? त्यो पनि केन्द्रीय कमिटीमा ?' -साथीहरूलाई यसो भन्दै मैले फर्काई दिएँ ।

म सम्मेलन हलमा जाँदै गइन । उनीहरूले केन्द्रीय कमिटी बनाउन सकेनन् । वास्तवमा भयो के भने जब मैले जान्न भनें तब रूपलाल विश्वकर्माले पनि बस्दिन भनेर अड्डि लिएर बसेका रहेछन् । र, त्यहाँ एक किसिमको हङ्गामा नै हुनपुग्यो ।

तर त्यसपछि त्यहाँ अलिकति अर्कै किसिमले घटना अगाडि बढ्यो । हाम्रै साथीहरूले पनि मप्रति बेमानी गरे । त्यसमा पनि ती साथीहरू मसँग सबभन्दा नजिक पर्ने साथीहरू परे । पहिला मलाई उनीहरूले घुमाएर झुकाएर 'रूपलाल बसे भने बस्ने हो ?' भने । रूपलाल कुनै हालतमा पनि बस्दैनन् भन्ने मलाई लाग्थ्यो । हुन त त्यतिखेर रूपलालसँग मेरो कुनै सम्पर्क थिएन । तर मलाई के कुरो थाहा थियो भने रूपलाल यस्तो कुरो धेरै बुझ्ने मान्छे हुन् र उनी आफै पनि एक ठूला षडयन्त्रकारी

## पार्टीमा 'शुद्ध वोल्शेभिकहरु बनेपछि मात्र पार्टी बन्छ' भन्ने दुई चार जनालाई राखेर मार्क्सका कोटेशनहरु पढाएँ



हुन् । उनी बस्दैनन् भन्ने कुरामा मलाई पक्का विश्वास थियो । त्यसैले मैले 'ठीक छ, उनी बस्छन् भने म पनि बसुँला' भनें ।

त्यसपछि उनीहरू रूपलालकहाँ गएर 'दाइ त बस्ने भयो' भन्न गएछन् । र, त्यहाँबाट फर्केर आई फेरि उनीहरू 'रूपलालले त बस्ने भने नि दाइ' भनेर मकहाँ भन्न आए । मलाई बडो अप्ठेरो भयो । रूपलाल बसे पनि म बस्दिनँ भन्न मलाई गाह्रो भयो । किनकि मैले 'उनी बसेमा म बस्छु' भनेर भर्खरैमात्र प्रतिबद्धता देखाएको थिएँ । अनि मैले 'बस्छु' भनें ।

त्यसपछि केन्द्रीय कमिटीको बैठक बस्यो । त्यहाँ पनि मैले बस्दिनँ भन्दाभन्दै पोलिटब्यूरोमा बस्ने काम गरें । बैठक सकियो ।

त्यसको लगत्तै म फर्कने क्रममा चितवनमा मित्रलाल दवाडीकहाँ पसें । उनको त्यहाँ पसल थियो । म उनलाई भेट्न पसलभित्र छिरें । त्यहाँ भित्र एउटा खाट राखिएको रहेछ । भित्र छिर्नासाथ म त्यही खाटमा डङरङ्ग पल्टें । ओहो ! पार्टी एकता भयो भनेर मित्रलालहरू यति खुशी भए कि, हर्षले उनीहरूको होसहवास नै गुमेको देखिन्थ्यो ।

मेरो अनुहारमा के देखे कुन्नि मित्रलालले म त्यहाँ खाटमा पल्टिनासाथ मलाई सोधे- 'के भयो दाइ ? यत्रो पार्टी एकता भएको कुरो छ । तपाईंको अनुहार मलीन किन ?'

जवाफमा मैले भनें- 'हेर दवाडी ! एकता गरेर साह्रै ठूलो गल्ती गरिएछ । यो एकताले पार्टीलाई टुक्र्याउँछ ।'

पछाडि त त्यो कुरो उनले बाहिर भनेर हिंडेछन् ।

केन्द्रीय कमिटीको पहिलो बैठकमा प्रचण्डले रिसाएर प्रश्न सोधे– 'एकता गरेर एकताको मसी सुक्न पाएको छैन कमरेडबाट एकताविरोधी क्रियाकलाप किन शुरू हुन्छ ?'

मैले कहाँ के भयो भनेर प्रति प्रश्न सोधें । उनले मित्रलाल दवाडीले भनेर हिंडेको कुरा आगाडि राखे ।

मैले 'हो, मैले भन्या हुँ, मलाई त्यही लाग्यो र त्यही भनेर हिडें, यदि मेरो गल्ती भयो भन्ने कुरो हुन्छ भने म क्षमा माग्न तयार छु, होइन भने सत्य कुरो यही हो' भनें । सबैले मेरो कुरो सुने । तर कोही पनि बोलेनन् । सबै 'तैं चूप, मैं चूप' जस्तै भए । त्यो बैठक त्यतिकै टुङ्गियो ।

त्यसपछि पछाडिका दिनहरूमा पार्टी केन्द्रको बैठक चल्दै गयो । मैले धेरै कममात्र बोल्दै गएँ । बैठकमा करबलले जाने र त्यहाँ बस्दा मैले नबोलिकन एउटा कागजको टुक्रामा कहिले केको कहिले केको नक्सामात्र कोर्दै गर्न गरें ।

बैठक चल्दै गरेको हुन्छ, कहिले केन्द्रीय समितिको त कहिले पोलिटब्यूरोको, तर म भने चूप लागेर सबैको अनुहार हेरिरहेको हुन्थें । उनीहरूको अनुहार अँध्यारो, झर्ला जस्तो देखिन्थ्यो । मलाई लाग्थ्यो- कसैको अनुहार जनावरको जस्तो त कसैको अरू नै केही जस्तो । मनमनै यस्तो ठाउँमा बसेर के काम भन्ने लाग्थ्यो । तर मेरो कान भने चनाखो नै हुन्थ्यो । त्यसैले बैठक चलेको बेलामा उनीहरूले आफ्नो बोली जब फेर्थे, तब म 'कमरेडले अघि भर्खर यस्तो भन्नु भएको होइन' भनेर समात्थें ।

त्यसपछि विस्तारै एकता केन्द्रभित्र पनि मतभेदहरू हुन थाले । त्यसैबीचमा मैले एउटा दस्तावेज लेखेर छपाएँ । त्यो दस्तावेज छाप्ने काम प्रभूनारायण बस्नेतले गरेका थिए । उनले नै प्रेसको सबै काम गरेका थिए । त्यो काम गरेकाले पार्टीले मलाई अनुशासनहीन ठहऱ्यायो ।

पार्टीको के भनाइ रह्यो भने प्रभूनारायणजस्तो अनुशासनहीन व्यक्तिलाई दस्तावेज छपाउने काम दिएर पार्टीभित्रको गोपनीयता मैले भङ्ग गरें । र, मलाई अनुशासनको कार्वाही गर्ने भन्ने कुरा ल्याइयो । तर पछि बैठकमा हाम्रोबीच एक प्रकारको सम्झौता हुनपुग्यो । बैठक सम्भवतः चितवनमा भएको जस्तो लाग्छ । त्यस बैठकमा संघर्षका कार्यक्रमहरू तय गरिए । अबदेखि मैले बाहिर केही भनेर नहिंड्ने र मैले छपाएको त्यो दस्तावेज फिर्ता लिने भन्ने कुरा पास भयो ।

मैले 'ठीक छ, म दस्तावेज फिर्ता लिन्छु, दस्तावेज अहिलेसम्म एउटा पनि बाहिर गएको छैन' भनें । मैले प्रभूलाई के भनिराखेको थिएं भने मैले केही नभनिकन एउटा कपी पनि बाहिर जानु हुँदैन । त्यसैले वास्तवमा त्यतिञ्जेलसम्म एउटा पनि बाहिर बजारमा गइसकेको थिएन ।

संघर्षका कार्यक्रहरू चल्दै गए । दस्तावेज बाहिर जान केही समयसम्म मैले राकिनै दिएँ । तर पछि मैले त्यो दस्तावेजलाई बाहिर बजारमा पठाएँ । त्यसपछि लगत्तै उनीहरूले मलाई कार्वाही गरी केन्द्रीय समितिबाट बाहिर निकालीदिए ।

त्यतिखेर पहिल्यै मलाई के लागेको थियो भने उनीहरूले म एक जनालाई कार्वाही गरेर बाहिर निकाली दिन्छन् र पुनः अन्य साथीहरूलाई राखी पार्टीलाई एकतावद्ध गराएर अगाडि लान्छन् । उनीहरूले ठीक त्यसरी नै गर्न खोजे ।

पार्टीका तल तलका समेत साथीहरू आई मलाई के भन्न थाले भने 'तिमी गएकोले पो हामीहरू त्यहाँ गयौं, तिमी नै रहँदैनौ भने हामीमात्र त्यहाँ कसरी बस्ने ? उनीहरू कस्ता मान्छेहरू हुन् भन्ने कुरा त हामीहरूलाई पहिले नै थाहा थियो नि ।' एकजना साथीले त तुरून्तै त्यहीं नामै किटेर फलाना फलानासँग एकता भएको हो भने ल अहिलेदेखि नै मैले पार्टी छोडें भनेर घोषणा गऱ्यो ।

त्यसपछि म पार्टी कामबाट अलग्गै भएर बसें । म आफ्नो परिवारसँग बस्न आएँ । केही केही आम्दानी हुने कामहरू पनि गर्न थालें । तर पछाडि साथीहरू आई मलाई के भन्न थाले भने हामीहरूलाई छोडेर तिमी त्यसरी एक्लै बस्न पाउँदैनौ, हामीहरूलाई यस्तो बिजोग किन पारेको ? कि पार्टी खोल कि त हामी कहाँ जाने हो बताइदिनु पऱ्यो ।

'त्यसोभए लौ पार्टी खोल, बरू पार्टीको नाम चौथो महाधिबेशन नराखी एकता केन्द्र नै राख' भन्ने कुरा मैले गरें । पार्टी बन्यो । म आफू अवकाशमा बस्छु भन्ने कुरा मैले मनमनै पहिले नै सोचिसकेको थिएँ । तर शुरूमा त्यस्तो मैले केही बोलिनँ । पहिले पार्टी नै बन्न दिएँ । पार्टीमा त्यो 'शुद्ध वोल्शेभिक बनेपछि मात्र पार्टी बन्ने' भन्ने प्रवृत्ति छँदै थियो । तै पनि पार्टी चल्दै गयो ।

पार्टीमा 'शुद्ध वोल्शेभिकहरू बनेपछि मात्र पार्टी बन्छ' भन्ने दुई चार जनालाई राखेर मार्क्सका कोटेशनहरू पढाएं । मार्क्सको भनाइ के छ भने मजदूर वर्गले संघर्षको क्रममा आफूलाई बदल्दै जान्छ र त्यही क्रममा नै उनीहरू पक्का कम्युनिष्ट बन्छन्, एकैचोटी कोही पनि कम्युनिष्ट बन्न सक्दैन । त्यो पढाएपछि कति कन्भिन्स भए, कतिले त्यसलाई गलत व्याख्या गरे । तर त्यो प्रवृत्ति केहीमा भने कायम रहँदै गयो । अहिले त्यो प्रवृत्तिको प्रतिनिधित्व पार्टी बाहिर श्याम श्रेष्ठले गर्नुभएको छ । एकता केन्द्रभित्र भने अब त्यो प्रवृत्ति छैन ।

❑ *प्रस्तुति : तुलसीदास महर्जन*



# विवाद !

## अ.ने.म. संघका मागहरु र

# कुमारी प्रथा

■ हरिगोविन्द लुइँटेल

एमालेको भगिनी संगठन अखिल नेपाल महिला संघले हालै एक विषेश भेला गरी आसन्न चुनावमा नेकपा एमालेले महिला हक-हितका पक्षमा आफ्नो घोषणा-पत्रमा समावेश गर्नुपर्ने कुराहरूको रूपमा दश बूँदाको एउटा सुझाव-पत्र पार्टीलाई बुझाएको छ । राजनैतिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, संचार, संस्कृति, महिला हिंसा, पेशा वा श्रम, कानून र औद्योगिक क्षेत्रसँग सम्बन्धित गरी विषय विषयमा केन्द्रित गरी प्रस्तुत यी सुझावहरू महिला कल्याणको पक्षमा रहेका छन् अनि यिनले चुनावअघि आफ्नो पार्टीलाई महिलाको मामलामा गम्भीर बन्न घच्घच्याएका पनि छन् । तर यो सुझाव-पत्रका यी मध्येको एउटा बूँदाले भने अ.ने.म. संघ र एमाले स्वयंलाई पनि असजिलोमा पार्ने संकेत देखा पर्न थालेको छ । त्यसमा यसले संस्कृतिसंग सम्बन्धित बुँदाअन्तर्गत हाम्रो समाजमा चालु केही अन्धविश्वासहरूलाई कानूनी रूपले अंकुश लगाउनुपर्ने माग राखेको र त्यसमा काठमाण्डौको कुमारी प्रथाको पनि उल्लेख गरिएकोमा केही संस्था र व्यक्तिहरूले गंभीर आपत्ति जनाएका छन् ।

एमालेले चुनावी घोषणा-पत्रमा उल्लेख गरोस् भनी अ.ने.म.संघले लिखित माग गरेको उक्त बुँदामा यस्तो उल्लेख गरिएको छ- "धर्म, संस्कृति, संस्कार र परम्पराको नाममा महिलामाथि लादिएका सामन्ती भेदभाव, कुमारी, देउकी, झुमा, बादी, जारी, वहुविबाह, अनमेल विवाह, पाण्डव विवाह, बाल विवाहजस्ता कुसंस्कार र अन्धविश्वासयुक्त व्यवहारहरूलाई निस्तेज पार्नका लागि कानूनी व्यवस्था गरिनेछ ।"

यसमा यसरी कुमारी प्रथालाई पनि अरू रूढीवादी प्रथाकै हाराहारीमा राखेर उल्लेख गरिएकोमा, खासगरी केही नेवारजातीय संस्थाहरू र तिनीहरूसंग संबन्धित केही मानिसहरूले कडा विरोध जनाएका छन् । उनीहरूका अनुसार कुमारी प्रथामा अ.ने.म.संघले भनेजस्तो 'महिलामाथि सामन्ती भेदभाव' लादिएको छैन । यो प्रथा नेवार जातिहरूको प्रथा भएकोले यसको विरोध गर्नु यस जातिकै विरोध गर्नुसरह हो ।

पंचायती निरंकुशतावादी पृष्ठभूमि भएकादेखि लिएर प्रगतिशील पृष्ठभूमि भएकासम्म नेवारहरू संलग्न रहेको संगठन 'नेवाः देय् दबू'का महासचिव नरेशवीर शाक्य भन्नुहुन्छ- "सम्पूर्ण नेपाल मण्डलवासीहरूका अराध्यदेवी तथा सांस्कृतिक धरोहरका प्रतीकका रूपमा सदियौंदेखि उपत्यकामा एउटा जीवन्त संस्कृति भई आजसम्म निरन्तरता पाइरहेको कुमारी प्रथाका सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)को भगिनी संगठन अखिल नेपाल महिला संघकी अध्यक्ष श्रीमती विद्यादेवी भण्डारीले हालै सम्पन्न एक सार्वजनिक कार्यक्रममा कुमारी प्रथामाथि कानूनी प्रतिबन्ध लगाएर सरकारले रोक्नुपर्दछ भनेर मागको रूपमा जुन अभिव्यक्ति दिनुभएको छ, त्यसबाट सम्पूर्ण नेवार समुदायलाई क्षुब्ध तुल्याएको छ ।"

सुझाव-पत्रका बारेमा प्रष्ट पार्दै अ.ने.म. संघकी अध्यक्ष विद्या भण्डारीद्वारा व्यक्त "कुमारी प्रथा रीतिको नाममा कुरीति हो" र यसबाट "बालअधिकारको साथै मानव अधिकारको समेत हनन भएको छ" भन्ने भनाइको सन्दर्भमा आक्रामक शैलीमा नरेशवीर शाक्य भन्नुहुन्छ- "नेपालको प्रमुख प्रतिपक्षी राजनीतिक भूमिका निभाउनुपर्ने दलकी नेतृजस्ता जिम्मेवार व्यक्तिबाट आसन्न मध्यावधि निर्वाचनका लागि तयार गरिने पार्टी घोषणा-पत्रका लागि अनेमसंका तर्फबाट सुझावहरू तयार गरिँदा कुमारीका सम्बन्धमा यस किसिमका अत्यन्त आपत्तिजनक कुराहरूलाई औपचारिक रूपमै समावेश गरिएकोबाट कुमारीसम्बन्धी उहाँको अज्ञानता र उहाँले नेतृत्व गरेको संगठनको नियत पछाडिको गम्भीरतालाई बढी स्पष्ट गर्दछ । 'कुमारी भइसकेपछि जीवनभर विवाह गर्नुहुन्न, गरिएमा पति हुनेको शिर फुटेर मृत्यु हुने गर्दछ' जस्ता अत्यन्त निराधार र अन्धविश्वासका कुरालाई नेकपाजस्ता वाम पार्टीका नेतृत्वले बकम्फुसे आधार बनाई कुमारी प्रथाले महिलाको अधिकारलाई कुण्ठित गरेको छ भन्ने भ्रम सिर्जना गर्ने गैरजिम्मेवार काम उहाँबाट भएको छ ।

उहाँको दावी छ- "कुमारी भइसकेका कतिपय महिलाहरू सुखद् जीवन बाँचिरहेका र तीमध्ये एक दम्पती त असी वर्षभन्दा बढी उमेरमा आजसम्म कुशल अवस्थामै रहेकोजस्ता तथ्यद्वारा कुमारी प्रथा र अन्धविश्वासका सम्बन्धमा यथार्थतालाई स्पष्ट पार्दछ । यस अतिरिक्त कुमारीका रूपमा छानिने बालिकाका लीग भरण-पोषणदेखि सम्बन्धित परिवारजनले इच्छाएअनुसार विद्यालयको पाठ्यांशभित्रबाट कुमारी- घरमै सोही विद्यालयका शिक्षक/ शिक्षिकाबाट शिक्षा हासिल गराउने र परीक्षामा सामेल हुने विशेष व्यवस्था गरिएको छ । विशिष्ट सुविधा, भत्ता र हेरचाह तथा सेवाको साथ राखिने *कुमारीको वास्तविक जीवन नेपालको कुनै सामान्य* बालिकाको भन्दा स्तरीय र मर्यादित रहेको छ । अतः ऐतिहासिक कालदेखि नेपालीहरूको आस्थाको केन्द्रको रूपमा रहेको जीवित देवी कुमारीका सम्बन्ध कुनै अधिकारसँग जोडेर यस संस्थाको मर्यादा र मूल्यलाई होच्याउने र यस संस्कृतिमाथि आक्रमण गर्ने काम जुनसुकै क्षेत्र, वर्ग वा केन्द्रबाट जानी वा नजानी गरिएको होस्, त्यो सह्य हुनेछैन ।

नेवार राष्ट्रिय संगठन के पनि खबरदारी गराउन चाहन्छौं भने जसरी अनेमसं र श्रीमती भण्डारीले कुमारीसम्बन्धी आपत्तिजनक र अमर्यादित कुरा अभिव्यक्त गरेर कुमारी संस्कृतिप्रति आस्थावान् समुदायप्रति दुराशय तथा साम्प्रदायिक व्यवहार देखाउनुभएको छ, त्यसरी नै उक्त भनाइ

**कुमारी प्रथालाई कानून बनाएरै निस्तेज पार्ने कि यसमा सुधार गर्ने ?**

अविलम्ब फिर्ता लिई सार्वजनिक रूपमा क्षमायाचना गर्नु आवश्यक छ । अन्यथा त्यसको प्रतिक्रियामा हुनसक्ने अप्रिय घटनाप्रति स्वयं जिम्मेवार हुनुपर्नेछ ।" *(राजधानी, भाद्र ३०)*

यसैगरी संभ्र्याः एशोसियनले पनि अनेमसंघको कुमारी प्रथा बारेको यो मागलाई कडा विरोध गरेको छ ।

वास्तवमा, कुमारी प्रथाबारेको यो बादविवादलाई हेर्दा हामीलाई के लाग्छ भने, यस प्रथामा रहेको सामाजिक, व्यवहारिक समस्याका बारेमा विगतमा पनि विभिन्न कोणबाट चर्चाहरू हुँदै आएका छन् । कथा, उपन्यास र एउटा नेपाली फिल्म नै पनि कुमारीकै विषयमा आधारित भएर तयार भएका पनि पाइएका छन् । यस आधारमा यो प्रथा विल्कुलै समस्यामुक्त छ भन्नु मिल्दैन । पूरा ८ वर्षसम्म एउटी बालिकाले एउटै घरमा सीमित भई नियन्त्रित र अस्वभाविक जीवन बाँच्नु पर्नाले उनीमाथि पर्ने मानसिक असरलाई समस्या नै नमान्न मिल्दैन । तर जहाँसम्म कानून बनाएरै पूर्णतः निषेध गर्ने भन्ने सवाल छ, त्यसमा भने पुनर्विचार हुनुपर्छ । अझै पर्याप्त छलफल हुन बाँकी एउटा सांस्कृतिक समस्यालाई एकाएक कानूनी हिसावले व्यवहार गर्नु उचित हुँदैन । यस्तो गर्नु प्रजातान्त्रिक पनि हुँदैन । यसको अर्थ यो प्रथाको वर्तमान स्वरूप पूर्णतः ठीक छ, यो अमानवीय छैन, यसलाई जस्ताकोतस्तै कायम राख्नुपर्छ भन्ने कुरा पनि गलत हो । वास्तवमा यो प्रथा पूर्णतः निषेध गरिनुपर्ने हैन, हाल सुधार गरिनुपर्ने प्रथाको रूपमा रहेको छ । 'कुमारी' बन्ने बालिकाको मनोवैज्ञानिक समस्या, जीविका र शिक्षाको समस्या समाधान हुनुपर्छ भनेर माग गर्नु एकदमै जायज छ । यस प्रथामा 'देवी' बनाएर बालिकालाई अस्वाभिक, मनोशारीरिक जीवन बाँच्न बाध्य पार्ने गलत पक्षहरू निश्चय नै छन् । जातीय परंपराको नाममा यो पक्षलाई बेवास्ता गर्नु मिल्दैन ।

आफूलाई कम्युनिष्ट पार्टी भन्ने संगठनले आम जनताले चलाइआएको स्वस्थ चाल-चलन र रीतिको विरोध गर्दैन । कम्युनिष्टहरू सरकारमा पुगेको खण्डमा पनि उनीहरू जनताका कुनै स्वस्थ रीति-रिवाज, चाल-चलन र संस्कृतिमाथि राज्यको बल प्रयोग गरेर कानूनी रूपमा निषेध गर्दैनन् । उनीहरू अस्वस्थ, अमानवीय र अन्धविश्वासमा आधारित रीति-

# कुमारीहरुको मानसिक विकासमा समस्या



- लोचना शर्मा

**विश्वकै जीवित** देवीको रुपमा प्रसिद्ध मानिने नेवार समुदायमा रहेको कुमारी परम्पराअनुसार काठमाण्डौं, ललितपुर र भक्तपुरका अधिकांश पूर्वकुमारीहरुको हाल सुस्तमनस्थिति रहेको पाइएको छ । जीवित देवीको रुपमा कडा अनुशासित काल यापन गरी हाल विद्यार्थी जीवनमा रहेका ती कुमारी बालिकाहरु स्कूलमा शिक्षकहरुले पढाएको कम बुझ्ने, साथीहरुसँग नबोल्ने, नखेल्ने र एक्लै बस्न बढी मन पराउने रहेको पाएको छ ।

स्वयम्भूकी अमिता चार वर्षको कलिलो उमेरदेखि कुमारी देवीको रुपमा आठ वर्ष बिताएर फर्किएकी थिइन् । उनी तेह्र वर्षको उमेरमा स्वयम्भूको गणेश अंग्रेजी बोर्डिङ स्कूलमा कक्षा सातमा पढ्छिन् ।

उनले कक्षा ६ सम्मको पढाइ नेपाली माध्यममा कुमारी छँदै पूरा गरेकी थिइन् । अनौपचारिक कोठे पढाइपछि हालको अंग्रेजी माध्यमको औपचारिक पढाइ उनका लागि कठिन भएको छ । कक्षामा पढाएको बुझ्ने पनि नबुझ्ने पनि उनी मौन नै रहन्छिन् ।

उनी खाजा खाने समयमा पनि साथीसँग खेल्न मन पराउन्नन् । कोठामै बसिरहन मन पराउँछिन् । साथीहरुसँग पनि उनी आफैं नबोल्ने र बोलाए पछिमात्र छोटो उत्तर दिने गर्छिन्- उनकै दिदी रिना भन्छिन् ।

भक्तपुरकी पूर्वकुमारी निलम बज्राचार्यको व्यवहार पनि उस्तैउस्तै रहेको छ । उनले पनि ५ वर्षे कलिलो उमेरमै कुमारीको आसन ग्रहण गरी पाँच वर्ष पूरा गरिसकेकी छिन् ।

तर अमिताले जस्तो निलमले कुमारी भएको अवस्थामा पढ्न पाइनन् । त्यसैले उनका दाजु महेशले आफ्नी बहिनी निलमलाई कुमारीबाट फर्काएर घरमा नै ल्याएका छन् ।

हाल उनी १३ वर्षको उमेरमा मात्र तीन कक्षामा पढ्छिन् । उनलाई पनि शुरुमा त समाजमा घुलमिल गराउन गाह्रो भयो तर हाल उनी सबैसँग बोल्छिन्, खेल्छिन् तर पनि कलिलो उमेरमा कडा नियमबीच नियन्त्रित भएका कारण पनि उनी अरु साथीहरुसरह भने छैनन् ।

निलमकी आमा पद्मावतीलाई छोरी जीवित देवी बनाउन पाएकोमा खुसी लागेको छ । तर, दाजु महेश बज्राचार्य भने १३ वर्षको उमेरमा बहिनी कक्षा ३ मा मात्र पढ्दा खिन्न छन् । उनले त पढाइकै कारण बहिनीलाई चाँडै कुमारी मन्दिरबाट फर्काएका थिए ।

त्यतिमात्र हैन, जीवित देवीको रुपमा दिइने सरकारी भत्तामा पनि आफ्नी बहिनी ठगिएकोमा उनी असन्तुष्टि व्यक्त गर्छन् । हाल उनकी एक्ली बहिनी निलमको मासिक भत्ता रु. १०० मात्र छ ।

कुमारीको विवाह गर्नुहुन्न भन्ने कथन छ । यदि विवाह नहुने हो भने मासिक रु. १०० ले कसरी जीवन चल्छ ? महेशको प्रश्न छ ।

ललितपुर गावहाल बस्ने चन्द्रशिला बज्राचार्य पनि अवकाशप्राप्त जीवित कुमारी देवी हुन् ।

उनमा पनि अरुमा झैं एक्लोपन छ । तर अहिले समाजमा राम्ररी नै घुलमिल भइन् । पहिले पहिले त स्मरणशक्ति धेरै नै कम थियो तर हाल सुधार आएको कुरा उनका बुबा आनन्दरत्न बज्राचार्य बताउँछन् ।

उनका साथीहरुका अनुसार अहिले पनि कुमारी (चन्द्रशिला) खुला रुपले नबोल्ने, प्रायः मौन नै रहने गरेको बताउँछन् ।

कुमारीलाई दिइने मासिक भत्तामा समेत ठूलो पक्षपात गरिएको गुनासो प्रकट गर्छन् भक्तपुरका पूर्वकुमारीका दाजु महेश बज्राचार्य र स्वयम्भूकी पूर्वकुमारी अमिताले मासिक भत्ता रु. ३ हजार, ललितपुरकी पूर्वकुमारी चन्द्रशिला रु. ९०० सय, भक्तपुरकी पूर्वकुमारी निलमले भने मासिक रु. १०० पाउँदै आएका छन् ।

अमिता कक्षा कोठामा नबोल्ने, पढाएको समेत कम बुझ्ने र स्मरण शक्ति पनि कम भएको कुरा गणेश बोर्डिङ इग्लिस स्कूलका शिक्षक रत्नकाजी डंगोल प्रष्ट्याउँछन् ।

कक्षामा सामूहिक रुपमा भन्दा एक्लै पढाएको मात्र उनले बढी बुझ्छिन् । अमिता सोधेको कुरामात्र बोल्छिन् । पढाएको कुरा सोही दिनमात्र उत्तर दिन सक्छिन् उनी । भोलि सोधेमा उत्तर दिन सक्दिनन् -शिक्षक ढुंगाना भन्छन् ।

पूर्वकुमारी निलमका दाजु महेश बज्राचार्यका अनुसार यसरी पक्षपात गरेको कारण नै आजभोलि कुमारी राख्न कोही पनि मन पराउन छाडेका छन् ।

पाटन मानसिक अस्पतालका निर्देशक डा. नीरकारमान श्रेष्ठ भन्नुहुन्छ- "बालिकाहरुले कुमारी घरमा जेल जीवनजस्तै जीवन बिताइरहेका हुन्छन् । तसर्थ तिनीहरुको अरु बाल बालिकासरह मानसिक विकास हुन पाउँदैन ।"

उहाँ कुमारीहरुलाई कुमारीघरमा पनि चौतर्फी विकासका लागि आवश्यक कार्यक्रम ल्याइनुपर्ने र अवकाश भएपछि घरपरिवारका सदस्यले घरेलु वातावरणमा हुर्काउनुपर्ने बताउनुहुन्छ ।

अर्का मनोचिकित्सक शंकरप्रसाद बस्नेतका अनुसार पूर्वकुमारीहरुलाई बाँकी जीवनका सम्बन्धमा अगाडि आउने अनुत्तरित प्रश्नले पनि मनस्थितिलाई कमजोर पार्नसक्छ । ❑

*साभार : संचारिका लेखमाला संचारिका समूह (सोरेक बुलेटिन : अंक १ २०५९, साउन)*

> अनेमसंघले कुमारी प्रथाबारे उठाएको प्रश्नलाई समग्र नेवार जातिसँग जोड्नु र यसलाई नेवार जातिलाई नै प्रहार गरेको देख्नु चाहिँ बिल्कुलै बेठीक कुरा हो ।

रिवाजलाई, चलन र संस्कृतिलाई मात्र निषेध गर्ने गर्छन् । उनीहरू स्वस्थ र मानवीय संस्कृतिको चाहिँ सम्मान र रक्षा गर्छन् ।

कुनै प्रथा सबै दृष्टिकोणले स्वस्थ, न्यायिक र वैज्ञानिक छ भने तत्काल जस्ताकोतस्तै मान्दै जान सकिन्छ, हैन, त्यसमा पूर्णतः हानीकारक कुरामात्र छन् भनेचाहिँ त्यसलाई त्याग्नै पर्छ । निषेध नै गर्नुपर्छ । तर त्यसमा केही राम्रा पक्ष पनि छन् र केही नराम्रा पक्ष पनि छन् भने नराम्रा पक्ष हटाउने र राम्रा पक्षलाई बलियो र परिमार्जित गर्ने गर्नुपर्छ । अर्थात् यो भनेको सुधारको लाइन हो । यो सुधारको लाइन कुनै प्रथाविशेषको अन्तरबस्तुमा मात्र निर्भर हुन्न । यसलाई मान्ने जनसमुदायको चेतनास्तर र यसप्रति उनीहरूको मनोवैज्ञानिक लगावको स्तरसँग पनि यो संबन्धित छ । जनताको चेतनास्तर समग्रमा माथि नउठीकन र मनोवैज्ञानिक लगावको स्थिति अनुकूल नभैकन ठूला ठूला सांस्कृतिक परिवर्तनहरू माथि राज्यको तर्फबाट जनर्जस्ती लादिनु हुन्न । किनभने राजनीति वा अर्थतन्त्र भन्दा सांस्कृतिक क्षेत्रले 'जननीति'को विशेष माग गर्दछ । त्यसैले सचेत तप्काले सर्वप्रथम जनताको चेतनास्तर माथि उठाउन नै भूमिका खेल्नुपर्छ ।

जो मान्छे प्रगातिशील विचार र व्यवहारयुक्त छ, उसले आम जनताको लागि यो नीति अपनाउँछ । जहाँसम्म ऊ आफ्नै सवाल छ, उसको लागि वैज्ञानिकता प्रमुख कुरा हो । वैज्ञानिकतालाई जातीय वा राष्ट्रिय मौलिकतासँग जोड्ने काम उसले गर्छ । जो यसरी जोडिन्न, त्यसलाई ऊ त्याग नै गर्छ ।

कुमारी प्रथा आम जनतासँग जोडिएको प्रथा भएकोले यसलाई पनि 'जननीति'कै आधारमा हाल सुधार गर्नु जरूरी छ । गहन खोज-अनुसन्धान र ब्यापक जन-अन्तर्क्रियापछि यो र यस्ता प्रथाहरूलाई त्याग्नु नै उपयुक्त देखिएमा हाम्रो समाजले भोलि तिनलाई अवश्य नै त्याग्नेछ । यो कुरा कुमारी प्रथाका सन्दर्भमा मात्र हैन, दशैं, तिहारजस्ता अन्य प्रथाका सन्दर्भमा पनि लागु हुन्छ र लागु हुन्छ- सबै क्षेत्रका र सबै जातजातिका प्रथा र परंपराहरूका सन्दर्भमा पनि ।

एमाले निकट अनेमसंघले कुमारी प्रथाबारे उठाएको प्रश्नलाई समग्र नेवार जातिसँग जोड्नु र यसलाई नेवार जातिलाई नै प्रहार गरेको देख्नु चाहिँ बिल्कुलै बेठीक कुरा हो । यसो देख्नुमा जातीय आन्दोलनभित्र घुसेका पुनरूत्थानवादीहरूको दवाब र प्रभावले पनि काम गरेको हुनसक्छ भन्ने मलाई लाग्छ । कारण आजको आधुनिक जमानामा सबै जातिका पुराना परंपराहरूलाई आलोचनात्मक रूपले हेर्नुलाई अस्वभाविक मान्न सकिन्न । अनेमसंघभित्रै 'नेवार' र 'बाहुन-क्षेत्री'को साम्प्रदायिक भावना विद्यमान छ भने चाहिँ त्यसलाई एमाले बृत्तभित्रको गंभीर र विचारणीय वैचारिक समस्याको रूपमा लिनु जरूरी छ ।

हाल आएर केही सनातन धर्मवादीहरूले पनि यसबारेमा आवाज उठाउन थालेका छन् । कुमारी प्रथामाथि प्रश्न उठाइएकोमा विरोध जनाउँदै उनीहरू हाम्रा समाजका सबै परंपरा र संस्कृतिका बारेमा आलोचना नै गर्न नहुने हदका अन्धआस्थावादी, अतिवादी सोचहरू प्रवाहित गर्न थालेका छन् । जनतामा रहेको सांस्कृतिक प्रथाप्रतिको संवेदनशीलताबाट फाइदा उठाई पुनरूत्थानवादको सेवा गर्ने नियत बोकेका यी अतिवादीहरूलाई थप अवसर नदिनका लागि अनेमसंघले कुमारी प्रथाबारेको आफ्नो मागलाई कानूनी निषेध हैन, वैज्ञानिक सुधारमा बदल्नु उपयुक्त हुन्छ भन्ने हामीलाई लाग्छ । यो नै वास्तवमा यो र यस्ता प्रथाबारे सही नीति पनि हो । ❑





# किन चूप छ, यो देश ?




**अमर गिरी**

थोरै देशको
र थोरै घरपरिवारको कुरा गरेर
साटेर परस्पर माया
छुट्टियौं हामी
र भन्यौं एक-अर्कालाई फेरि भेटौंला, शुभरात्री !
जूनले माथिबाट हम्किरह्यो पंखा
र ताराहरूले
केही बेरसम्म हल्लाइरहे हातहरू ।

रात बित्यो
सदा भैं
फेरि भयो प्रभात
तर रोइरहेको थियो आकास
चूपचाप खडा थिए वृक्षहरू
सूर्य सकी नसकी
निस्कन खोज्दैथियो
पूर्वी पहाडबाट
स्तब्ध थिए मानिसहरू ।

कर्फ्यू लागेको रातमा
कतैबाट आएको थियो
बन्दूकको आवाज
तर सोचेको थिइँन
गोलीले छेड्ने छ उसकै छाती
र एउटा मान्छे मारिनेछ
चरा मारिए भैं ।

धेरै दिन भो
तर अहिले पनि
उसको याद आउँछ
र आँखामा नाच्न थाल्छ उसको हँसिलो र निर्दोष अनुहार
उसको अनुहारसँगै
आउँछ उसकी विधुवाको अनुहार
र आउँछन् स-साना नानीका अनुहारहरू
र मसँग
सोध्छन्-
किन चूप छ यो देश ?
निर्दोषहरूको हत्यामा
किन चूप छ ? ❑




# खुल्ला सिमाना होइन, व्यवस्थित सिमाना सुरक्षित हुने

**राष्ट्रिय** सुरक्षाको दृष्टिबाट खुल्ला सिमाना भएन, व्यवस्थित अर्थात् नियन्त्रित सिमानाको आवश्यकता बोध गराउने देशभक्तिपूर्ण भावनाबाट लेखिएको एउटा नयाँ कृतिको नाम- "राष्ट्रिय सुरक्षाका सन्दर्भमा सीमा व्यवस्थापन" हो । 'नेपालको सिमाना' पुस्तक लेखेर जगदम्बाश्री पुरस्कार पाउने नक्साविद् बुद्धिनारायण श्रेष्ठ यस ग्रन्थका पनि लेखक हुनुहुन्छ । वास्तवमा 'नेपालको सिमाना' पुस्तककै पूरकको रुपमा नयाँ कृति प्रकाशित भएको छ, यसमा सिमाना र राष्ट्रिय सुरक्षाको अन्तरसम्बन्ध प्रष्ट्याइएको छ ।

आवागमनको सुविधा, सम्पर्कमा सजिलो, श्रमिक आपूर्तिजस्ता केही फाइदाहरु भए पनि खुला सिमानाले बढी बेफाइदाहरु छन् । बुद्धिनारायण श्रेष्ठले उक्त पुस्तकमा उल्लेख गर्नुभएजस्तै दशगजा सीमासमेत अतिक्रमित हुनु, अन्तरसीमा (क्रस बोर्डर) क्षेत्रमा आतंककारी गतिविधि बढ्नु, अवैध हात-हतियार ओसार-पसार हुनु, चेलीबेटी बेच-बिखन भैरहनु, शान्ति सुरक्षा खलल हुनु, लागूपदार्थ ओसारपसार गरिनु, अन्तरसीमा अपराध बढ्नु, चोरी डकैती गरी एक-अर्काको सीमापारी लुक्नु, मालसामान र मेसिनरी सामानको तस्करी हुनु, व्यक्ति अपहरण गरी पैसा लिनु, विमान अपहरण गर्नेजस्ता अपराधीले खुल्ला सीमा दुरुपयोग गर्नु, बसाइँ सराइ बढ्नु, भुटानी शरणार्थीको घुसपैठ हुनु, वनको विनास भै काठको तस्करी हुनु, बुथ कब्जा गर्ने अपराधी आयात गर्नेजस्ता कामबाट राजनीतिक विकृति हुनु लगायत जाली शैक्षिक प्रमाण-पत्रको वितरण र राजश्व चुहावटजस्ता धेरै कारणहरुबाट खुला सिमानाको बदला नियन्त्रित र व्यवस्थित सिमानाको पक्षमा तर्कहरु प्रस्तुत गर्नु भएको छ ।

सिमाना क्षेत्रको एकीकृत विकास नीति तय गरी सीमा सडक, सीमा संचार, सीमा वस्ती विकासको सुझाव पनि सविस्तार प्रस्तुत गर्नु भएको भए किताव अरु बढी रोचक र उपायोगी हुने थियो ।

राष्ट्रिय सुरक्षाका लागि वैकल्पिक सीमा व्यवस्था शीर्षक अध्यायमा बुद्धिनारायण श्रेष्ठले नियन्त्रित सीमा पद्धतिमा (१) राहदानी/परिचय-पत्र प्रथा लागू गर्ने (२) सीमारेखामा काँडेतार ठड्याउने (३) सीमा सुरक्षा बल तैनाथ गर्ने (४) दशगजा क्षेत्रमा सडक निर्माण गर्ने आदि सुझावहरु पनि प्रस्तुत गर्नु भएको छ । उहाँले खुला सीमा हुनुभन्दा बन्द सीमा गर्ने पनि होइन, केवल सीमा नियन्त्रित र व्यवस्थित गर्ने हो भनी प्रष्ट पार्नुभएको छ । बुद्धिनारायण श्रेष्ठकै शब्दमा "नेपाल र भारतबीच सयौं वर्ष अघिदेखि चल्दै आएको खुला सिमाना व्यवस्थालाई दुवै देशको हालको वातावरण, परिस्थिति र राष्ट्रिय सुरक्षाका दृष्टिकोणले फेरबदल गर्नुपर्ने अवस्था देखाएको छ । एकातिर खुला सिमानाको दुरुपयोग भइरहेको छ भने अर्कोतर्फ देशमा शान्ति, सुरक्षा अमनचैनलाई सुदृढ पार्न मौजूदा खुला सीमाप्रणालीले काम गर्न छोडेको छ । खुला सिमानाकै कारणले एक देशमा विध्वंसात्मक आतंक मच्चाउनेहरु, सीमा पार गरेर अर्को देशमा पसेर लुकिछिपी बस्छन् ।

नेपालको राष्ट्रिय सुरक्षाका सन्दर्भमा नेपालले भारत तथा चीनसँगको सीमा व्यवस्थापनमा सन्तुलन ल्याउनुपर्छ भन्ने बुद्धिनारायाण श्रेष्ठको अभिमत उक्त पुस्तकमा प्रष्ट रुपमा प्रस्तुत गरिएको छ । उहाँकै शब्दमा "हामी विकास निर्माणका लागि बाधक होइन, केही कठिनाइमात्र हो भन्ने जानी नेपालले चीनसँग जोडिएको आफ्ना उत्तरी नाकाहरु क्रमशः खोल्दै जानुपर्छ र चालु नाकाहरुलाई सुदृढ गर्दै भारतसँग जोडिएका दक्षिणी नाकाहरुसँग सन्तुलन ल्याउनुपर्छ । यसले गर्दा नेपालको उत्तरी क्षेत्रको पनि आर्थिक तथा सामाजिक विकास हुँदै जान्छ । नेपाल र भारतका बीच आपसी समझदारीमा विधिवत् चालु वाणिज्य नाकाहरुको संख्या २२ रहेको छ, तापनि अन्य केही नाकाहरु पनि अनौपचारिक रुपमा प्रयोगमा आएका छन् । यिनै संख्याको अनुपातमा चीनतर्फको नाका पनि क्रमशः खोल्दै लगी नेपालको सुरक्षा तथा आर्थिक एवं सामाजिक विकासमा सन्तुलन ल्याउनुपर्छ ।" वास्तवमा असंलग्न देश नेपालको एकातर्फ खुला, अर्कोतर्फ बन्द सीमा हुनु हुँदैन । दुवैतर्फ व्यवस्थित र नियन्त्रित सीमा हुनुपर्छ । दुवैतर्फ नाकाहरु खोलेर व्यवस्थित रुपमा कारोवार र आवतजावत जारी राख्नुपर्छ ।


भारतले इण्डियन एयरलाइन्सको हवाईजहाज अपहरणकाण्डपछि हवाइयात्रामा राहदानी/परिचय-पत्र चाहिने व्यवस्था गरिसकेको छ । 'स्टप लिष्ट' आदानप्रदान यात्रुहरुको सूची अग्रिम रुपमा जानकारी दिने, एयरपोर्टमा दोहोरो यात्रु र सामान चेकिङ्ग प्रथाजस्ता नयाँ थप व्यवस्थाहरु गरिएको छ । कथित आइ.एस.आई. गतिविधि नेपालभूमि भएर भारतमा बढ्यो र अन्तरसीमा आतंकमा बृद्धि भयो भनेर हिजोसम्म नेपाल-भारत सिमानामा प्रान्तीय प्रहरी राख्ने गरेकोमा आज विशेष सुरक्षा बल एसएसबीलाई पाकिस्तान र चीनसितको सिमानासरह तैनाथ गरिसकेको छ । आफूले नचाहेका व्यक्ति त्यता नेपालबाट छिर्न नसक्ने सुरक्षाजुक्ति भारतले अपनाएको छ । तर पनि राहदानी प्रथा लागू गरौं भन्दा भारत किन मान्दैन ? स्पष्ट छ, भारत उर्दी लगाएको व्यक्तिले सिमानामा पहरा दिन्छ, तर उर्दी नलगाएका भारतीयहरुलाई विनारोकतोक नेपालमा सधैं हुलेर नेपालभित्र नेपालीलाई कालान्तरमा अल्पसंख्यामा पारेर भविष्यमा सिक्किमीकरण गर्न चाहन्छ । तसर्थ मौन जनसंख्या अतिक्रमण रोक्न खुला सीमा होइन, नियन्त्रित सीमा व्यवस्था गरी राहदानी प्रथा/भिसा प्रथा लागु गर्नैपर्छ । यसतर्फ ध्यान दिन बुद्धिनारायण श्रेष्ठले राष्ट्रलाई बौद्धिक खुराक दिनु भएको छ ।

नक्सा अतिक्रमण (कार्टोग्राफिक एग्रेसन)लाई सही नक्सा कोरेर जवाफ दिने बुद्धिनारायण श्रेष्ठको उक्त पुस्तकमा खुला सीमा औचित्य नरहेको बारे रचनाहरु, उहाँकै प्रकाशित सम्बन्धित विषयका अन्य रचनाहरु, खुला सीमाका बारे विभिन्न व्यक्तित्वहरुले बेला मौकामा बोलेका भनाइहरु, कालापानीको तथ्यांक, सीमानासम्बन्धी विभिन्न शब्दावलीको परिभाषा, केही दुर्लभ नक्साहरु र परिशिष्टमा समावेश महत्वपूर्ण दस्तावेजहरु हेर्दा यस ग्रन्थ संग्रहणीय, पठनीय र राष्ट्रिय दृष्टिले निक्कै उपयोगी देखिन्छ । ☐


*- हिरण्यलाल श्रेष्ठ*

कृति : **राष्ट्रिय सुरक्षाका सन्दर्भमा सीमा व्यवस्थापन**
लेखक : बुद्धिनारायण श्रेष्ठ
प्रकाशक : भूमिचित्र कम्पनि प्रा.लि.
पृष्ठ : १४८+१२, मूल्य : रु. १६०/-


## उल्लेख्य ▼




खुसीको यो आँशु
विधा : गीत संङ्ग्रह
लेखक : विष्णुबहादुर सिंह
प्रकाशक : कौशिकी साहित्य प्रतिष्ठान, काठमाण्डौं
पृष्ठ : १०२+१०
मूल्य : रु. १००/-





दिल बैराग
विधा : कथा संङ्ग्रह
लेखक : शान्ता श्रेष्ठ
प्रकाशक : आँखा स्वयंसेवी प्रकाशन संघ
पृष्ठ : १५०+८
मूल्य : रु. ५०/-




विश्व प्रसिद्ध बाल लोककथाहरु
विधा : बाल साहित्य
लेखक : तेजप्रकाश श्रेष्ठ
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन (प्रा.) लि, काठमाण्डौं
पृष्ठ : ३२
मूल्य : रु. १५/-

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

## विजया दशमी २०५८ को

सुखद् उपलक्ष्यमा
समस्त ग्राहकवर्ग तथा
शुभेच्छुकहरूमा
उत्तरोत्तर प्रगति, सुख, शान्ति,
एवं समृद्धिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## NABIL BANK LTD.

Nabil House, P.O. Box: 3729, Kamaladi, Kathmandu, Nepal.
Cable: NABIL, KATHMANDU
Tel.: 429546-47, Fax: 429548, Tlx: 2385 NABIL NP, 2430 NABILD NP
E-mail: nabil@nabilbank.com.np, Web Page: http://www.nabilbankltd.com

*YOUR BANK AT YOUR SERVICE*

## मकालु यातायात सेवा

फोन नं. २७७५५२

| *जाने स्थान* | *छुट्ने समय* |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री | बेलुका ८:१५ बजे |

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**



# किन पशुपति क्षेत्र भत्काइँदैछ ?

■ बसन्त महर्जन

भारतको कट्टरपन्थी हिन्दू धार्मिक समूह शिव सेनाका अध्यक्ष बाल ठाकरेलगायतका शक्तिहरूसँग पनि नेपालका मन्त्री र अन्य शक्तिहरू कसरी झुक्दा रहेछन् भन्ने कुराको पछिल्लो उदाहरण काठमाडौंस्थित पशुपति क्षेत्र (देउपाटन) का पुरातात्विक महत्वका घरहरू पशुपति क्षेत्र विकास कोषले सरकारको अनुमतिद्वारा एकाएक भत्काउनु हो । प्रधानमन्त्री शेरबहादुर देउवा स्वयम्को उपस्थितिमा कोषको कार्यालयमा आयोजित एक कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बलबहादुर के. सी. आफैंले भारतका धनाढ्य संघ-संस्थाहरूले पशुपतिको गुरुयोजना लागू गर्दा लाग्ने खर्चका लागि दुई अर्ब रूपैया निर्ब्याजी ऋण दिन्छु भनेको बताएका र नेपाल सो ऋण लिन तयार भएको बताएका थिए । तर विस्तृत गुरुयोजना अझै तयार भएको देखिँदैन वा यो सार्वजनिक नगरिएको मात्रै पनि हुनसक्छ । हाल ४७ पेजमा गुरुयोजनाको अवधारणाको रूपरेखा मात्रै सार्वजनिक गरिएको छ । प्राचीन नेपाली पशुपतिलाई भारतको तिरूपति बालाजीको मोडेलमा रूपान्तरण गर्ने कुरा कोषले यसअघि पनि विभिन्न सभा तथा पत्रकार सम्मेलनहरूमा भन्दै आइरहेबाट यहाँ जे जति विचार वा अवधारणाहरू प्रकाशमा आइरहेका छन्- ती सबै भारतबाट निर्देशित छन् भन्ने प्रष्ट छ ।

पशुपति क्षेत्रका घरहरू खाली गर्न पशुपति क्षेत्र विकास कोषले सूचना प्रकाशित गर्दा यस वर्ष झरी शुरू मात्रै भएको थियो (स्मरणीय छ, असार १५ गते प्रथम पटक सूचना प्रकाशित भएको थियो) । देशमा एकातिर झरीकै कारण हजारौंको संख्यामा जनता बेघरवार हुँदै थिए भने यता पशुपति क्षेत्रका जनता पनि देश बाहिरका शक्तिहरूको आश्वासन र आदेशको पछाडि लाग्ने मन्त्री तथा पशुपति क्षेत्र विकास कोषजस्ता संयन्त्रहरूबाट बेघरवार हुन पुगेका थिए । आफूहरूलाई बेघरवार बनाउने नै हो भने पनि झरी सकिन देऊ भन्ने जनताको मागलाई कोषले पूर्ण रूपमा अस्वीकार गरिदियो । हत्तरपत्तर सम्पूर्ण घर भत्काउनतिर नै ध्यान केन्द्रित रह्यो । सो क्षेत्रका जनता हाल थोरै मुआब्जा लिएर धेरै डेरा भाडा तिरेर अन्यत्र ओत लाग्न बाध्य छन् । घरमा पसल भाडामा दिएर वा त्यहीं सानोतिनो व्यापार गरेर बस्ने ती रैथानेहरू हाल पूर्ण रूपमा बेरोजगार भएका छन् र मुआब्जामा पाएको पैसा पेट पाल्न र डेरा भाडा तिर्नमा नै खर्च भइरहेको हेर्दा वर्ष दिनभित्रै वा त्यसको केही समयपछि उनीहरूले सुकुम्वासी हुनु पर्नेछ ।

भत्काइएका घरहरूमा पुरातात्विक महत्वका घरहरू पनि थिए र सरकारले तिनीहरूको प्राचीन स्मारक संरक्षण ऐन २०१३ अनुसार पनि संरक्षण गर्नुपर्थ्यो । सो क्षेत्रका तत्कालीन वडाध्यक्ष नरोत्तम वैद्यले 'मत्ता हात्ती'को संज्ञा दिएको सो कोषले पुरातत्व विभागमाथि घर भत्काउन यसरी दवाब दिन्थ्यो कि विभागका उच्च पदाधिकारीहरूका शब्दमा, कोषले भत्काउन चाहेका घरहरूको सूची विभागमा पठाउँथ्यो र पुरातत्व विभागले आँखा चिम्लेरै त्यसलाई स्वीकृति दिनुपर्थ्यो । विभाग यतिबेला निरीह बनेको कारण मन्त्री बलबहादुर के.सी.को दवाव हो, जो कोषका उपाध्यक्ष हुन्, साथसाथै उनैको मातहतमा विभाग संचालित छ । साउनको दोश्रो हप्तामा विभागका पदाधिकारीहरू र केही पुरातत्वविद्हरूलाई पशुपति क्षेत्रमा भ्रमण गराउँदा प्रसिद्ध वास्तुविद् प्रो. सुदर्शनराज तिवारीले पशुपति क्षेत्रको ऐतिहासिक, साँस्कृतिक महत्वलाई पूर्ण रूपमा बेवास्ता गर्दै जथाभावी तवरले घरहरू भत्काइरहेकोमा विरोध गर्दा मन्त्रीले रूखो स्वरमा विरोध नगर्न भने र प्रो. तिवारीले पनि ठाडो बोलीमा भनेका थिए- 'तपाईकै मात्र कुराहरू सुन्न हामी तपाईको कर्मचारी होइनौं र हाम्रो कुरा नसुन्ने हो भने हामीलाई यहाँ किन ल्याएको त ?'

विश्व सम्पदा सूचीमा काठमाण्डौ उपत्यकामा हनुमानढोका दरवार क्षेत्र, पाटन दरवार क्षेत्र, भक्तपुर दरवार क्षेत्र, स्वयम्भू, बौद्ध, चाँगुनारायण र पशुपति क्षेत्र गरी सातवटा सम्पदा स्थललाई समेटिएको छ । र पशुपतिमा यसरी आफूखुशी घरहरू भत्काउने हो भने यो संपदा सूचीसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड विपरीत जाने क्रम हुन्छ भनी बारम्बार संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को)ले कोषलाई भन्दै आइरहेको छ । केही समयअघि मात्रै कोषका सदस्य सचिव बसन्तकुमार चौधरीलाई वर्ल्ड हेरिटेज सेन्टरले एक पत्र लेखी घरहरू नभत्काउन अनुरोध गर्दै आवश्यक प्राविधिक सल्लाहका लागि विशेषज्ञहरू उपलब्ध गराइदिने बचन दिएको थियो, तर कोषले त्यो पत्रलाई पूर्ण रूपमा नै बेवास्ता गरिदियो । पशुपति क्षेत्रमा युनेस्कोको अनुरोध र मापदण्ड पालना नगरेको यो एउटै कारणले पनि पूरै काठमाडौं उपत्यकालाई सन् २००४ सम्ममा विश्व सम्पदा सूचीबाट हटाइने संभावना रहेको युनेस्को सूत्रहरू नै बताउँछन् । यदि साँच्चै यस्तै भयो यो राष्ट्रको ठूलो बेइज्जतीको विषय हुनेछ र सरकारको चरम नालायकीपनको ज्वलन्त उदाहरण हुनेछ । तर पनि कोषले त्यसको पर्वाह गरेको देखिँदैन ।

नेपालले मोडेलको रूपमा बनाउन लागेको भारतको तिरूपति बालाजी मन्दिरमा देवताको मूर्ति छ, तर परम्परागत जात्रापर्वहरू मनाउने पक्ष नभएकोले त्यो खालि मन्दिरै मात्र हो । तर नेपालमा भएको जीवन्त संस्कृतिलाई मासेर पनि तिरूपति बालाजीजस्तै बनाउने भन्नुको एक मात्र र स्पष्ट कारण हो- नेपालका अन्य कुराहरूलाई जस्तै यसलाई पनि भारतीयकरण गर्ने । आफूहरूले भनेजस्तो गर्ने भए दुई अर्ब रूपैयाँ निर्ब्याजी ऋण दिन्छु भन्ने संस्थाहरूसँग अब आएर नेपालले औपचारिक कुरा बढाइसकेको छ र यसमध्ये शिव सेनाका अध्यक्ष बाल ठाकरे पनि रहेको सूत्रहरू बताउँछन् ।

कोषले हाललाई प्रकाशमा ल्याएको कार्ययोजनामा मन्दिरहरूको मर्मत संभारलगायतका कुराहरू कुनै पनि पर्दैनन्, बरू भारतबाट आउने धनाढ्य भक्तजनहरूको आरामलाई ध्यानमा राखेर हाल घरहरू भत्काइएको ठाउँमा कार पार्किङ, सपिङ सेन्टरजस्ता कुराहरूको व्यवस्था गर्न लागिएको छ । त्यहाँ बनाइने भनिएको सपिङ सेन्टर साधारण नेपालीको पहुँचबाहिर हुने हुँदा त्यो पनि भारतीय व्यापारीहरूलाई पोस्ने मात्रै हुन्छ । हालका सदस्य सचिव बसन्तकुमार चौधरी स्वयं पनि भारतीय मूलका व्यापारी भएबाट यहाँ जेजति भइरहेका छन्, त्यही वर्गको इच्छानुसार भइरहेको छ र त्यसका लागि नेपालका उच्च पदाधिकारीहरूलाई प्रलोभनमा पारिएको छ ।

पशुपति क्षेत्र विकास कोषको संरक्षकमा श्री ५ ज्ञानेन्द्र र अध्यक्षमा वडामहारानी हुने भएकोले पनि कोष शक्तिशाली देखिएको हो । यसमा श्री ५ हरूकै इच्छा पनि हुनसक्ने आशंकाले कतिपय व्यक्तिहरू यसमा बोल्न हच्किने गरेको पनि पाइन्छ । यस सम्बन्धमा पीडित जनताले दरवारमा राखेका विन्तिपत्रहरूको कुनै अर्थ नै लागेको छैन । स्थानीय जनसमूह, योगी नरहरिनाथ र स्थानीय एक अधिवक्ता आफैंले पनि कोषका विरूद्ध धर्मसंस्कृतिको रक्षा गरीपाऊँ भनी छुट्टाछुट्टै तीनवटा मुद्दा हाल्दा सर्वोच्च अदालतले विनाप्रसंग संकटकालमा सम्पत्तिसम्बन्धी अधिकार पनि निलम्बित भएकोले सम्पत्ति जोगाउन अन्तरिम आदेश दिनु पर्दैन भन्ने फैसला सुनाएपछि मान्छेहरूमा अनौठो मनोवैज्ञानिक असर परेको देखिन्छ । ❑

## मध्यस्तताको भूमिका

ठूलो संघर्षबाट १०० औं अंक निकाल्न सफल हुनु र यहाँसम्म आइपुग्नु कम चुनौतिपूर्ण कुरा होइन । मूल्यांकन विशेषगरी, विश्व समाजवादलाई अंगाल्दै साम्राज्यवाद-लाई प्रहार गर्दै अगाडि बढिरहेको छ । यसले साम्राज्यवादीहरू बीचका कतिपय सुधारवादी पक्ष र समाजवादभित्रका विचलनका कुरालाई पनि विचार-विमर्श गर्ने गरी सामग्री दिएमा अझ राम्रो हुन्थ्यो ।

यसले नेपालमा चलेको माओवादी जनयुद्ध र सरकारले लादेको गृहयुद्धलाई वार्ताद्वारा सुल्झाउने सल्लाह दिँदै मध्यस्तकर्ताको भूमिका पनि निर्वाह गरिरहेको छ । मध्यस्तकर्ताको यो भूमिकाप्रति नेपाली जनता मूल्यांकनप्रति आभारी अनुभव गर्छ ।

पत्रकार कृष्ण सेन इच्छुकको कविताले मानिसलाई ब्यूँझाउने काम गरेको छ ।

**- विकास डि.सी.**

*दाङ, सौडियार-४, बचाहा ।*

## कृत्रिम भाइसरले संसार खत्तम पार्छ कि ?

मूल्यांकन अंक १०० मा तुलसीदास महर्जनको 'कृत्रिम भाइरसको जन्म' पढेपछि मन आतंकित भएको छ । साँच्चि नै उहाँले लेख्नुभएझैं कृत्रिम रूपले आविष्कार गरिएका ती पोलियो भाइरसहरूलाई जैविक हतियारको रूपमा प्रयोग गरियो भने एक दिन विश्व भयावह बन्ने छ । मान्छेले कति संघर्ष गरेर संसारबाटै उन्मूलन गरेका रोगका किटाणुहरूलाई आफैं उत्पादन गरेर ऊ आफ्नै विनाश निम्त्याउँदैछ । यो मान्छेले गरेको विज्ञान र प्रविधिको गम्भीर दुरूपयोग हो ।

**- परशु प्रतीक**

'एक्शन टाइम्स' साप्ताहिक

*धरान- १२, चतरालइन ।*

## बहराइनबाट बधाइ !

दृढ, निष्पक्ष, खोजमूलक र जनपक्षीय 'मूल्यांकन'ले पाठकवर्गमा आफ्नो सयौं अंक पस्किन सकेकोमा हामी विदेशमा कार्यरत पाठकहरू पनि अत्यन्त खुशी छौं । बधाइ !

**-वीरेन्द्र चाम्लिङ र भूमिजंग राना**

*पो.ब.नं. - ३०३९३,*
*दुराज बुधैया, बहराइन ।*

## के महिलाहरूको खडेरी लागेकै हो ?

मूल्यांकनजस्तो बौद्धिक जगतमा चर्चित बौद्धिक मासिकले विज्ञापनको भर नपरी ठूलो चुनौतिलाई नै चुनौति दिएर पाठककै सहयोगमा सय अंक पूरा गरेकोमा खुसी भएँ तर दुःखी पनि भएँ- मूल्यांकनको मूल्यांकन गर्ने विद्वानवर्गमा एउटा पनि महिला नपरेकोमा ।

के हाम्रो देशमा विद्वान महिलाहरूको खडेरी परेकै हो ? कि मूल्यांकन परिवारले नै मूल्यांकनको मूल्यांकन गर्नसक्ने महिला नभेटेको वा नदेखेको हो ? यो भेदभाव भएन र ? के यसले महिला पाठकहरूलाई ठूलो चोट पर्दैन ?

**- स्वतन्त्र ठूल्दाइ**

*मोरङ, अमरदह ।*

## मैले त विज्ञापनै गरे

'मूल्यांकन' को १०० औं अंकमा चारजना विद्वानहरूको अन्तर्क्रिया पढ्दा मेरो मुखबाट 'बाफ् रे' भन्ने शब्द निस्कियो । विद्वानहरूको यति गहन चिन्तन मैले पहिले पढेकै थिइँन भने पनि हुन्छ । देशलाई कसरी संकटमुक्त गर्ने भन्नेबारे यति गहिरो चिन्तन गर्ने बुद्धिजीवी पनि नेपालमा छन् भन्ने पाउँदा खुशी लाग्यो । मैले त तपाईहरूको यो अंकको विज्ञापन नै गरें भने पनि हुन्छ । भेटेजत्तिलाई पढ्नुपर्ने कुरा छ, पढ्नुस् है भनेर प्रचारै गरें ।

अनि अर्को कुरो के भने ठूला ठूला नेताहरू पनि मूल्यांकनका नियमित पाठक रहेछन्, त्यो कुरा उनीहरूबाट व्यक्त भएको पाइयो । झन् गौरब लाग्यो ।

**- सुदन पोखरेल**

*इटहरी, सुनसरी*

## विज्ञापन सधैं प्राप्त होस्

'मूल्यांकन' १०० औं अंकमा थप रंगीन पेजहरूमा विज्ञापन छापिएको पाउँदा खुशी लाग्यो । यति गम्भीर र उपयोगी पत्रिका आर्थिक रूपले सबल बन्नै पर्छ । यसको लागि विज्ञापन बढीभन्दा बढी समावेश भएकोमा हामी खुशी छौं । हामीलाई थाहा छ, विज्ञापन बढाउने नाममा 'मूल्यांकन' ले हामी पाठकलाई ठग्ने छैन । बजारमा अन्यत्रबाट पैसा ल्याएर र बेस्कन रंगीचंगी सामग्री छापेर ठूला लगानीमा चलेका पत्रिकाहरू धेरै छन् । तिनीहरूसँग प्रतिस्पर्धा गर्न 'मूल्यांकन'लाई जति नै गाह्रो परे पनि, हामी आपसमा कुराकानी गर्ने गर्छौं- 'मूल्यांकन'को जत्ति जनपक्षीयता र वास्तविकतामुखी चरित्र स्वीकार्न अरूलाई गाह्रै पर्ला !

**-अष्टनारायण प्रधान र साथीहरू**

*मिल्स एरिया, विराटनगर ।*

## दोस्रो र अन्तिम प्यारागाफ

वैचारिक एवं बौद्धिक जगतको एक 'उत्कृष्ट'मासिक 'मूल्यांकन'का तर्कसँगत, यथार्थपरक तथा वस्तुपरक विषयवस्तु पढ्न पाउँदा छुट्टै आनन्दको अनुभूति हुन्छ । मूल्यांकन पूर्णाङ्क- ९९ अरू अंकको तुलनामा बजेटको चिरफार, कांग्रेस फुटको सूक्ष्म मूल्यांकन, S.L.C. सम्बन्धी विषयवस्तुले गर्दा निक्कै महत्वपूर्ण अंकको रूपमा पाएको छु । श्याम श्रेष्ठको आवरण लेखमा पृष्ठ ८ तथा अन्तिमबाट दोस्रो एवं अन्तिम प्यारागाफलाई नेपालका सबै राजनीतिक दलहरूले साँच्चै मनन गर्ने हो भने हालको संकट शायद किनारा लाग्ने थियो होला ।

पूर्ण बस्नेतको 'असुरक्षाको घेराबन्दीमा पत्रकार' भन्ने लेखमा भनिएझैं राज्यको चौथो अंगको रूपमा सम्मानित पत्रकारिता क्षेत्र भखरैमात्र केही विकासतर्फ लम्किरहेको सन्दर्भमा माओवादी एवं सरकारी पक्षको निशाना बन्नुले दुवैतर्फ निरंकुश एवं जे गरे पनि हुने प्रवृत्तिले स्थान पाएको अनुभव हुन्छ । तर पनि कलमको नीब अझै सशक्त र सत्यनिष्ठ हुनुपर्यो, भाँचन खोज्नेहरू आफैं भाँचिएर जानेछन् ।

**- शिव सुवेदी**

*सुर्कवा-७, बाग्लुङ,*
*हाल: गैंडाकोट, नवलपरासी ।*

## विज्ञापन कस्तो ?

मूल्यांकनले अर्धनग्न युवायुवतीको विज्ञापन र राजाको फोटोको विज्ञापन दिन बन्द गरोस् । यसको सट्टामा विश्वका महान् नेताहरूको जन्म जयन्तीको अवसरमा रंगीन तस्वीर छापोस् ।

**- श्रद्धा सुब्बा**

*चुलाचुली- १, कमल,*
*जिल्ला : इलाम ।*

## मेलेशियाबाट 'इच्छुक'लाई अभिवादन

आफ्नो मातृभूमिदेखि हजारौं कोष टाढा मेलेशियाको विदेशी भूमिमा भएर पनि मूल्यांकनको पूर्णाङ्क ९९ पढ्ने अवसर मिल्यो । यस अंकको आवरण पृष्ठमा गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाको विमुखीय तर जोडिएको टाउकोलाई नराम्ररी चिरेर 'पोष्टमार्टम कांग्रेसको फूटको' हेड टपिक्सले साच्चै नै आकर्षित गर्दथ्यो । विशेषतः देशकै सबैभन्दा ठूलो पार्टी आखिर किन फुट्यो त ? भनेर अन्यौलमा परेका सर्वसाधारणलाई राजेन्द्र दाहालले गर्नुभएको पोष्ट मार्टमले छर्लङ्ग भएको छ भने दिपेश उपाध्यायले 'कांग्रेस फुट्यो : आखिर किन ?' मार्फत् थप प्रष्ट्याउनु भएको छ । 'क्याष्ट्रोको क्यूबा अमेरिकाभन्दा स्वाभिमानी छ' भन्ने म्यारोडोनाको विचार पढ्न पाउँदा जति खुशी लाग्यो, त्यसको दोब्बर कृष्ण सेन 'इच्छुक'को हत्यासहित 'असुरक्षाको घेराबन्दीमा पत्रकार' भन्ने लेखले मेरो मन रोयो ।

अन्त्यमा 'म एउटा संस्कृतिकर्मी र पत्रकार हुँ, कलम बोक्ने सिपाही हुँ । मेरा बाँकी दिनहरू रचनात्मक कार्यमै बिताउनेछु' भन्ने उच्च मनसायले कलम बोकेर मैदानमा उत्रेका स्व. कृष्ण सेन 'इच्छुक'लाई लाल-अभिवादनसहित मूल्यांकनको आगामी अंकमा पनि यस्तै सत्य-तथ्यको अपेक्षा राख्दछु ।

**- जीवन 'गाउँले'**

*बोधे- ९, धनकुटा,*
*हाल: मलेशिया ।*

## पत्रकारिताको स्वतन्त्रता

'बन्दूक बोकेर लड्न हिंडेको मान्छे भिडन्तमा मारिनु बेग्लै कुरा हो, कलम बोकेका पत्रकारलाई समाप्त पारेर माओवादीविरूद्धको कारवाही सफल हुँदैन, न त संवाददातालाई अपहरण गरेर माओवादीको आन्दोलन अगाडि बढ्छ । माओवादी र खास गरी सरकारबाट यो सिलसिला जारिरह्यो भने नेपाली पत्रकारिकताले स्वतन्त्रताको आत्मगौरव गर्ने समय चाँडै समाप्त हुनेछ ।"

मूल्यांकन अंक ९९ मा उल्लेखित पत्रकार कृष्ण सेन इच्छुकको हत्या विषयक लेखमा पूर्ण बस्नेतद्वारा व्यक्त गरएको उपर्युक्त विचारले हाल नेपाली पत्रकिरकातामाथि सरकारद्वारा भएको ज्यादती एवं बौलट्टीपूर्ण व्यवहारप्रति गम्भीर प्रश्न उठाएको छ ।

**- इन्द्रकुमार श्रेष्ठ,**

*कमलाकुञ्ज, दियाले-३, ओखलढुंगा,*
*हाल : सिफल, काठमाण्डौ ।*


TUBORG
BEER
FEEL THE THRILL
Wherever you are
professional/GBL-2000

MULYANKAN
A magazine for Thought-Interaction
ल.प.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५०/५१

हिमाल स्टील

NS - Quality Award - 2001
द्वारा सम्मानित




विगत ४० वर्ष देखिको तपाईंको विश्वासको प्रतिफल स्वरूप
हिमाल स्टीलको उत्पादन, वितरण र बजार व्यवस्थापनमा
हामीले कायम गर्दै आएको उच्च गुणस्तरको लागि
ISO 9002 प्रमाण पत्र प्राप्त गरेपछि अब हाम्रो मार्क अंकित
Deformed Steel Bars for concrete Reinforcement (8 mm to 32 mm)
फलामे डण्डीको गुणस्तरीय उत्पादनका लागि

NS - Quality Award - 2001
प्राप्त गर्न सफल भएका छौं ।

हिमाल आयरन एण्ड स्टील (प्रा) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४